# पहिलो परिच्छेद

# शोधपत्रको परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **विष्णु प्रभातका सांस्कृतिक निबन्धहरूको अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनार्थ तयार पारिएको छ ।

## १.३ विषय परिचय

समालोचना र हास्यव्यङ्ग्य साहित्यमा कलम चलाई सकेका विष्णु प्रभात सांस्कृतिक क्षेत्रमा पनि उत्तिकै क्रियाशील रूपमा देखा परेका छन् । हाम्रा संस्कृतिहरूमा देखिएका विविध कमी कमजोरीहरूलाई आवश्यकताअनुसार परिष्कार र परिमार्जन गर्दै लगिनु पर्दछ । रूढि र अन्धपरम्पराले जरो गाडेको हाम्रो संस्कृतिलाई विभिन्न व्यक्ति, समूह, राजनीतिदलहरूले कमाइखाने भाँडोको रूपमा प्रयोग गर्दै आएर लङ्गडो बनाइरहेका छन् । ती र त्यस्ता व्यक्तिका बीचमा सङ्घर्ष गर्दै हामीले हाम्रो संस्कृतिलाई अगाडि बढाउँदै लानुपर्दछ भन्ने उद्देश्यका साथ देखापरेका विष्णु प्रभातका हालसम्म प्रकाशित सांस्कृतिक कृतिहरू **संस्कृतिमा विकल्पवाद** भाग-१ (२०५२) र **समाज संस्कृति र नैतिकता** (२०६७) हुन् ।

विष्णु प्रभातका यी दुबै कृतिहरू संस्कृतिसम्बन्धी भएकाले यिनीहरूको अध्ययन, विश्लेषण गर्नु नै यस शोध पत्रको विषय परिचय रहेको छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यका साधक विष्णु प्रभात नेपाली साहित्य साधना र सृजनाका क्षेत्रमा आफ्नो छुट्टै स्थान बनाउन सक्षम व्यक्ति हुन् । विष्णु प्रभातले आफ्नो झण्डै तीनदसक लामो साहित्यिक यात्राका क्रममा समालोचना, निबन्ध, कविता आदि विधामा कलम चलाएका छन् । हालसम्म पनि प्रभातको सांस्कृतिक सिर्जनाहरूको अध्ययन भएको पाइदैन । त्यसैले साहित्य सिर्जनाका अन्य पाटाहरूलाई नहेरी संस्कृति सम्बन्धी पाटोलाई मात्र अध्ययनको विषय बनाइएको छ र निम्नलिखित शोधसमस्याको विवेचनामा केन्द्रित भइएको छ :

१. विष्णु प्रभातको जीवनी र व्यक्तित्व के कस्तो छ ?
२. विष्णु प्रभातका सांस्कृतिक निबन्धहरूको वर्गीकरण के कसरी गर्न सकिन्छ ?
३. विष्णु प्रभातका सांस्कृतिक निबन्धहरूको अध्ययन र विश्लेषण के कसरी गर्न सकिन्छ ?

## १.५ उद्देश्य

प्रस्तुत शोधपत्रको प्रमुख उद्देश्य सांस्कृतिक निबन्धका विष्णुप्रभातका संस्कृति सम्बन्धी कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु रहेको छ । यस शोधकार्यका मूलभूत उद्देश्यहरूलाई बुँदागत रूपमा यसरी देखाइएको छ :

१. विष्णु प्रभातको जीवनी र व्यक्तित्व प्रस्तुत गर्ने,
२. विष्णु प्रभातका सांस्कृतिक निबन्धको वर्गीकरण गर्ने,
३. विष्णु प्रभातका सांस्कृतिक निबन्धहरूको अध्ययन र विश्लेषण के-कसरी गर्न सकिन्छ स्पष्ट पार्ने,

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा समसामयिक साहित्यकारहरूको अध्ययन गर्ने परम्परा ज्यादै कम रहेको पाइन्छ । आजसम्म विष्णु प्रभातका सांस्कृतिक निबन्धहरूका बारेमा गहन, ठोस व्यवस्थित अध्ययन गरिएका छैनन् । यिनका सांस्कृतिक निबन्धका विस्तृत अध्ययन नगरिएका भए पनि निबन्धकार विष्णु प्रभात भनेर मात्र कतै-कतै पुस्तक, पत्रपत्रिका आदिमा छिटफुट रूपमा अध्ययन भएका छन् । ती छिटपुट रूपमा गरिएका चर्चा, विश्लेषण, पत्रिकामा प्रकाशित समीक्षाहरूलाई कालक्रमिक रूपमा यहाँ प्रस्तुत गरिएको छ :

राजेन्द्र सुवेदीले **स्रष्टा-सृष्टिः द्रष्टा-दृष्टि** (२०४३) पुस्तकमा अन्य निबन्धकारहरूको परिचय दिनेक्रममा विष्णु प्रभातको सामान्य जानकारी दिनुका साथै प्रगतिशीलता र प्रगतिवादीताको पहिचान अलग अलग रहन्छ भन्ने उनको सोचाई उनका रचनाहरूबाट व्यक्तिएका छन् भनेर चर्चा गरेका छन् ।

रामहरि पौडेलले *युगचेतनाका व्याख्याता-प्रभात* (**छलफल,** १/५०/२०४८) शीर्षकको लेखमा प्रभातको सामान्य परिचय प्रस्तुत गर्नुका साथै **चिन्तन र सौन्दर्य** अनि **मार्क्सवादी सिद्धान्त र व्यवहार** पुस्तकको समीक्षा गरेका छन् । यो समीक्षा पनि यिनको सांस्कृतिक पक्षको नभई सैद्धान्तिक पक्ष र सौन्दर्य शास्त्रीय पक्षको मात्र गरिएको छ ।

कृष्णप्रसाद पराजुलीको **संस्कृतिमा विकल्पवाद** (२०५२) पुस्तकको बाहिरी पृष्ठमा *पुस्तक पढेपछि* शीर्षकमा संस्कृतिका विषयमा वैज्ञानिक तथा भौतिकवादी दृष्टिले जीवन सापेक्ष रूपमा हेर्नु अत्यन्त आवश्यक पक्ष हुनुका साथै संस्कृतिमा यसरी समग्र केलाएर लेखिएका अन्य पुस्तक छैनन् भनेर आफ्ना मनमा उब्जिएका भावना प्रस्तुत गरिएकाले यो अध्ययन सामान्य र टिप्पणी मात्र देखिन्छ ।

गोपीकृष्ण शर्माले *पाल्पाका केही साहित्यकार र उनका प्रवृत्तिहरू* शीर्षकको लेख **पाल्पा दर्पण-४** (२०५३) मा प्रकाशित गरेर पाल्पाका केही साहित्यकारहरू र तिनका प्रवृत्तिहरूको चर्चाका क्रममा विष्णु प्रभातको **चिन्तन र सौन्दर्य** ग्रन्थभित्र संकलित १९ लघु समीक्षात्मक गद्य आलेखमध्ये बाह्रौं समीक्षात्मक लेख कला र साहित्य सौन्दर्यसँग सम्बन्धित छ भन्दै कृतिको छोटो चर्चा गरेका छन् । उनको यो

चर्चा संस्कृति क्षेत्रमा दृष्टिगत गरेर गरिएको छैन । सौन्दर्यसँग मात्र सम्बन्धित भएकाले एक पक्षीय नै देखिन्छ ।

देवीप्रसाद सुवेदीले *संस्कृतिमा विकल्पवाद* (**युगसम्वाद** साप्ताहिक २७/२०५३) शीर्षकमा **संस्कृतिमा विकल्पवाद भाग-१** कृतिको समीक्षा गर्ने क्रममा यो कृति मार्क्सवादी सांस्कृतिक अवधारणामा मार्क्स र एँगेल्सद्वारा व्याख्यायित द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादद्वारा प्रेरित एवं प्रभावित छ भन्दै संस्कृतिलाई द्वन्द्ववादी र भौतिकवादी पक्षद्वारा विश्लेषण गर्ने सन्दर्भमा प्रभातले नेपाली संस्कृतिमा दिन सकिने अनेकौं विकल्पलाई चिन्तनमूलक दृष्टिले प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् । यिनले गरेको यो अध्ययन अत्यन्त संक्षिप्त समीक्षा मात्र देखिन्छ ।

हेमनाथ पौडेलले *संस्कृतिमा विकल्पवाद* (**संस्कृति, राष्ट्रिय जन सांस्कृतिक मञ्च-२**, २०५३) लेखमा विष्णु प्रभातको **संस्कृतिमा विकल्पवाद** कृतिको समीक्षा गर्ने क्रममा विष्णु प्रभातको दर्शन, साहित्य, संस्कृति, आर्थिक क्षेत्रका अनेकौं विकल्पहरूलाई देखाएका छन् भन्दै विकल्पवादको रूपमा यो अध्ययन प्रभातको चिन्तनपरक अनि मौलिक कृति हो भनी उल्लेख गरेका छन् ।

रोचक घिमिरेले **एघारौं अवतार** (२०५८) को भूमिकामा शिष्टतापूर्वक घोचपेच गर्दै सामाजिक विकृति र विसङ्गति औंल्याएर मानव मनको आडम्बर, धुर्त्याइँ गलत प्रवृत्तिमा सुधार ल्याउन हौस्याउनु व्यङ्ग्यको विशेषता हो भन्ने प्रभात आफ्नै तिनै मान्यता अनुरूप कलम तिखारी रहेका छन् । आफ्ना रचनामा सामाजिक, सांस्कृतिक, रुढि, अन्धविश्वास आदि कुराहरूलाई सुधार गर्दै लानु पर्ने मान्यता राख्दछन् भन्ने चर्चा गरिएको छ तर त्यस्तो चर्चा भनेको हास्य र व्यङ्ग्य रचनालाई मात्र हेरिएर गरिएकाले एक पक्ष नै देखिन्छ ।

सुनिता निरौलाले **विष्णु प्रभातको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** (२०५८) अप्रकाशित शोधपत्रमा विष्णु प्रभातको जीवनी र व्यक्तित्वलाई देखाउनुका साथै हास्यव्यङ्ग्य कृतिहरूको विश्लेषण गरेकी छन् । त्यसमा विष्णु प्रभातको सांस्कृतिक निबन्धहरूको बारेमा कुनै पनि चर्चा गरिएको छैन त्यसैले उक्त शोधपत्र पनि अपूर्ण नै देखिन्छ ।

राजेन्द्र सुवेदीले **यथार्थवादी नेपाली समालोचना** (२०६२) *हास्यव्यङ्ग्य निबन्ध क्षेत्रमा विष्णु प्रभातको योगदान* शीर्षकको लेखमा समाजशास्त्रीय चिन्तक व्यक्तित्वका रूपमा विष्णु प्रभातले उल्लेखनीय कार्य गरेका छन् । त्यसका साथ साथै अनेकौं साहित्यिक, सांस्कृतिक, राजनीतिक, दार्शनिक ग्रन्थहरूका सम्पादन गर्ने व्यक्ति हुन् भनेर चर्चा गरेका छन् । यिनको यो चर्चा हास्यव्यङ्ग्य फाँटमा कलम चलाउने विष्णु प्रभातको योगदान प्रष्ट पार्नकै लागि तयार पारिएको हुँदा एक पक्षीय रूपमा मात्र गरिएको छ ।

नेत्र एटमले *समसामयिक निबन्ध लेखनको प्रभेदगत सर्वेक्षण* (**मिर्मिरे**, ३६/११/२०६४) शीर्षकको लेखमा जीवन यात्राको अनुभव हास्यव्यङ्ग्य र सामाजिक

चापबाट उद्भूत व्यथा पोख्ने, हुटहुटी पोख्ने, तार्किक निबन्धकारहरूको सूचीमा यिनको पनि चर्चा गरेका छन् । यो चर्चा पनि चर्चामै मात्र सीमित रहेको छ ।

योगेन्द्रमणि दाहालले **नेपाली हास्यव्यङ्ग्य निबन्ध (२०४६) पछि** अप्रकाशित शोधपत्र (२०६५) ईश्वरीय चिन्तनमा देखिने अन्धविश्वासलाई व्यङ्ग्यात्मक प्रहार गर्ने प्रभातका निबन्धहरू वैयक्तिक कमीकमजोरीको चुरो पत्ता लगाउन उत्तिकै सफल बनेका छन् । संवेद्य भाषाको प्रयोग गर्ने प्रभातका निबन्धभित्र कथात्मकता, स्वैरकल्पनात्मकता तथा संवादात्मकताका बान्कीहरू भेटिन्छन् भनेर चर्चा गरेका छन् । यो चर्चा पनि सामान्य नै रूपमा गरिएको देखिन्छ ।

सपना अर्यालले **विष्णु प्रभातका हास्यव्यङ्ग्य निबन्धहरूको अध्ययन** (२०६७) अप्रकाशित शोधपत्रमा विष्णु प्रभातको सामान्य परिचयका साथै हास्यव्यङ्ग्य निबन्ध कृतिहरूमाथि अध्ययन गरेको देखिन्छ । यो अध्ययन पनि हास्यव्यङ्ग्यलाई मात्र आधार बनाएर गरिएको अध्ययन हुँदा एकपक्षीय मात्र देखिन्छ ।

यी माथि गरिएका विभिन्न अध्ययनबाट विष्णु प्रभात एक साहित्यकारका रूपमा परिचित छन् भन्ने बुझिन्छ । यिनका बारेमा जे जति अध्ययन भएका छन् ती सतही र एक पक्षीय रूपमा मात्र अध्ययन भएका छन् । सांस्कृतिक निबन्धहरूका बारेमा कसैले पनि उल्लेख्य र व्यवस्थित अध्ययन गरेका देखिदैनन् । उपर्युक्त चर्चा गरिएका विवरणहरू टिपोटमा मात्र केन्द्रित रहेकाले यिनका सांस्कृतिक निबन्धहरूको विस्तृत अध्ययन यस शोधमा गरिएको छ ।

## १.७ अध्ययनको औचित्य र महŏव

प्रस्तुत शोधपत्रमा आधुनिक निबन्धका क्षेत्रमा सांस्कृतिक निबन्धहरू लिएर देखा परेका विष्णु प्रभातका सांस्कृतिक कृतिहरूको अध्ययन, विश्लेषण गरिएको छ । विष्णु प्रभातका सांस्कृतिक निबन्धमामात्र केन्द्रित भई अध्ययन, विश्लेषण गरिएकाले प्रस्तुत शोधपत्रको अध्ययनबाट भावी पुस्तालाई यिनका सांस्कृतिक कृतिहरूका सम्बन्धमा वस्तुगत जानकारी प्राप्त हुन्छ ।

यस प्रकार **विष्णु प्रभातका सांस्कृतिक निबन्धहरूको अध्ययन** शीर्षकको शोधपत्रले भविष्यमा यिनका बारेमा अध्ययन गर्न चाहने अध्यतालाई थप मद्दत पुऱ्याएको छ । यसरी सांस्कृतिक निबन्धका सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने क्रममा मूल्याङ्कन गर्दा पनि प्रस्तुत शोधपत्रले सहयोग पुऱ्याएको छ । यिनै विविध दृष्टिकोणले प्रस्तुत शोधपत्र औचित्यपूर्ण र महŏवपूर्ण रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

विष्णु प्रभातले समालोचना, हास्यव्यङ्ग्य, कविता, संस्कृति आदि विधामा कलम चलाएकाले यिनका अन्य पाटाहरूलाई छोडेर पुस्तकाकार कृतिका रूपमा प्रकाशित सांस्कृतिक निबन्धहरूलाई मात्र अध्ययनको केन्द्र बनाइएको छ । अन्य उनका फुटकर रूपमा विभिन्न पत्र पत्रिकामा प्रकाशित सामग्रीहरूलाई यस शोधपत्रमा स्थान दिइएको छैन ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रलाई सम्पन्न गर्नको लागि मुख्य रूपमा पुस्तकालयीय विधिलाई नै सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । यसका अतिरिक्त शोध निर्देशक, शोधनायक, प्राध्यापकहरूसंग सम्पर्क राखी तथा अन्तवार्ता, प्रश्नावली आदि विधिबाट सामग्रीहरू जम्मा गरेर त्यसको विश्लेषणद्वारा निष्कर्ष निकालिएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधपत्रमा सामग्री सङ्कलन विधिबाट प्राप्त सामग्रीहरूलाई वर्णनात्मक एवं व्याख्यात्मक ढङ्गले प्रस्तुत गरिएको छ । विष्णु प्रभातका सांस्कृतिक निबन्धहरूको अध्ययन विश्लेषण गर्ने क्रममा प्रभावपरक र निर्णयात्मक समालोचना पद्धति तथा विधागत सिद्धान्तलाई पनि आधार बनाइएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित र सुसङ्गठित रूपमा तयार पार्न निम्नलिखित परिच्छेदहरूमा वर्गीकरण गरी अध्ययन गरिएको छ । ती सबै परिच्छेदहरूलाई आवश्यकताअनुसार दशमलव प्रणालीमा अङ्क मिलाई शीर्षक, उपशीर्षक, उपउपशीर्षकमा विभाजन गरिएको छ । यस शोधपत्रको मुख्य रूपरेखा वा सङ्गठन यस प्रकार रहेको छ ।

१. पहिलो परिच्छेद - शोधपत्रको परिचय
२. दोस्रो परिच्छेद - विष्णु प्रभातको संक्षिप्त परिचय
३. तेस्रो परिच्छेद - विष्णु प्रभातका सांस्कृतिक निबन्धहरूको वर्गीकरण
४. चौथो परिच्छेद - विष्णु प्रभातका सांस्कृतिक निबन्धहरूको अध्ययन
५. पाँचौं परिच्छेद - उपसंहार

सन्दर्भग्रन्थ सूची

# दोस्रो परिच्छेद

# विष्णु प्रभातको संक्षिप्त परिचय

## २.१ विष्णु प्रभातको जीवनी

### २.१.१. जन्म, जन्मस्थान र बाल्यकाल

विष्णु प्रभातको नामले परिचित विष्णु प्रसाद अर्ज्यालको जन्म वि.सं. २००९ वैशाख १० गते बिहान मदन पोखरा-एक पाल्पामा भएको हो । पिता ऋषिराम अर्ज्याल र माता मनकुमारी अर्ज्यालका ६ सन्तानमध्ये पहिलो सन्तानका रूपमा जन्मिएका विष्णु प्रभातका चार जना भाइहरू र एक बहिनी भए पनि बहिनीको बाल्यवस्थामा नै मृत्यु भएकाले हाल विष्णु प्रभातका भाइ मात्र छन् । किसान परिवारमा जन्मिएका प्रभातको बाल्यकाल अभाव, पीडा र छटपटीमा बित्यो । खेती किसानीका काममा मेलापात जानु, गाई-गोठाला जानु उनका दैनिक काम जस्तै थिए तर पनि पढाइमा रुचि भएकाले त्यसबेला पनि किताब कापी साथमा राखी पढ्थे ।[ज]

### २.१.२. शिक्षादीक्षा

प्रारम्भिक चरणको शिक्षा घरमै स्वअध्ययनमा सीमित रहेको विष्णु प्रभातको औपचारिक शिक्षा भने वि.सं.२०१८ मा गाउँकै बालकृष्ण प्रा.वि. बाट सुरु भयो । वि.सं. २०१९ मा गाउँकै शारदा मा.वि. को कक्षा ६ मा अध्ययन गरे । वि.सं. २०२० सालमा पाल्पा तानसेनको पद्म पब्लिक बहुउद्देश्यीय मा.वि. मा कक्षा ७ मा भर्ना भए । २०२१ मा तानसेनको स्थानीय जनता मा.वि. मा कक्षा ८ मा भर्ना भई दुई वर्ष अध्ययन गरी कक्षा ८ उत्तीर्ण भए । आर्थिक अवस्थाका कारणले उनको नौ कक्षाको पढाइ केही समयका लागि रोकिने भयो । यसै क्रममा यिनले २०२४ तिर प्राथमिक शिक्षकको दुई वर्षे तालिम लिन तानसेनको नर्मल स्कुलमा भर्ना भए । जीविकोपार्जनका लागि जागिर खाँदै आफ्नो पढाइलाई पनि निरन्तरता दिँदै वि.सं. २०२८ मा प्रवेशिका परीक्षा नेपाली शिक्षा परिषदबाट उत्तीर्ण गरी विद्यालय जीवनको अन्त्य गरे । उच्च शिक्षा हासिल गर्ने शिलशिलामा विष्णु प्रभात वि.सं. २०३२ मा बुटवल बहुमुखी क्याम्पसमा भर्ना भएका र आई.एड्. अध्ययन गर्न थालेका देखिन्छन् भने उनी २०३६ सम्म सोही क्याम्पसमा भएको स्पष्ट पार्छन् । त्यसपछि त्रिचन्द्र कलेजबाट दर्शनशास्त्रमा बी.ए र सानो ठिमी क्याम्पसबाट इतिहासमा बी.एड्.(२०५०) तथा विश्वविद्यालय क्याम्पस कीर्तिपुरबाट एम्.ए. नेपाली (२०५२) पूरा गरेका छन् । हाल उनी पीएच्.डी. शोधार्थीका रूपमा अध्ययनरत छन् ।[ह]

### २.१.३ वैवाहिक जीवन र सन्तान

विष्णु प्रभातको विवाह सनातनी संस्कारअनुसार परम्परागत रूपमा भएको देखिन्छ । वि.सं. २०३१ फागुन महिनामा पाल्पा सर्देवा निवासी हरिभक्त नेपालकी

---

[ज] विष्णु प्रभातबाट प्राप्त जानकारी अनुसार ।

[ह] ऐजन ।

सुपुत्री लक्ष्मीदेवी नेपालसँग उनको विवाह भएको हो । सामान्य साक्षर श्रीमती अर्ज्यालले विवाहपश्चात् महेन्द्रबोधी रात्रि हाई स्कुलबाट दश कक्षा र वनारसबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरिन् र हाल उनी संस्मरणात्मक साहित्य सिर्जना गर्न सक्षम भई साप्ताहिक पत्रिकाहरूमा लेख रचनाहरू प्रकाशित गर्न सफल भएकी छिन् । सन्तानको नाममा एक छोरी विपनामात्र रहेकी छिन् ।[घ]

## २.१.४ आर्थिक अवस्था

विष्णु प्रभातको जन्म सामान्य किसान परिवारमा भएकाले गोठालो भएर जीवन यापन गर्ने उनका बुबा ऋषिराम अर्ज्यालले ज्याला मजदुरी जस्ता कठिन काम गरी सन्तानको पेट पाल्नु परेको थियो । खेतीपातीले छ आठ महिनासम्म मात्र पुग्ने भएकाले बुबाले ठेक्कापट्टाको काम पनि गर्नुपरेको थियो । विष्णु प्रभातले पनि केटाकेटी अवस्थादेखि नै गोठाले जीवन यापन गरेको हुँदा यिनको आर्थिक अवस्था अत्यन्त जर्जर रहेको देखिन्छ र विभिन्न संघ संस्थामा आबद्ध भई जागिर खाएकाले आर्थिक अवस्था मजबुत बन्दै जान्छ ।[ङ]

## २.१.५ रुचि र स्वभाव

विष्णु प्रभात बाल्यकालदेखि नै साहित्यतर्फ बढी आकर्षक देखिन्छन् । यसबाहेक विद्यालयको अतिरिक्त क्रियाकलापमा भाग लिने र पुरस्कार जित्ने विष्णु प्रभातको रुचि देखिन्छ । अन्याय अत्याचारको विरोध गर्ने विद्रोही स्वभाव सानैदेखि भएका विष्णु प्रभातका क्रान्तिकारी गीत गाउनु, पत्र-पत्रिका पढ्नु, जनसम्पर्क बढाउनु जस्ता स्वभाव टड्कारो रूपमा देखिन्छ । चिन्तनमुखी अभिव्यक्ति प्रस्तुत गर्न सक्ने प्रवृत्ति भएका विष्णु प्रभात महिला मुक्तिका निम्ति आवाज उठाउनुका साथै साहसका साथ आफूले भोगेका अनुभवहरूलाई रचनामा स्पष्ट प्रकट गर्न नहिचकिचाउने प्रवृत्तिका देखिन्छन् ।

## २.१.६ पुरस्कार

विष्णु प्रभातमा बाल्यावस्थादेखि नै विविध कार्यक्रमहरूमा भाग लिने चाहना रहेको पाइन्छ । यसै क्रममा २०१९ सालमा शारदा मा.वि. मा विज्ञानसम्बन्धी वादविवाद कार्यक्रममा प्रथम भएका देखिन्छन् । २०३५ सालमा लुम्बिनी अञ्चलव्यापी कलेज स्तरीय प्रवचन गोष्टीमा प्रथम भएका देखिन्छन् । प्रथम एसिया प्रशान्त क्षेत्रीय प्रेस काउन्सिल सम्मेलन (सन् १९९४ काठमाण्डौ) मा भाग लिएका विष्णु प्रभातले भूमिगत चौथो र पाँचौं राष्ट्रिय महाधिवेशन नेकपा माले र एमाले (२०४५ र २०४९) मा पनि भाग लिएको देखिन्छ । त्यसैगरी 'नुरगंगा प्रतिभा आञ्चलिक पुरस्कार' (२०६५) बाट पनि उनी सम्मानित भएका छन् । विभिन्न कार्यशाला गोष्ठीहरूमा कार्यपत्र प्रस्तुत गर्ने विष्णु प्रभातले २०५४ सालको 'राष्ट्रिय प्रतिभा पुरस्कार' पनि प्राप्त गरेका छन् ।[छ]

---

[घ] ऐजन ।
[ङ] ऐजन ।
[छ] ऐजन ।

## २.१.७. लेखनका निम्ति प्रेरणा र प्रभाव

विष्णु प्रभातलाई लेखनका निम्ति प्रेरणा मूलतः प्रमुख दुई तŎवबाट भएको पाइन्छ । ती हुन्- प्रकृति र उत्पीडन । प्रकृतिबाट अनुराग र ग्रामीण शोषणको उत्पीडन्बाट विद्रोह प्राप्त गरेपछि उनले साहित्य सिर्जना गर्न थालेका हुन् ।[ट] साथै आफ्नो जेठाबाका छोरा हरिहर शर्मा संस्कृत भावधाराबाट साहित्य रचना गर्थे त्यसबाट यिनमा कविता लेख्ने उत्साह जागेर आउँछ । तिनकै प्रतिध्रुव जस्तै भएर विभिन्न जागरणका कविता गीत सिर्जना गर्दै उनले साहित्य यात्राको प्रारम्भ गरेको बुझिन्छ ।[ठ]

## २.१.८. लेखन तथा प्रकाशनको प्रारम्भ

विष्णु प्रभातले अनौपचारिक रूपमा विद्यार्थी जीवनदेखि नै लेखन कार्य प्रारम्भ गरेका हुन् । उनको पहिलो रचना सूर्यसम्बन्धी भए पनि प्रथम प्रकाशित रचना **म जगत हेर्दै थिएँ** हो । यो कविता पाल्पाबाट प्रकाशित **श्रीनगर** पत्रिकामा छापिएको थियो । साहित्यका प्रायः सबै विधामा कलम चलाएका विष्णु प्रभातको सफलता प्राप्त विधा चाहिँ ४० को दशकसम्म हेर्दा समालोचना विधा हो भने पछिल्लो समयमा निबन्ध विधा फष्टाएको देखिन्छ । वि.सं. २०३३ पछि फाटफुट रूपमा पत्र-पत्रिकामा फुटकर रचना देखिए पनि पुस्तकाकार रूपमा प्रथम पटक प्रकाशित कृति भने **चिन्तन र सौन्दर्य** (२०४६) हो ।[ड]

## २.१.९. प्रकाशित कृतिहरू

विष्णु प्रभातका आजसम्म प्रकाशित कृतिहरू केही प्रकाशित भइसकेका छन् भने केही प्रकाशोन्मुख अवस्थामा रहेका छन् । केही रचनाहरू फुटकर रूपमा प्रकाशित भएका छन् भने केही रचनाहरू फुटकर रूपमा प्रकाशित भएका भए पनि तिनीहरूलाई सङ्ग्रहको रूपमा पनि प्रकाशित गरेका छन् । प्रभातका पुस्तकाकार रूपमा प्रकाशित कृतिहरू यस प्रकार रहेका छन् :

| क्र.सं. | शीर्षक | विधा | प्रकाशनस्रोत |
|---|---|---|---|
| १. | चिन्तन र सौन्दर्य | समालोचना | २०४६ कल्पवृक्ष प्रकाशन |
| २. | मार्क्सवाद र त्यसको विकास प्रक्रिया | दर्शन | २०४७ पैरवी प्रकाशन |
| ३. | खुर्सानी पुराण | निबन्ध | २०५१ कौवा प्रकाशन |
| ४. | संस्कृतिमा विकल्पवाद | निबन्ध | २०५२ कल्पवृक्ष प्रकाशन |
| ५. | मातृŎव | समाजशास्त्र | २०५३ कल्पवृक्ष प्रकाशन |
| ६. | खुच्चिङ | निबन्ध | २०५३ कल्पवृक्ष प्रकाशन |
| ७. | कम्युनिष्ट पार्टी र प्रजातन्त्र | साहित्येत्तर | २०५३ कल्पवृक्ष प्रकाशन |
| ८. | पारिजात र हरिमाया | निबन्ध | २०५६ जनमत,काभ्रे |
| ९. | खुल्दुली | निबन्ध | २०५६ परिवेश प्रकाशन |
| १०. | खुलैखुला कुरा | निबन्ध | २०५७ श्रीमती जनक चालिसे |

[६] रामहरि पौडेल, *'युगचेतनाका व्याख्याता-प्रभात'* **छलफल** २०४८ ।

[ठ] विष्णु प्रभात पूर्ववत् ।

[ड] ऐजन ।

| | | | |
|---|---|---|---|
| ११. | कलम माथिको कलम | समालोचना | २०५८ कल्पवृक्ष प्रकाशन |
| १२. | हास्यव्यङ्ग्य एघारौं अवतार | समालोचना | २०५८ सिस्नुपानी प्रकाशन |
| १३. | खुस खुस कम्पनी | निबन्ध | २०६० साझा प्रकाशन |
| १४. | खुराक | निबन्ध | २०५९ विवेक सिर्जनशील प्रकाशन |
| १५. | अर्याल विद्वत् वंशावली | अनुसन्धान | २०६०असंस प्रकाशन |
| १६. | प्रलेसको संक्षिप्त इतिहास | साहित्येत्तर | २०६३ विवेक सिर्जनशील प्रकाशन |
| १७. | समाज संस्कृति र नैतिकता | निबन्ध | २०६७ कल्पवृक्ष प्रकाशन |
| १८. | संस्कृतिमा विकल्पवाद भाग २ | संस्कृति | प्रकाशोन्मुख |

## २.२ विष्णु प्रभातको व्यक्तित्व

विष्णु प्रभातले नेपाली भाषा, साहित्य र राजनीति क्षेत्रमा दिएको योगदानको चर्चा गर्ने क्रममा उनमा निहित विभिन्न व्यक्तित्वहरू देखा पर्दछन् । ती व्यक्तित्वका पाटाहरूलाई क्रमश चर्चा गरिएको छ :-

### २.२.१ निजी व्यक्तित्व

५ फिट ६ इन्च उचाइ, मझौला कद, गहुँगोरो वर्ण भएका विष्णु प्रभात हृष्ट पुष्ट देखिन्छन् । बिस्तारै बोल्ने, हँसिलो व्यक्तित्व भएका विष्णु प्रभातमा सहयोगी भावना पाइन्छ । साधारण लवाइ-खवाइ उनको व्यक्तित्वको मूल विशेषता हो । उनी कुनै पनि काममा निरन्तरता दिन्छन् । उनको व्यक्तित्वको अर्को विशेषता भनेको उनी आफ्नो जिम्मामा आएको कामलाई अरूको सहयोगद्वारा पूरा गर्नुभन्दा आफ्नै मिहिनेत र पसिनाले सो काम सिध्याउने प्रयास गर्दछन् र काम नसकिए सम्म थकाइ मार्न पनि चाहदैनन् ।[ढ]

### २.२.२ अध्ययनशील व्यक्तित्व

विभिन्न पत्रपत्रिका र पुस्तकहरू विष्णु प्रभात पढ्थे । घरमा पढाउने उचित व्यवस्था नभए पनि उनले अध्ययनका निम्ति गरेको सङ्घर्षबाट पनि प्रस्ट हुन्छ उनको अध्ययनशील व्यक्तित्व । अध्ययनको मूल भाषा नेपाली हो र विषय विविध देखिन्छन् । दर्शन, साहित्य, राजनीतिमा उनले मार्क्सवादी सिद्धान्तलाई बढी अनुशरण गरेको पाइन्छ ।[ज्ञण] अध्ययनकै शिलशिलामा उनले दर्शनजस्तो गहन विषयको पनि विश्लेषण गर्ने काम गरेका छन् ।

### २.२.३ साहित्यकार व्यक्तित्व

औपचारिक रूपमा **म जगत् हेर्दै थिएँ** (२०३३) कविताबाट आफ्नो साहित्य यात्रा सुरु गरेका विष्णु प्रभातले समालोचना, निबन्ध, कविता, दर्शन, सम्पादन, अनुवाद,

[ढ] ऐजन ।

[ज्ञण] राजेन्द्र सुवेदी *'हास्यव्यङ्ग्य निबन्ध क्षेत्रम विष्णु प्रभातको योगदान'* (सम्पा.) घनश्याम ढकाल **यथार्थवादी नेपाली समालोचना**, (पोखराः गण्डकी साहित्य सङ्गम, २०६३), पृ.६२२ ।

फुटकर कथा जस्ता विविध विधामा कलम चलाएका छन् । यिनै विविध विधाका प्राप्त सामग्रीहरूबाट यिनको साहित्यिक व्यक्तित्व निर्धारण गर्न सकिन्छ ।

### २.२.३.१ समालोचक व्यक्तित्व

**जन साहित्यमा समालोचना एक अत्यावश्यक हतियार** शीर्षकको समालोचना **पौरख** पत्रिकाको वर्ष १, अंक १, २०३६ मा प्रकाशित भएदेखि समालोचना क्षेत्रमा पाइला चालेका विष्णु प्रभातका हालसम्म **चिन्तन र सौन्दर्य** (२०४६), **कलम माथिको कलम** हास्यव्यङ्ग्य समीक्षा (२०५८) **एघारौं अवतार** (२०६०) जस्ता समालोचनात्मक कृति प्रकाशित छन् । प्रगतिवादी नेपाली समालोचनाको तेस्रो चरण (२०३७ देखि हालसम्म) मा सौन्दर्यशास्त्र सम्बन्धी कृति लिएर आएका दुई समालोचकमध्ये विष्णु प्रभात एक हुन् ।[ज्ञज्ञ] यिनी मार्क्सवादी लेनिनवादी सिद्धान्तमा आधारित भएर समालोचना गर्ने समालोचक मानिन्छन् । हास्यव्यङ्ग्य समीक्षा **एघारौं अवतार**मा भने विभिन्न हास्यव्यङ्ग्यकारहरूको रचनालाई हास्यव्यङ्ग्य शैलीमै समालोचना गरेका छन् ।

### २.२.३.२ निबन्धकार व्यक्तित्व

नेपाली साहित्यमा कविता विधाबाट प्रवेश गरेका विष्णु प्रभात हाल निबन्धका क्षेत्रमा अत्यन्त सशक्त रूपमा परिचित छन् । यिनका निबन्धहरूले समाजमा दुस्वृत्तिहरूको छाप समग्र तÕवहरूमा प्रस्तुत भएका छन् भन्ने कुरा प्रस्तुत गरेका छन् । आफ्ना निबन्धमा २०४७ पछिको राजनीतिक पर्यावरणमा उम्रेका अव्यवस्था र विकृत यथार्थका अनुहारलाई निबन्धको विषयवस्तु बनाएका छन् । वर्ग, जाति, लिङ्ग, क्षेत्र आदिमा आर्थिक, सामाजिक र सांस्कृतिक आधारमा देखिएका विसङ्गतिका पक्षहरू यिनका निबन्धमा प्रस्तुत भएका छन् । विष्णु प्रभातका निबन्धहरू एक थरी बढी व्यङ्ग्य र थोरै हाँसो मिसिएका भेटिन्छन् भने अर्का थरी संस्कृति चिन्तनपरक र निजात्मक निबन्धहरू पनि पाइन्छन् ।[ज्ञद्द]

### २.२.३.३ कवि व्यक्तित्व

**म जगत हेर्दै थिएँ** कविताबाट नै नेपाली साहित्यमा प्रवेश गरेका विष्णु प्रभातको पुस्तकाकार कृतिको रूपमा कविता सङ्ग्रह नपाइएता पनि उनको कवित्वमा समाजका यथार्थ वस्तुस्थितिको चित्रण गर्ने विशेषता पाइन्छ । गद्यलाई प्रायः कवितामा प्रयोग गर्ने कवि विष्णु प्रभातका केही पद्य कविताहरू पनि छन् । यस्तै यिनको बालकविता पनि केही फुटकर रूपमा प्रकाशित भएको जानकारी पाइन्छ ।

### २.२.३.४ सम्पादक व्यक्तित्व

विष्णु प्रभात विविध पत्र-पत्रिकाहरुमा कार्यकारी सम्पादक, प्रबन्ध सम्पादक र सम्पादकको रूपमा नाम सहित र कहिले आफ्नो नाम नराखी सम्पादकको भूमिका

---

[ज्ञज्ञ] रविलाल अधिकारी **प्रगतिवादी नेपाली समालोचना** (पोखरा: लेकाली प्रकाशन, २०५६) ।
[ज्ञद्द] राजेन्द्र सुवेदी, पूर्ववत् ।

निर्वाह गरेको पाइन्छ । विष्णु प्रभातद्वारा सम्पादन गरिएका साप्ताहिक पत्रिकाहरूमा **छलफल** (२०४१-२०४६) **दृष्टि** (२०४१-२०४६), **प्रकाश** (२०४१-२०४६), **समदृष्टि** (२०५४ देखि चार महिना) **विकल्प** (२०४८ देखि निरन्तर) पर्दछन् । त्यसैगरी **पुष्पलालका छानिएका रचनाहरू** (भाग-१,२०५३ जेठ), **नेपाली पत्रकारहरू** (२०५१ परिचय ग्रन्थ) **नवयुग** (२०४६-२०४९ नेकपा एमालेको मुखपत्र) जस्ता कृतिको सम्पादन गर्ने विष्णु प्रभात विभिन्न क्याम्पसबाट प्रकाशित पुस्तकमा पनि सम्पादन गर्न पुग्छन् । त्यस्तोमा **कर्मठ** (२०३८ सानो ठिमी क्याम्पस) पर्दछ भने **संस्कृति** (२०४४-२०५४) राजसा मञ्चको, **लहर** (२०४५-२०४७) लहर प्रकाशनको, **मुक्तिमोर्चा** राजसाको **संकल्प,** संकल्प परिवार कुन्ता शर्माको, **प्रलेस संघ** (२०५३-२०५६), **मानव अधिकार वर्ष पुस्तक** (सन् १९९३), **विकल्प** कल्पवृक्ष प्रकाशन जस्ता साहित्यिक पत्रिकाहरू पनि सम्पादन गरेका छन् । त्यसैगरी हेटौंडाबाट प्रकाशित **ऊ फेरि फर्कन्छ** भन्ने उपन्यास र **भैरव अर्यालको टेडो ऐना** (निबन्ध सङ्ग्रह) र **कारिन्दाको दिनचर्या** (कविता सङ्ग्रह) पनि सम्पादन गरेका छन् ।[ज्ञघ]

## २.२.३.५ अनुवादक व्यक्तित्व

विष्णु प्रभातमा अनुवादक व्यक्तित्व पनि पाइन्छ । विष्णु प्रभातले अनुवाद गर्ने क्रममा भारतीय साहित्यकार राहुल सांस्कृत्यायन, प्रेमचन्द, राजेन्द्रसिंह, अज्ञेय आदि साहित्यकारहरूको कृतिगत अध्ययन गरेका छन् र उनीहरूका केही रचनाको अनुवाद गरेका छन् । यसैगरी विष्णु प्रभातले चिनियाँ लेखक ल्युसुन, बर्टोल्ड ब्रेख्त, लेनिन, मेक्सिम गोर्की आदिका रचनाहरूको अनुवाद गर्ने काम पनि गरेका छन् । यसका साथै सिंवोस्की (पोल्याण्ड) को फुटकर रचना पनि अनुवाद गरेका छन् । यसबाहेक विविध भाषामा लेखिएका कविता, लेख, र निबन्धको पनि अनुवाद गरेका छन् ।[ज्ञढ] यसबाट विष्णु प्रभातमा अनुवादक व्यक्तित्व पनि रहेको छ भन्ने कुरा स्पष्ट हुन्छ ।

## २.२.४ शिक्षक व्यक्तित्व

विष्णु प्रभातले घरको आर्थिक अवस्था अत्यन्त कमजोर भएको अवस्थामा समय समयमा शिक्षकको जागिर खाएर आफ्नो अध्ययनलाई निरन्तरता दिएको पाइन्छ । यसै क्रममा विष्णु प्रभातले पाल्पाको तानसेनमा (०२५-०२७) प्राथमिक विद्यालयमा र पूर्वी पाल्पामा २०२८ साल पछि प्रा.वि. तथा नि.मा.वि. मा पढाएका र काभ्रेको नालामा मा.वि.मा पढाएको पनि जानकारी पाइन्छ ।[ज्ञछ] त्यसैले विष्णु प्रभातमा शिक्षक व्यक्तित्व पनि रहेको पाइन्छ ।

## २.२.५ सामाजिक व्यक्तित्व

समाजमा भए गरेका अन्याय अत्याचारको विरोध गर्ने विष्णु प्रभातले जातभातले थिचेको समाजमा पाल्पामा सार्की जातको युवालाईसँगै राखेर खाना खाएर

---

[ज्ञघ] विष्णु प्रभात पूर्ववत् ।

[ज्ञढ] ऐजन ।

[ज्ञछ] ऐजन ।

समाजमा पहिलो विद्रोह गरेका देखिन्छन् । त्यस्तै तत्कालीन समयमा ब्राह्मण जातले हलो जोत्नु हुँदैन भन्ने मान्यता बोकेको समाजमा प्रथम पटक हलो जोतेर दोस्रो पल्ट सामाजिक विद्रोह गरेका देखिन्छन् । २०२८ सालमा पूर्वी पाल्पामा गोरखनाथ प्रा. वि. को स्थापना गरेका र पछि २०२९ सालमा त्यसलाई नि.मा.वि. बनाउने व्यवस्था मिलाएर सामाजिक हितका लागि पनि काम गरेका छन् ।[ज्ञट] २०३३ तिर उनी केही समय नवलपरासीको जर्गामा पनि शिक्षक भएका थिए । त्यसैले विष्णु प्रभातको व्यक्तित्वको अर्को पाटो सामाजिक व्यक्तित्व पनि हो भन्न सकिन्छ ।

## २.२.६ संस्थागत व्यक्तित्व

विष्णु प्रभात विभिन्न संस्थाहरूमा रहेर काम गरेका भेटिन्छन् । त्यस्तोमा माधवप्रसाद देवकोटा स्मृति केन्द्रका सदस्य सचिव, आदिमहाकवि उदयानन्द स्मारक गुठी, दण्डपाणि अर्याल स्मृतिकेन्द्र र युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानमा सदस्य, प्रलेसमा दुई पटक केन्द्रीय सचिवालय सचिव, नेपाल बुद्धिजीवि परिषद् केन्द्रीय सदस्य र पत्रकार महासंघको केन्द्रीय सदस्य (२०५१-२०५४) पर्दछन् । हाल नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य एवं दर्शन विभाग प्रमुख बनेका छन् ।[ज्ञठ] त्यसैले विष्णु प्रभातमा संस्थागत व्यक्तित्व पनि झल्कन्छ ।

## २.२.७. राजनीतिक व्यक्तित्व

विष्णु प्रभातमा राजनीतिक चेतना विद्यार्थी जीवनदेखि नै आएको पाइन्छ । औपचारिक रूपमा राजनीतिमा प्रवेश भने वि.सं. २०२७ सालमा जीवराज आश्रित र पुष्पलालसँगको सम्पर्कबाट सुरू गरेका हुन् । पाल्पामा २०२८ सालमा अमर साँस्कृतिक मण्डल नामको संस्थामा संलग्न भएका थिए भने २०३० साल कार्तिक २६ गते किसानको जुलुसमा नेतृत्वदायी भूमिका निर्वाह गरी पक्राउसमेत परेका थिए । त्यसैगरी २०३६ साल जेठ ६ गते पञ्चायती निरंकुश व्यवस्थाको विरोधमा आन्दोलनको घोषणा गर्दा नेतृत्वकर्ताको भूमिका निर्वाह गर्ने विष्णु प्रभात आन्दोलनकै क्रममा जेठ ८ गते प्रहरी तथा विद्यार्थीबीच बुटवलमा भिडन्त भएको बताउँछन् र आफूलाई राती १ बजे पुलिसले पक्राउ गरेको तीतो यथार्थ व्यक्त गर्दछन् । २०३६-२-९ गते बिहान पुलिस हिरासतमा मरणासन्न हुने गरी कुटेर फ्याँकी पिता ऋषिराम अर्ज्याललाई लास बुझ्न बोलाइन्छ । २०३६ साल जेठ १० गते घिसार्दै एस्.पी. कार्यालय बुटवलमा लग्दा 'मऱ्यो भन्या त बजिया ज्यूँदै रहेछ' भनेको अर्धबेहोसी अवस्थामै सुन्छन् । त्यसैगरी प्रभात २०३७ सालमा काठमाडौंमा प्रगतिशील अध्ययन समाजको स्थापना गर्न पुग्छन् भने २०४३ सालदेखि पार्टी प्रकाशन विभागमा सक्रिय भएर काम गर्दछन् । त्यसैगरी २०४३ देखि २०४४ सालसम्म प्रभातले प्रदीप नेपाल, झलनाथ खनालको सामिप्यमा रहेर काम गरेका देखिन्छन् । पार्टीको हित र सामिप्यमा बसेर काम गर्दा गर्दै २०४६ सालमा दुई मुद्दा परेको देखिन्छ भने पछि नेकपा (माले) हुँदै नेकपा एमालेमा प्रचार विभाग र साहित्य संस्कृति विभागमा सचिव भै कार्य गरे । २०५३ पछि भने उनी वौद्धिक कममा नै समर्पित रहे र हाल नेपाल प्रज्ञा प्रतिष्ठानमा

[ज्ञट] ऐजन ।
[ज्ञठ] ऐजन ।

प्राज्ञ सदस्यका रूपमा काम गरेका छन् ।[ञड] यसरी यिनमा राजनीतिक व्यक्तित्व सँगसँगै, बौद्धिक-साहित्यिक व्यक्तित्व रहेको कुरा प्रस्टिन्छ । यिनका व्यक्तित्वमा विविध पाटाहरू पाउन सकिन्छ । यसभन्दा बाहेक पनि संस्कृतिकर्मी, प्राज्ञ व्यक्तित्व, अन्वेषक व्यक्तित्व जस्ता व्यक्तित्व पनि पाउन सकिन्छ । मुख्यतः यिनै उपर्युक्त व्यक्तित्व नै प्रमुख मानिन्छन् ।

---

[ञड] ऐजन ।

# तेस्रो परिच्छेद

# विष्णु प्रभातका सांस्कृतिक निबन्धहरूको वर्गीकरण

नेपाली साहित्यका क्षेत्रमा **म जगत् हेर्दै थिएँ** कविताबाट पदार्पण गरेका विष्णु प्रभातले प्रायः सबै विधामा कलम चलाएका छन् । यिनले पछिल्लो समयमा समालोचना र निबन्ध विधामा विशेष सफलता प्राप्त गरेका छन् । यिनका निबन्धहरूमा समाजका दुष्वृत्तिहरूको छाप समग्र तÖवहरूमा प्रस्तुत भएका छन् भन्ने कुरा प्रस्तुत गर्दछन् । साथै वर्ण, जाति, लिङ्ग क्षेत्र आदिमा सामाजिक, आर्थिक र साँस्कृतिक आधारमा देखिएका विसङ्गति पक्षहरू चिन्तनपरक रूपमा प्रस्तुत भएका छन् ।

विष्णु प्रभातका साँस्कृतिक निबन्धहरूको अध्ययन गर्ने क्रममा यिनका निबन्धहरू केही धार्मिक, नैतिक, वैचारिक आदि संस्कृतिका भेटिन्छन् भने केही जातीय, सामाजिक, मानवीय जीवन र लैङ्गिक संस्कृतिका भेटिन्छन् । त्यस्तै यौन संस्कृति, सिने संस्कृति, जनवादी संस्कृति, वैकल्पिक संस्कृति जस्ता निबन्धहरू पनि लेख्ने प्रभातका निबन्धहरूलाई विषयवस्तुका आधारमा मुख्य रूपमा दुई प्रकारले वर्गीकरण गर्न सकिन्छ : १. राष्ट्रिय संस्कृति २. अन्तराष्ट्रिय संस्कृति ।

| **निबन्ध संग्रह** | **निबन्ध संख्या** | **प्रकाशित बर्ष** |
|---|---|---|
| **१.संस्कृतिमा विकल्पवाद भाग १** | १३ | २०५२ असोज |
| **२.समाज, संस्कृति र नैतिकता** | २२ | २०६७ |

## १.राष्ट्रिय संस्कृतिका निबन्धहरूको वर्गीकरण

| निबन्धका प्रकार | निबन्धको शीर्षक | प्रकाशनस्रोत |
|---|---|---|
| वैचारिक संस्कृति | *विकल्प वादमा विचारद्वन्द्व* | संस्कृतिमा विकल्पवाद |
| | *विचारद्वन्द्वमा समयवोध* | संस्कृतिमा विकल्पवाद |
| | *संस्कार निर्दलीय हुन सक्छ संस्कृति होइन* | समाज, संस्कृति र नैतिकता |
| | *सांस्कृतिक आन्दोलनका चुनौतिहरू* | समाज, संस्कृति र नैतिकता |
| | *नयाँ मानसिक सभ्यताको खाँचो* | समाज, संस्कृति र नैतिकता |
| | *सांस्कृतिक निरन्तरता र विकल्प* | संस्कृतिमा विकल्पवाद |
| | *मानवसंस्कृतिमा विकल्प* | संस्कृतिमा विकल्पवाद |

| | | |
|---|---|---|
| | *संस्कृतिमा वैकल्पिक साधनहरू* | संस्कृतिमा विकल्पवाद |
| | *सांस्कृतिक विकल्पको सङ्कट* | संस्कृतिमा विकल्पवाद |
| | *मानिस र उसको संस्कृति* | संस्कृतिमा विकल्पवाद |
| | *नेपाली संस्कृति, विशेषता र बाह्य प्रभाव* | समाज, संस्कृति र नैतिकता |
| | *सामाजिक नैतिकता लौकिक हुन्छ* | समाज, संस्कृति र नैतिकता |
| सामाजिक संस्कृति | *संस्कृति र मानव जीवन* | संस्कृतिमा विकल्पवाद |
| | *संस्कृतिका समान सामाजिक आधारहरू* | समाज, संस्कृति र नैतिकता |
| | *सामाजिक जीवन र सम्प्रदायवाद* | समाज, संस्कृति र नैतिकता |
| | *सामाजिक व्यवहार सुधार्ने कुरा* | समाज, संस्कृति र नैतिकता |
| | *मानव संस्कृतिमा विविधता र एकता* | समाज, संस्कृति र नैतिकता |
| | *सांस्कृतिक सम्मिलनका असल परम्पराहरू* | समाज, संस्कृति र नैतिकता |
| धार्मिक संस्कृति | *बुद्ध संस्कृतिमा प्रजातन्त्र* | संस्कृतिमा विकल्पवाद |
| | *समय, सद्भाव र इस्लाम संस्कृति* | संस्कृतिमा विकल्पवाद |
| | *बौद्धिक संस्कृति र लोकजीवन* | संस्कृतिमा विकल्पवाद |
| | *मनुवादी संस्कृतिमा सुधारको खाँचो* | समाज, संस्कृति र नैतिकता |
| | *सामाजिक जीवन र सम्प्रदायवाद* | समाज, संस्कृति र नैतिकता |
| जातीय संस्कृति | *मानव धारणामा आदिवासी* | संस्कृतिमा विकल्पवाद |
| | *संस्कृति, जातीयता र बजार* | समाज, संस्कृति र नैतिकता |
| | *नेपाली समाजमा अन्तर्जातीय सम्मीलन* | समाज, संस्कृति र नैतिकता |
| जनवादी संस्कृति | *अग्रगामी विकल्प र विकल्पवाद* | संस्कृतिमा विकल्पवाद |
| | *जनवादी संस्कृतिका सम्बन्धमा* | समाज, संस्कृति र नैतिकता |
| | *सांस्कृतिक आन्दोलनका वर्तमान आवश्यकता* | समाज, संस्कृति र नैतिकता |
| लैङ्गिक संस्कृति | *मानव संस्कृतिमा महामाताको धारणा* | समाज, संस्कृति र नैतिकता |
| | *समलिङ्गी परिवारको धारणा गलत छ* | समाज, संस्कृति र नैतिकता |
| यौन कला संस्कृति | *मानव सभ्यतामा यौन कलाकारिता* | समाज, संस्कृति र नैतिकता |
| सिने संस्कृति | *व्यवसायिक सिनेमा र आजको आवश्यकता* | समाज, संस्कृति र नैतिकता |

## २. अन्तराष्ट्रिय संस्कृतिका निबन्धहरूको वर्गीकरण

| | | |
|---|---|---|
| अन्तर्राष्ट्रिय संस्कृति | *पाशविक मूल्यको अमेरिकी संस्कृति* | समाज, संस्कृति र नैतिकता |
| | *मानव संस्कृतिमा प्रार्थनाको स्थान* | समाज, संस्कृति र नैतिकता |
| | *एसियाली संस्कृतिमा बढ्दो अन्तरविरोध* | समाज, संस्कृति र नैतिकता |

यिनै तालिकामा वर्गीकरण गरिएका आधारमा विष्णु प्रभातका साँस्कृतिक निबन्धको अध्ययन गर्न सकिन्छ । तालिकामा भएका शीर्षकहरूलाई तल अझ स्पष्ट पारिएको छ ।

## ३.१ राष्ट्रिय संस्कृति

विष्णु प्रभातका निबन्धहरूमा नेपाली संस्कृतिमा देखिएका विकृति-विसङ्गतिलाई जस्ताको तस्तै देखाई तिनीहरूलाई निराकरण गर्नका लागि हाम्रो काम र कर्तव्यहरूसमेत प्रस्तुत भएका देखिन्छन् । नेपाली संस्कृतिमा बाह्य संस्कृतिका प्रभाव परेर हाम्रो मौलिकता हराउँदै गएको प्रति गुनासो व्यक्त गर्ने प्रभातका राष्ट्रिय संस्कृतिप्रति समर्पित भएर लेखिएका निबन्धहरूमा पनि विविधता देख्न पाइन्छ । मानव समुदाय, मानव सभ्यताप्रति समर्पित भएर लेखिएका यिनका निबन्धमा हरेक सभ्यता र समुदायको विकल्प पनि प्रस्तुत भएका छन् । विकल्पहरू एक विकल्प र बहुविकल्पका रूपमा आएका छन् । वैदिक संस्कृति, लौकिक संस्कृतिलाई चिर्दै तिनीहरूमा केही फेरबदल स्वरूप हाम्रा संस्कृतिहरू अगाडि आउनु पर्छ भन्ने विष्णु प्रभातले परम्परा र रुढि संस्कृतिको पनि खुलेरै विरोध गरेका छन् । विष्णु प्रभात कतै कतै हाम्रा संस्कृति, रीतिरिवाज, चालचलन, धर्म, आस्था, विश्वास सबै हराएर गइसके भन्न पुग्छन् भने कतै समाज रूपान्तरणको कुरा गरी वर्गीय संस्कृतिप्रति कुठाराघात गर्ने ठूला ठालुहरूको आडम्बरले हाम्रो संस्कृतिलाई मास्ने प्रयास गरिदैं छ भन्ने विषयवस्तुलाई पनि मूल विषयवस्तुका रूपमा उठाउन पुग्छन् ।

राष्ट्रिय संस्कृतिमा आधारित भएर लेखिएका यिनका निबन्धहरूको वर्गीकरण निम्नलिखित तरिकाले प्रस्तुत गर्न सकिन्छ :

### ३.१.१ वैचारिक संस्कृति

विष्णु प्रभातका वैचारिक संस्कृतिका निबन्धहरूले सरल र सिधा तरिकाले एउटा सन्दर्भ देखाएर पाठकलाई आफ्नो विचार स्वीकार्न लगाएका जस्ता देखिन्छन् । यिनको जुनसुकै निबन्धको केन्द्रीय पक्ष वैचारिक आग्रह देखिन्छ र जसलाई पुष्टि गर्नका लागि यिनी अनेकौं सहयोगी बुँदाहरू खोजेर तिनीहरूका बीचमा सम्वन्ध कायम गर्न सफल देखिन्छन् । यिनले आफ्ना कुरा प्रत्यक्ष रूपमा राख्ने हुँदा सौन्दर्यको मात्रा कम देखिन्छ भने विस्तृत अध्ययनबाट टिपिएका घतलाग्दा उद्धरण, सूक्ष्म घटनालाई आफ्ना विचारले सादृश्यमूलक ढङ्गले प्रस्तुत गर्ने हुँदा पाठकहरूलाई आकर्षित पार्न सक्षम देखिन्छन् । विष्णु प्रभातका अधिकांश निबन्धहरू वैचारिक संस्कृतिमा नै लेखिएका छन् । विचारहरू शक्तिशाली रूपमा आएका छन् । यिनका वैचारिक संस्कृति प्रधान निबन्धहरूमा मुख्य गरेर *विकल्पवादमा विचारद्वन्द्व, विचार द्वन्द्वमा समयवोध,*

*संस्कार निर्दलीय हुन सक्छ संस्कृति होइन, सांस्कृतिक आन्दोलनका चुनौतीहरू, मनुवादी संस्कृतिमा सुधारको खाँचो, नयाँ मानसिक सभ्यताको खाँचो, मानवीय जीवनमा वैकल्पिकता, मानव जीवनमा विकल्प, संस्कृतिका वैकल्पिक साधनहरू, सांस्कृतिक विकल्पको सङ्कट, अग्रगामी विकल्प या विकल्पवाद* आदि पर्दछन् ।

## ३.१.२ सामाजिक संस्कृति

मानिस सामाजिक प्राणी हो । समाजमा बस्न रुचाउनु उसको नैसर्गिक अधिकार हो । समाजमा भएका संस्कृतिहरूलाई अवलम्बन गर्दै सामाजिक वातावरण खलल हुन नदिनु र नयाँ मूल्य, मान्यता विकास गर्दै जानु पर्दछ भन्ने विष्णु प्रभातका सामाजिक संस्कृतिभित्र पर्ने निबन्धहरूले पनि यिनै कुराहरूलाई देखाउन खोजेका पाइन्छन् । फरक-फरक देशका फरक-फरक समाज छन् र तिनमा विविधता पनि पाइन्छन् भनेर विष्णु प्रभात **सामाजिक जीवन र सम्प्रदाय** निबन्धमा यसरी लेख्छन्: "प्राचीन रोमेलीहरू भेडा पूजा, अग्नि पूजा गर्दथे भने युनानीहरू गोरु पूजा, परेवा पूजा गर्दथे, जापानीहरू भालु पूजा, अमेरिकीहरू कौवा र खरायो पूजा, अफ्रिकीहरू सर्प पूजा, साइवेरियालीहरू अग्नि पूजा, ककेशियालीहरू लिङ्ग पूजा, जर्मनीहरू कौवा र भेडा पूजा गर्दथे"[ज्ञढ] एउटा पूजा गर्ने कुरामा त यसरी विभाजित भएर आ-आफ्नै प्रकारले छुट्टा छुट्टै पूजा गर्दछन् भने समाजको विविधता अनुरूप तिनीहरूका संस्कृति छुट्टा छुट्टै हुने हुँदा तिनीहरूमा भिन्नता आउनु स्वाभाविक कुरा हुन् ।

सामाजिक संस्कृतिमा विविधता देखा पर्दछ । सबै समाजमा बसाइ-हिँडाइ, सिँगार-पटार, शिक्षा-दीक्षा, विवाह-परिवार, भाषा-संस्कार आदि सबैमा भिन्नता देखिन्छ । यी भिन्नतामा विश्व अडिएको छ । व्यक्तिवादी, उपभोक्तावादी र धनवादी तीन सामाजिक संस्कृतिका भिन्न-भिन्न विकृतिहरू फैलिएका छन् । तिनीहरूले समाजलाई खोक्रो पार्दै गइरहेका छन् भन्ने तीतो यथार्थ देखाइएका विष्णु प्रभातका निबन्ध एकातिर छन् भने अर्कोतिर सबै समाजमा गुम्बा, मन्दिर, चर्च, मस्जिद बनाउने, बाँडीचुडी खाने, खेती गर्ने, चाडपर्व मनाउने, उपवास बस्ने, बृद्धलाई सम्मान गर्ने आदि समानता पनि देखाइएका छन् । सामाजिक संस्कृतिप्रति समर्पित यिनका निबन्धहरूमा मुख्यतया **संस्कृति र मानव जीवन, संस्कृतिका समान सामाजिक आधारहरू, सामाजिक जीवन र सम्प्रदायवाद, सामाजिक व्यवहार सुधार्ने कुरा** आदि पर्दछन् ।

## ३.१.३ धार्मिक संस्कृति

सबै धर्मलाई समान दृष्टिकोणले हेर्ने विष्णु प्रभात कुनै एक धर्मलाई अँगाल्दा अर्काको धर्मको विरोध गर्ने परिपाटीको अन्त्य होस् भन्ने चाहन्छन् । सबै धर्मको आ-आफ्नै महत्व हुन्छ । कुनै एक धर्मको रीतिरिवाज, चालचलन अर्को धर्मलाई मन नपर्न सक्छ त कुनै धर्मको लवाइ-खुवाइ अर्कोलाई मन नपर्न सक्छ । सबै धर्मले आ-आफ्नै तरिकाले पूजा गर्छन् । तिनीहरूमा भिन्नता आयो भन्दैमा विरोध गरिनु ठिक होइन भन्ने विष्णु प्रभातका प्रायः निबन्धहरू धार्मिक संस्कृतिका छन् । **बुद्ध संस्कृतिमा**

---

[ज्ञढ] विष्णु प्रभात, *सामाजिक जीवन र सम्प्रदाय,* **समाज, संस्कृति र नैतिकता,** पूर्ववत्, पृ.३५ ।

**प्रजातन्त्र** निबन्धमा बुद्धका वाणीहरू अर्थहीन हुँदै गइरहेका र "तत्कालीन सामाजिक व्यवस्थामा एउटा प्रगतिशील विचारको रूपमा उदाएको र अन्त्यमा शासकवर्गको हितमा विश्राम लिएको"[द्गण] कुरा व्यक्त गरेका छन् । त्यसै गरी **समय, सद्भाव र इस्लाम संस्कृति** निबन्धमा इस्लाम धर्म संस्कृतिका बारेमा चर्चा गर्दा यिनीहरू कुरानलाई आधार मान्दछन् भन्ने कुरा देखाइएको छ । त्यसै गरी **वैदिक संस्कृति र लोक जीवन** निबन्धमा वैदिक संस्कृतिको मूल थलो, वैदिक संस्कृतिले के गऱ्यो भन्ने जस्ता कुराहरूलाई उठाइएको छ । यो हिन्दुधर्मसम्बन्धी मानिन्छ । त्यस्तै हिन्दू धर्मग्रन्थ अथवा जन्मदेखि मृत्युपर्यन्त् सोह्र संस्कारहरूमा सुधारको खाँचो औंल्याउँदै **मनुवादी संस्कृतिमा सुधारको खाँचो** निबन्ध सिर्जना गर्ने विष्णु प्रभात विश्वका प्रमुख धार्मिक सम्प्रदायहरूले कस-कसले के-के पूजा गर्दथे ? कस-कसमा के-के सम्प्रदायहरू प्रचलित छन् ? भन्ने कुराको चर्चा **सामाजिक जीवन र सम्प्रदायवाद** निबन्धमा गर्दछन् ।

## ३.१.४ जातीय संस्कृति

विष्णु प्रभात सबै मानिसलाई बराबरी ठान्दछन् । प्रकृतिका प्रभावले उब्जिएका भिन्नतालाई लिएर मानिसलाई उँचनीच ठानिनु गलत संस्कृति ठान्दछन् । जातीय भेदभावले दिएको सानो ठूलो संस्कार अमानवीय व्यबहार हो । तिनीहरूले मानिस-मानिस बीच फाटो ल्याएको छ भन्दै निबन्धकारले **मानव धारणामा आदिवासी** निबन्धमा यसरी व्यक्त गर्दछन् "आफ्ना जातीय पहिचान बोकेर आफ्नै खाले उत्पादन, साधन, प्रविधि, प्रणाली र परिपाटी हुर्काउँदा आफ्नै बोली, भाषा, रीतिरिवाज, संस्कृति कला साहित्य जन्माउँदै मानिस विभाजित बने । ... ... जातिवाद, वर्णवाद र वर्गवादका असमान विचारहरू जन्माइयो । ... ... मानव जातिलाई चरम विखण्डनको अवस्थामा पुऱ्याइयो ।"[द्गज्ञ]

त्यसैगरी निबन्धकार विष्णु प्रभात **संस्कृति जातीयता र बजार** निबन्धमा विभिन्न संस्कृतिका जातिहरू देखाउँदै त्यो बिस्कुन सरह बजार भरी फिंजिएको छ । अथवा जातीय संस्कृतिको बजार नै लागेको छ भन्ने कुरा व्यक्त गर्दछन् । जातीय संस्कृतिले विकास निर्माणको काममा बाधा व्यवधानहरू निरन्तर बढ्ने र त्यसको विकल्प हामीले रोज्नु पर्ने कुराहरू व्यक्त गरिएको छ । विभिन्न धर्म संस्कृति आदिका मिल्दा जुल्दा संस्कार, संस्कृति, बोलीचाली आदिलाई मुख्य केन्द्र बनाई लेखिएको **नेपाली समाजमा अन्तर्जातीय सम्मीलन** निबन्ध पनि जातीय संस्कृतिमा आधारित निबन्ध हो ।

## ३.१.५ जनवादी संस्कृति

वर्ग सङ्घर्षका विचार र भाव बोकेर हिड्ने, प्रगतिशीलतालाई सहयात्रीका रूपमा स्वीकारेर प्रगतिवादको झण्डामुनि गोलबन्ध गर्न प्रेरित गर्ने, प्रगतिवादी संस्कृतिका क्षेत्रमा गरिएको प्रयोगलाई श्रमिक सत्तासँग जोडेर हेर्ने, वर्ग सङ्घर्ष र संस्कृतिको सम्बन्ध अटुट देखाउने अनि वर्ग द्वन्द्व निरन्तर चलिरहन्छ भन्ने धारणा

---

[द्गण] ----------, *बुद्ध संस्कृतिमा प्रजातन्त्र*, **संस्कृतिमा विकल्पवाद भाग - १**, (काठमाडौं : कल्पवृक्ष प्रकाशन, २०५२) पृ.६७ ।

[द्गज्ञ] ----------,*मानव धारणामा आदिवासी*, ऐजन पृ.७५ ।

यिनका जनवादी संस्कृतिसम्बन्धी निबन्धहरूमा पाइन्छ । यस्ता रचनामा **जनवादी संस्कृतिका सम्बन्धमा, सांस्कृतिक आन्दोलनको वर्तमान आवश्यकता** आदि पर्दछन् ।

राष्ट्रिय संस्कृतिका भावले ओतप्रोत यिनका निबन्धको भाषाशैलीय विन्यन्यास् परिष्कृत र परिमार्जित देखिन्छ । वस्तुपक्षको बौद्धिक र तार्किक प्रतिपादन गरिएकाले अनि संवेगका ठाउँमा तथ्यको स्थापना र लेखकको मस्तिष्कगत व्यायामको प्रबल भूमिकाले मूल्य र प्रसङ्गको निरूपण गर्दै निष्कर्षमा पुग्ने गरेकाले यिनका सम्पूर्ण निबन्धहरू निबन्ध नभई प्रबन्धमा दरिन्छन् । कतै धाराप्रवाह शैली, कतै व्यास (प्रवचन) शैली र कतै व्यङ्ग्य शैलीको प्रयोग गरिएका यिनका निबन्धहरूमा नेपाली भाषाका प्रचलित तीन वटै स्रोतका भाषाहरूको प्रयोग गरिएको छ । उखान, टुक्काहरूको ठाउँ-ठाउँको प्रयोगले निबन्धलाई पठनयोग्य बनाएको छ । राष्ट्रिय संस्कृतिको प्रवर्द्धन र देशभक्तिको सन्देश पनि यिनका रचनामा रहेको सांस्कृतिक सोच हो । राष्ट्रिय संस्कृति प्रतिको मोह विष्णु प्रभातका सबैजसो रचनाहरूमा पाइन्छ ।

## ३.१.६ लैङ्गिक संस्कृति

विष्णुप्रभातका निबन्धहरू लैङ्गिक समताको पक्षपोषणमा आधारित भएर लेखिएका पनि पाइन्छन् । लैङ्गिक समताको भाव बोकेका यिनका निबन्धहरूमा प्राचीन कालदेखि हालसम्म गरिएका लिङ्गभेद देखाइएका छन् । इसाई, मुस्लिम, बौद्ध, जैन, नानक, बैष्णव आदि सम्प्रदायमा छोरा र छोरीका लागि गरिने छुट्टै संस्कार, पितृपूजा, मातृपूजा आदिसँगै पाश्चात्य संस्कृति र पूर्वीय संस्कृतिसम्बन्धी धारणा, समलिङ्गीप्रतिको धारणा जस्ता कुराहरूलाई विषयवस्तुका रूपमा उठाइएका छन् । सजातीय विजातीय लिङ्गबीचको वैवाहिक मान्यतामा विजातीय विवाहलाई नै मान्नु प्राथमिकता दिनु पर्ने धारणामा तार्किक बहस देखिन्छ ।

लैङ्गिक चेतना मुख्य रूपमा आएका यिनका निबन्धहरूमध्ये **मानव संस्कृतिमा महामाताको धारणा** पनि हो । त्यसमा प्राचीन समयमा स्त्रीहरूको विशेष स्थान थियो । स्त्रीहरूलाई विशेष सम्मानका साथ हेरिन्थ्यो । त्यसैको स्वरूप लक्ष्मी, सरस्वती, दुर्गा आदिको पूजा गर्ने चलन आएको हो भन्ने विषयवस्तु उठाइएको छ । त्यसै गरी **समलिङ्गी परिवारको धारणा गलत छ** निबन्धमा पोथी-पोथी र भाले-भाले भएर प्रजनन प्रक्रिया हुँदैन । प्रजनन् प्रक्रिया हुन विपरीत लिङ्गी हुनु पर्दछ । अहिले समान लिङ्गी विवाहले मान्यता पाएर घर, समाज, परिवार आदि बर्वाद पारिरहेका छन् । चर्को रूपमा भ्रुणहत्या, वेश्यावृत्ति भइरहेको छ भन्ने कुरालाई तार्किक बहसका साथ व्यक्त गरिएको छ ।

## ३.१.७ यौनकला संस्कृति

विष्णु प्रभातका यौनकलासम्बन्धी सांस्कृतिक निबन्धले मानिसले यौनप्रति सोच्ने धारणा गलत छ । शिष्ट र शालीन तरिकाले यौनलाई सोच्नु पर्दछ । यौन कलाकारितालाई छाडा, विलासी र पाशविकस्तरमा ओराल्ने व्यवसायवादी नाफाखोरहरूको विरोध गर्नु मानवीय कर्तव्य हो भन्ने उनको विश्लेषण छ । यौन संस्कृतिसँग सम्बन्धित निबन्धमा **मानव सभ्यतामा यौन कलाकारिता** पर्दछ ।

यस निबन्धमा "यौनकला संस्कृतिको छुट्टै इतिहास छ । प्राचीन समयदेखि नै मन्दिरका टुँडालहरूमा, गीतका टुक्कामा, कथाको विराट परम्परामा समेत यौन भाव देखाइन्थ्यो ।"[६६] यौन कलाकारितालाई जथाभावी होइन शिष्ट र शालीन ढङ्गले यसको प्रयोग गर्नु पर्दछ भन्ने कुरा व्यक्त गरिएको छ ।

### ३.१.८ सिने संस्कृति

आजका सिनेमाहरूमा दयावान प्रभुको अवतारका रूपमा सामन्ती शासकहरूको स्तुतिगान गाइएको हुन्छ । एउटा नायकले अनगिन्ती लीला देखाउँछ, दर्शकहरूमा भ्रान्ति बाँडेर, प्रेमको आकर्षण दीर्घजीवि देखाए पनि परिवारको स्वरूप यान्त्रिक हुन्छ । प्रायः सम्पूर्ण सिने जगत शासकीय स्वरूपमा रमाएको हुन्छ । जनतालाई स्वच्छ मनोरञ्जन दिने, शिक्षा र जागरणको चेतना दिने सिनेमा बन्न सकिरहेका छैनन् भन्ने विवेचना प्रभातको निबन्धमा छ । सिने संस्कृतिको विषयवस्तु बोकेको निबन्धमा **व्यावसायिक सिनेमा र आजको आवश्यकता** रहेको छ ।

## ३.२ अन्तराष्ट्रिय संस्कृति

विष्णु प्रभातका अन्तराष्ट्रिय साँस्कृतिक विषयवस्तु भएका निवन्धहरूले विश्व परिप्रेक्ष्यका झलक दिन्छन् । विश्वका विविध संस्कार र ती संस्कारहरूसँग राष्ट्रिय संस्कार दाँज्ने प्रयास गरिएका कुनै निबन्ध छन् भने कुनै निबन्धमा विदेशी संस्कृतिले नेपाली संस्कृतिमा पारेको प्रभाव देखाइएको छ र ती प्रभाव निराकरण गर्न आफ्ना विचारहरू निष्कर्ष वा मूल विचारका रूपमा आएका छन् ।

**एसियाली संस्कृतिमा बढ्दो अन्तर्विरोध** निबन्धमा मध्यएसियाको बुद्धवाद, उत्तर पूर्वी एसियाको ताओवाद, दक्षिण एसियाको हिन्दुवाद, पश्चिम एसियाको इस्लामवादको बढ्दो अन्तरविरोधले देश-देशबीच द्वन्द्व चर्कदैं गएकाले राजनीतिक रूप लिँदै पटक-पटक चीन-भियतनाम, भियतनाम-कम्पुचिया, भारत-पाकिस्तान जस्ता देशमा वैचारिक द्वन्द्व, धार्मिक संस्कृतिका लागि जातीय द्वन्द्व बढ्दै गएको र त्यसको प्रभाव नेपालमा पर्दै गइरहेको देखाइएको छ । "अमेरिकीहरूमा पारिवारिक मूल्य, नैतिक मर्यादा र सामुदायिक दायित्व भताभुङ्ग पारिएको र तिनीहरू रक्सी, सम्भोग र सनकी जस्ता कुराको भोगी देखिने, तिनीहरूको संस्कृति दिनदिनै जर्जर, पाशविक र अकर्मण्य बन्दै गएको"[६७] भन्नेकुरो **पाशविक मूल्यको अमेरिकी संस्कृति** निबन्धमा देखाइएको छ । त्यस्तै **मानव संस्कृतिमा प्रार्थनाको स्थान** निबन्धमा विभिन्न जातिमा पाइने प्रार्थनाका रूपलाई केलाउने प्रयास गरिएको छ भने **जनवादी संस्कृतिका सम्वन्धमा** निबन्धमा संस्कृतिभित्र हुने वर्गद्वन्द्वको कुरोलाई अगाडि ल्याईएको छ ।

यसरी अन्तर्राष्ट्रिय संस्कृति बोकेका विष्णु प्रभातका निबन्धहरूमा विचार र चिन्तन पक्ष अत्यन्त शक्तिशाली रूपमा आएका छन् । **जनवादी संस्कृतिका सम्वन्धमा** शीर्षकको निबन्धमा विभिन्न उपशीर्षकहरू पनि आएका छन् । ती उपशीर्षकहरूले जनवादी संस्कृतिलाई चिनाउन नै मद्दत गरेका छन् । वस्तुगत, तार्किक र ओजपूर्ण

---

[६६] ----------, मानव सभ्यतामा यौनकलाकारिता, ऐजन पृ.९१ ।

[६७] ----------,*पाशविक मूल्यको अमेरिकी संस्कृति,* **समाज, संस्कृति र नैतिकता**, (काठमाडौं : कल्पवृक्ष प्रकाशन, २०६७), पृ. ८५-८६ ।

भाषाशैलीमा लेखिएका यी निबन्धहरू भावानुकूल भाषाको प्रयोगले सरल, सहज, काव्यात्मक, चित्ताकर्षक र सुगठित देखिन्छन् । तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतका भाषाको पनि प्रयोग गरिएको छ र कतै-कतै ठेट नेपाली भाषाको प्रयोग पनि पाइन्छ ।

## चौथो परिच्छेद

## विष्णु प्रभातका सांस्कृतिक निबन्धहरूको अध्ययन

## ४.१ परिचय

विष्णु प्रभात **खुर्सानी पुराण** (व्यङ्ग्य सङ्ग्रह) २०५१ सालदेखि निबन्ध विधामा कलम चलाउन थालेका व्यक्ति हुन् । व्यङ्ग्य निबन्धबाट सार्वजनिक भएका प्रभात एक संस्कृतिकर्मी पनि हुन् । यिनले आफ्ना सांस्कृतिक निबन्धहरूमा पूर्वीय र पश्चिमी जगत्का मान्यताहरूलाई अगाडिल्याई आफ्ना भनाइलाई अत्यन्त शक्तिशाली बनाएर प्रस्तुत गरेको पाइन्छ । यिनका संस्कृतिसम्बन्धी दुईवटा निबन्ध सङ्ग्रहहरू **संस्कृतिमा विकल्पवाद** (२०५२) र **समाज, संस्कृति र नैतिकता** (२०६७) प्रकाशित छन् । यी निबन्ध सङ्ग्रहहरूका निबन्धहरूको विश्लेषण तल गरिएको छ ।

## ४.२ संस्कृतिमा विकल्पवाद निबन्ध सङ्ग्रहका निबन्धहरूको विश्लेषण

### ४.२.१ कृति परिचय

**संस्कृतिमा विकल्पवाद** निबन्ध सङ्ग्रहभित्र जम्मा १३ वटा निबन्धहरू समेटिएका छन् । दर्शन, साहित्य, संस्कृति, अर्थतन्त्र, राजनीति आदि सबै क्षेत्रमा विकल्पहरूको खोजी भइरहेको छ भने मानिसले प्राचीन सभ्यताको युगलाई छाड्दै, सूत्र विद्याको रागलाई त्याग्दै सिर्जनाको खोजीमा संलग्न देखिन्छ । सामाजिक खोजका यिनै प्रक्रिया स्वरूप संस्कृतिमा पनि विकल्पको खोजी भइरहेको छ भन्ने देखाउनु र विकल्पवादको सामान्य धारणा अघि सार्नु यस सङ्ग्रहको मुख्य विशेषता हो । संस्कृति क्षेत्रका सङ्गति/ विसङ्गतिहरूको सरसरी चर्चा गर्दै प्रत्येक युगको संस्कृति विकल्प खोजका रूपमा हुर्कन्छ र नयाँ विकल्प पैदा नहुञ्जेल कायम रहन्छ भन्ने भाव भित्र यस सङ्ग्रहका निबन्धहरू समेटिएका छन् ।

**संस्कृतिमा विकल्पवाद**भित्रका सबै निबन्धहरू संस्कृतिसम्बन्धी नै भए पनि एकै नासका र एकै खालका भने छैनन् । कुनै निबन्ध लामा छन् भने कुनै निबन्ध छोटा र मझौला आयामका छन् । विषयवस्तुका हिसाबले पनि विविधता पाइन्छ । धार्मिक संस्कृति, जातीय संस्कृति, सामाजिक संस्कृति, जनवादी संस्कृति, वैचारिक संस्कृति आदि जस्ता संस्कृतिमा आधारित भएर लेखिएका देखिन्छन् । यस सङ्ग्रह भित्रका निबन्धहरूको छुट्टा छुट्टै अध्ययन तल प्रस्तुत गरिएको छ ।

#### ४.२.१.१ मानिस र उसको संस्कृति

**१. विषयवस्तु**

कृतिका बाह्य प्रकाशनको सारभूत अंश वा सारतðव तथा आन्तरिक सत्व वा गुदीलाई वस्तु भनिन्छ । यो जुनसुकै कृतिलाई अस्तित्व प्रदान गर्ने सर्वप्रमुख तðव हो । वस्तुविना कृतिको संरचना हुँदैन यस अन्तर्गत विषय, सत्व, आधार तत्व र यथार्थ पर्छन् ।[द्ध] मानिस मस्तिष्क वा मानव हृदयले टिपेका जुनसुकै सन्दर्भ पनि निबन्धका

[द्ध] खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०),पृ. ७७ ।

विषय हुन सक्छन् ।[इछ] निबन्धकारले लेख्नु पूर्व कुनै वस्तुका बारेमा सोचेकै हुनु पर्दछ र त्यसैका आधारमा निबन्धको स्वरूप तयार पार्दछ ।

**मानिस र उसको संस्कृति** निबन्धमा पदार्थको उच्चतम रूप प्राणी र प्राणी जगतको उच्चतम उत्पादन मानव जाति अनि यही मानव जातिले दिनानुदिन आर्जन गरेको विकासको शृङ्खला र जातीय सौहार्दताका साथै सांस्कृतिक उपलब्धिहरूलाई देखाइएको छ । बाँदर, मान्छे र वनमान्छे जैविक विकासका यात्रामा सँगैका सहभागी थिए । यस यात्राकै क्रममा मानिसले छिटो विकास गऱ्यो, आफ्ना मस्तिष्कहरू चलायो, गुफा र ओडारबाट ऊ गाउँ समाज र नगर बस्तीमा गयो । प्रकृतिको अनुकरण गर्दै दिमाग र हातको प्रयोग गर्न थाल्यो । दाह्रा, नङ्ग्रा आदिबाट ऊ भाला, बन्चरो हुँदै बम, बन्दुकसम्म पुग्यो, ध्वनिको, कामको, आमाबाबुको, साथीको, वस्तुको नक्कल गर्दा गर्दै भाषाको प्रारूप बन्यो र त्यसैको सहयोगमा ऊ अगाडि बढ्दै गयो । "आवश्यकता र आविष्कारबीच कल्पनाले महÕवपूर्ण काम गऱ्यो । सायद धनुकाँडको आविष्कार अघि त्यसको आवश्यकता बोध मात्र गरिएन बरू सिकारको निम्ति कस्तो साधन बनाउदा आफू सुरक्षित रहेर काम फत्ते गर्न सकिन्छ भन्ने प्रतिकारी कल्पना पनि साथै उब्जियो ।"[इट]

जङ्गली युगका कविलाहरू बगाल बाहिरका मान्छेलाई मान्छे नै ठान्दैनथे । त्यसैको सिको गर्दै प्राचीन ग्रिसेलीहरू पनि आफू बाहेक अरूलाई असभ्य ठान्दथे । जसरी सृष्टिको नियमित प्रक्रिया चलिरहन्छ त्यसरी नै मानिस र उसको संस्कृति पनि नित्य नवीन संकल्पका लागि हिड्नु र नित्य नवीन विकल्पका लागि भिड्नु स्वाभाविक कुरा हो भन्ने मूल विषयवस्तुभित्र यो निबन्ध अडेको छ ।

## २. उद्देश्य

साहित्य सिर्जनाको प्रयोजनमूलकतालाई उद्देश्य भनिन्छ ।[इठ] कृतिमा अभिव्यक्त गर्न खोजिएको प्रयोजन नै उद्देश्य हो । हरेक कृतिको रचना प्रयोजनमूलक ढङ्गले गरिएका हुन्छन् । मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण, यथार्थको प्रकटीकरण आदिलाई कृतिको उद्देश्य भनिन्छ ।[इड] विचारको प्रतिपादन गरी जायज पक्ष यो वा त्यो भनी  लेखक एउटा निष्कर्षमा पुग्नु नै उद्देश्य हो ।

**मानिस र उसको संस्कृति** निबन्धको मूल उद्देश्य मानिसको प्राचीन सभ्यता, मानव जीवनको साँस्कृतिक मूल्य, मानवले सँस्कृतिमा भोगेका दिनचर्या, मानवीय जीवन विकासको प्रमुख कारण जस्ता कुरालाई जानकारी दिनु रहेको छ । मान्छेले प्रकृतिको अनुकरण गरेर ढुङ्गे युगदेखि आजको विकसित मानव युगसम्म आइपुग्नुका प्रमुख  कारणहरूसमेत देखाइएको छ । मानवमा भएको मानवीय गुणको मद्दतले अन्य प्राणीहरूभन्दा मानव जाति उच्चतम भएको र उसका विकासका शृङ्खलाहरू निरन्तर अगाडि बढनेक्रम जारी भएको कुरा निबन्धमा यसरी देखाइएको छ : "... रुख

---

[इछ] देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेल, **नेपाली निबन्ध**, (काठमाण्डौं : नवीन प्रकाशन, २०५४), पृ. ६ ।

[इट] विष्णु प्रभात, **मानिस र उसको संस्कृति सस्कृतिमा विकल्पवाद** , भाग १, (काठमाण्डौं : कल्पवृक्ष प्रकाशन, २०५२), पृ. ६ ।

[इठ] खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्, पृ.४९ ।

[इड] खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. २२१ ।

ओढारको जीवन शैलीलाई गाउँ, वस्ती र नगरहरूतिर दगुरायौं । सुरुमा अनुकूल वातावरण खोज्दै, लगभग प्रकृतिको दास बन्दै नदी छेउछाउका जङ्गल, घाटीहरू र पहाडका थुम्काहरूमा रमाएको मान्छे हातको प्रयोग र दिमागको परिष्कारले नयाँ-नयाँ आविष्कार गर्दै अघि लम्कियो ।"[ᵹᵹ] भन्दै मानव जीवनको विकास र उसको संस्कृतिलाई देखाउनु यस निबन्धको प्रमुख उद्देश्य रहेको आभास पाइन्छ ।

## ३. भाषाशैलीय विन्यास

"सुव्यवस्थित ढङ्गले क्रमबद्ध रूपमा राख्ने कामलाई विन्यास भनिन्छ । सुहाउँदिलो रूपले मिलाएर व्यवस्थित गर्ने वा योजनावद्ध रूपमा राख्ने तरिका पनि विन्यास हो । कृतिको संरचक घटकका सन्दर्भमा भाषा, शैली, अग्रभूमिकरण, विम्ब, प्रतीक, छन्द, लय, अलङ्कार आदिको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ ।"[घण]

लेखन यात्रामा भरखरै बामे सर्दै गएको समयमा लेखिएको निबन्ध भए पनि यसको भाषा अत्यन्त परिष्कृत, पारिमार्जित र सरल देखिन्छ । लेखकले भाषामा निखारता ल्याएर आफ्नो मस्तिष्कलाई उत्तिकै क्रियाशील पारेका देखिन्छन् । प्रायः पूर्वीय मूलका शब्दहरूद्वारा लिखित निबन्धमा यदाकदा पाश्चात्य मूलका शब्दहरू 'बम', 'बन्दुक', 'क्षेप्याश्त्र' जस्ता शब्दहरू पनि प्रयोग गरिएका छन् । 'कविला', 'कुटुरो' जस्ता अप्रचलित शब्दहरू पनि यदाकदा देखिन्छन् भने 'तमसोमा ज्योतिर्गमय' जस्तो संस्कृत भाषाको उक्तिको प्रयोग पनि निबन्धमा भेटिन्छ । ब्यास शैलीमा लिखित निबन्धभित्र लामा छोटा सात अनुच्छेद देखिन्छन् भने अनुच्छेद समायोजनमा एकरूपता छैन । वाक्य प्रयोगमा पनि कुनै लामा वाक्य र कुनै छोटा वाक्यको प्रयोग गरिएको छ । जे भए पनि निबन्धको प्रस्तुतीकरण सरल छ ।

## ४.२.१.२. संस्कृति र सामाजिक जीवन

## १. विषयवस्तु

सांस्कृतिक निबन्धहरूको पहिलो सङ्गालो **संस्कृतिमा विकल्पवाद**को दोस्रो निबन्ध रचना **संस्कृति र सामाजिक जीवन** हो । यस निबन्धमा संस्कृतिको चिनारी दिनुका साथै सामाजिक जीवनका बारेमा चर्चा गरिएको छ । संस्कृतिलाई चिनाउनका लागि पाश्चात्य विद्वानहरू टेलर, क्रोवर, जे.एस्. टोलकिन, पाउल, ए.एफ्. वाल्टर, मेलिनोब्स्की, हम्बल, मोर्गन, स्मिथ, फेजर आदि विद्वानहरूको संस्कृतिसम्बन्धी परिभाषा ल्याइएको छ । त्यसै गरी मान्छेको संस्कार नै संस्कृतिको तात्पर्य हो भन्ने गोरख पाण्डे र कला साहित्य, इतिहास, भाषा, धर्म, दर्शन आदि विभिन्न विषय वा मूल परम्पराको समष्टि नाम संस्कृति मान्ने नेपाली बृहद् शब्दकोषको परिभाषाको पनि चर्चा गरिएको छ । यिनै परिभाषाहरूलाई मध्यनजर गर्दै "मानव रूचि र आवश्यकताको प्राप्ति प्रयासद्वारा संस्कृति निर्माण हुन्छ" भन्दै निबन्धलाई अगाडि बढाइएको छ ।

---

[ᵹᵹ] ऐजन, पृ. ४ ।

[घण] खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत् ।

हरेक संस्कृतिमा परिवारको बनोट र जातीय प्रथाका मान्यताहरू प्रतिबिम्वित भएका छन् । सबैका आआफ्ना प्रकारका चालचलन, बोलीवचन, लवाइ-खवाइ, रहन-सहन, रीति-रिवाज, विधिव्यवस्था आदि हुन्छन् । यस निबन्धमा निबन्धकारले "हरेक संस्कृतिको प्रभावशाली स्वरूप भने हर्दम सत्ता संस्कृतिको रूपमा नै कायम भएको हुन्छ । त्यसैले प्रत्येक कालखण्डमा संस्कृतिको एउटा पक्ष अर्को पक्षसँग टकराइ रहेको हुन्छ" [घज्ञ] भन्ने धारणा अघि सारेका छन् ।

हामीले संस्कृतिका विविध विकल्पहरूलाई परम्पराका रूपमा ग्रहण गर्दै आएका छौँ र सोही अर्थमा प्रयोग पनि गर्दछौँ । त्यसैले निश्चित भू-भागमा हुर्किएका मानव समुदायमा कुनै न कुनै प्रकारको संस्कृति हुर्कन्छ, चाहे कुनै निश्चित जाति होस्, चाहे कुनै निश्चित धर्म होस् चाहे सम्प्रदायनै किन नहोस् । ठाउँ, वातावरण, समयले संस्कृतिलाई स्थानीयता, राष्ट्रियता प्रदान गर्दछ । नेपालमा जातीय संस्कृतिबीचको एकता बलियो देखिन्छ । एक संस्कृतिले अर्को संस्कृतिलाई प्रभावित तुल्याउने कार्य पनि भइरहेको पाइन्छ भन्ने जस्ता विचार वाक्यभित्र यो निबन्ध संरचित छ ।

## २. उद्देश्य

संस्कृतिलाई चिनाउनु, संस्कृति भनेको के हो ? संस्कृतिले के के अर्थ वहन गर्छ ? विभिन्न विद्वानहरूले संस्कृतिलाई कसरी-कसरी परिभाषित गरेका छन् ? एक संस्कृतिले अर्को संस्कृतिलाई कसरी प्रभावित पार्छ ? भन्ने प्रश्नका उत्तर दिनु नै **संस्कृति र सामाजिक जीवन** निबन्धको मूल उद्देश्य देखिन्छ । प्रत्येक समुदाय कुनै न कुनै संस्कृतिमा आबद्ध हुन्छ । त्यसका अनेक विधिथितिहरू हुन्छन् र तिनीहरूलाई जगेर्ना गर्नु प्रत्येक जाति, धर्म, क्षेत्र र समाजको कर्तव्य हो । 'राष्ट्रिय स्तरमा तह-तहमा बाँधिएको संस्कृति सिङ्गो मानव संस्कृतिको एउटा सानो अंश मात्र हो' भन्ने भाव सन्देश सँगै हामीले हाम्रा संस्कृतिहरूलाई संरक्षण गर्दै जानु पर्दछ भन्ने विचार प्रक्षेपण गर्ने उद्देश्यका साथ यो निबन्ध तयार पारिएको छ ।

## ३. भाषाशैलीय विन्यास

**संस्कृति र सामाजिक जीवन** निबन्ध विशुद्ध गद्य भाषामा रचना गरिएको निबन्ध हो । नौ अनुच्छेदमा तयार पारिएको यस निबन्धलाई आत्मपरक शैलीमा प्रस्तुत गरिएको छ । निबन्धमा विभिन्न व्यक्तिहरूको संस्कृति सम्बन्धी परिभाषालाई प्रस्तुत गरिए पनि भूतकालीन क्रियापद 'गऱ्यो' एउटा मात्र प्रयोग गरिएको छ भने अन्य वर्तमानकालीन क्रियापदहरूबाट यस निबन्धको भाषाशैली र विन्यास तयार पारिएको छ । संस्कृतिसम्बन्धी विभिन्न विद्वान्हरूको परिभाषालाई प्रायः प्रस्तुत गरिरहेको हुँदा यस निबन्धको शैली विवरणात्मक देखिन्छ । निबन्धमा संस्कृतिलाई चिनाउन निबन्धकार सोझो रेखामा अगाडि बढिरहेका छन् । सरल र संयुक्त वाक्यको बाहुल्यता रहेको देखिन्छ भने कतै अल्पविरामहरूको प्रयोगमा अधिक्यता ल्याई लामो बनाइएको छ ।

---

[घज्ञ] ----------,*संस्कृति र सामाजिक जीवन*, ऐजन, पृ. १० ।

दुई तीन अक्षरे शब्दहरूको अधिक प्रयोग यस निबन्धको विशेषता देखिन्छ । छ अक्षरे 'मानवसमाज', 'मानवसंस्कृति' जस्ता शब्दहरू, सात अक्षरे 'आवश्यकतापूर्ति' जस्तो लामो शब्द प्रयोगले पनि निबन्धलाई केही आस्वाद्य बनाउन सघाउ नै पुऱ्याएको छ । निबन्धमा 'ग्रहणशीलता' 'सिर्जनशीलता' 'आचरण' 'आदर्श' आदि जस्ता तत्सम शब्दहरू 'बाँध्न', 'अर्को', 'जसको' आदि जस्ता तद्भव शब्दहरू अनि 'फ्रेजर', 'बुर्जुवा', 'तरिका' जस्ता आगन्तुक शब्दहरू प्रयोग गरिएका छन् । यद्यपि यस निबन्धमा तत्सम् शब्दको अधिक प्रयोग, तद्भव शब्दको बहुल प्रयोग र आगन्तुक शब्दको न्यून प्रयोग भए पनि भाषा दुर्वोध्य बनेको छैन । त्यस्ता शब्दहरू नेपाली जनजिब्रोले पचाइसकेका हुँदा सुबोध्य नै लाग्दछन् । समग्रमा यस निबन्धको भाषाशैलीय विन्यास मध्यम खालको छ ।

### ४.२.१.३ मानवसंस्कृतिमा विकल्प

### १. विषयवस्तु

**मानवसंस्कृतिमा विकल्प, संस्कृतिमा विकल्पवाद** भित्र समेटिएको तेस्रो निबन्ध हो । यस निबन्धमा सामुहिक भावना र परस्परको सहयोगद्वारा नै आदिम मानव समाज पनि अघि बढेको छ भन्ने मूल विषयवस्तु उठाइएको छ । इलम व्यवसायका आधारमा विभाजन गरिएका सामाजिक सीमाहरू, जातीय बन्धनहरू भत्कदैं, चुँडिदै गइरहेका र तिनीहरूलाई नियन्त्रण पैसा र पदले गरेको छ भन्ने कुरामा पनि यस निबन्धभित्र निबन्धकारले दृष्टि दिएका छन् । निबन्धभित्र मानिसले संस्कृतिमा एक पछि अर्को विकल्प खोज्दै अगाडि बढेको र ऊ कहिले पनि नथाकेको कुरा यसरी देखाउछन् : "समुद्र निहार्दै हिमाल खोलेर रेल दगुराए पनि मान्छेको मन शान्त भएको छैन । चन्द्र चाहार्दै सूर्यको विकल्प खोज्नमा तल्लीन छ आजको मान्छे ।"[घद] जोन कपर, कार्ल मार्क्स, फ्रायडका सांस्कृतिक मान्यताहरूलाई अगाडि ल्याउँदै जोन कपरको भनाइलाई अपूर्ण र फ्रायडको मान्यतालाई विसङ्गतिपूर्ण अनि अमानवीय मानेका छन् ।

नेपाली संस्कृतिमा केन्द्रीय र स्थानीय स्वरूपहरू पाइन्छन् । एक ठाउँको संस्कृति र अर्को ठाउँको संस्कृतिमा भिन्नता छ । जातीय संस्कृतिमा पनि फरक पन छन् । राष्ट्रिय संस्कृतिमा कुनै एउटाको वर्चस्व कायम हुनमा पनि सत्ताकै हात हुन्छ । उदाउँदा र अस्ताउँदा मान्यता र चाहना हुन्छन् । ती चाहनाहरू पनि विकल्पवादमै अडेको हुन्छ जस्ता कुरा नै यस निबन्धभित्र आएका विषयवस्तु हुन् ।

### २. उद्देश्य

**मानवसंस्कृतिमा विकल्प** निबन्धको मुख्य उद्देश्य विकल्पवादी सोच आजका मानिसमा हावी भइरहेको छ । मान्छेले हरेक कुराको विकल्प नियाल्दा नियाल्दै संस्कृतिको पनि विकल्प खोज्न थालेका छन् भन्दै तिनीहरूको विकल्प प्रस्तुत गर्नु रहेको छ । निबन्धमा आफ्ना भनाइलाई अगाडि ल्याएर स्पष्ट पार्न, आफ्ना उद्देश्यलाई प्रस्ट पार्न संस्कृतिसम्बन्धी विभिन्न विद्वानहरूको परिभाषा पनि प्रस्तुत गरिएको छ । मानिसलाई पैसा र पदले मात्तिएकाहरूले सामाजिक सीमाभित्र खुम्च्याउँदै ल्याएको छ

[घद] ----------,*मानव संस्कृतिमा विकल्प,* ऐजन, पृ. १५ ।

र ऊ एकपछि अर्को विकल्प प्रस्तुत गर्न लालायित भइरहन्छ भन्ने कुरातिर पनि विष्णु प्रभात दृष्टि दिन्छन् । ठाउँअनुसार, जातिअनुसार, क्षेत्रअनुसार मानिसका संस्कृतिहरू फरक-फरक हुन्छन् । एक ठाउँको संस्कृति अर्को ठाउँमा विकल्पको रूपमा प्रस्तुत हुन सक्छ । कुनै एउटाको मात्र वर्चस्व कुनै पनि संस्कृतिमा हुनु हुँदैन, यदि त्यस्तो भयो भने त्यो निरंकुश संस्कृति हुन्छ भन्दै विष्णु प्रभात सत्ता सञ्चालक व्यक्तिहरूले यी कुरा बुझेर अगाडि बढ्नु पर्ने विचार पनि व्यक्त गर्दछन् ।

## ३. भाषाशैलीय विन्यास

**मानवसंस्कृतिमा विकल्प** निबन्धको भाषाशैलीय विन्यास सामान्य वा मध्यम खालको छ । नेपाली तत्सम् शब्दहरूको प्रयोग गर्न धेरै खप्पिस देखिने विष्णु प्रभात यस निबन्धमा पनि तत्सम् शब्दकै बाहुल्यतामा जोड दिन्छन् तर ती शब्दहरू नेपाली जनजिब्रोले पचाइसकेको हुँदा जटिल र दुर्बोध्य नभई सरल र सुबोध्य लाग्छन् । त्यसैगरी तद्भव र आगन्तुक शब्दहरू पनि निबन्धमा प्रयोग गरिएका छन् । 'श्रम', 'चिन्तन', 'सीमा', 'नियन्त्रण' आदि जस्ता तत्सम शब्द 'सबै', 'पुरानो' जस्ता तद्भव शब्द, 'कायम', 'भरोसा', 'पहिचान' जस्ता आगन्तुक शब्दको प्रयोग गरिएका छन् ।

अनुच्छेद योजनामा असमानता पाइन्छ । तीन हरफे अनुच्छेददेखि लिएर बाईस्, तेईस् हरफे अनुच्छेदसम्मको प्रयोग पाइन्छ । यस निबन्धमा प्रायः छोटा छोटा बाक्यहरूमा गहन कुरा गरिएका र गम्भीर विषयवस्तुको प्रतिपादन गरिएका छन् । कतै कतै अनुप्रासयुक्त प्रयोगले निबन्धलाई अझै पठन योग्य बनाएको छ । जस्तै : 'श्रमको घुलनका रूपमा आकाँक्षाको झुलन बनेर'।[घघ] यहाँ घुलन र झुलनको अनुप्रास मिलाउने प्रयास गरिएको छ ।

यसरी प्रस्तुत निबन्धमा नेपाली भाषामा प्रयोग हुने तत्सम, तद्भव र आगन्तुक तीनै थरी स्रोतका भाषाहरूको प्रयोग गरिएको पाइन्छ । निबन्ध प्रसादगुण शैलीमा लेखिएको छ भने भाषाशैलीय विन्यास सामान्य वा मध्यम खालको छ ।

## ४.२.१.४ संस्कृतिका वैकल्पिक साधनहरू

## १. विषयवस्तु

**संस्कृतिका वैकल्पिक साधनहरू** निबन्ध **संस्कृतिमा विकल्पवाद** निबन्ध सङ्ग्रहको चौथो निबन्ध हो । यस निबन्धमा संस्कृतिका साधनहरूको बारेमा चर्चा गरिएको छ । संस्कृतिका साधनहरूको चर्चा गर्ने क्रममा विकल्पीय साधनहरू पनि आएका छन् । यस निबन्धले भाषा साहित्यको विकासले साधनहरूको प्रचुरतालाई माथि उठाएको र वर्ग विभाजन पछि हुर्केका जातिवादी, वर्णवादी र शक्तिपूजक संस्कृतिका मूल्यहरूले सत्ताको आडमा, स्वार्थको आडमा अनेक अन्धविश्वास, पुराण कथाहरू र धार्मिक धारणाहरू जन्माएका छन् भन्ने मूल विषयवस्तु बोकेको छ ।

सांस्कृतिक निबन्धकार विष्णु प्रभातले संस्कृतिका प्रमुख साधनहरू उत्पादन र उपभोगको भौतिक खाँचो, सिर्जना र मूल्याङ्कनको बौद्धिक खाँचो पूरा गर्नका लागि

---

[घघ] ----------,*मानवसंस्कृतिमा विकल्प* ऐजन, पृ. १६ ।

आएका र सांस्कृतिक विकल्पको खोजमा मानिससँग दर्शन रहेको कुरा व्यक्त गरेका छन् । सबैतिर होडबाजी नै होडबाजी चलेको छ त्यही होडबाजीले आफूलाई मान्छे भन्न पनि हिच्किचाउनु पर्ने अवस्था आइसकेको छ । खोक्रो, आक्रामक मन बोकेर मान्छे दिनदिनै आपराधिक कार्यमा संलग्न बन्दै गइरहेको छ । विज्ञानले विकास सँगसँगै विनास पनि ल्याएको छ । विश्वमा फरक संस्कृतिहरू अवलम्बन गरे पनि संस्कृतिका साधनहरू समान भेटिन्छन् । वैकल्पिक साधनहरूको खोजी भने दिनानुदिन भइरहेका छन् । इतिहास, साहित्य, कला, सङ्गीत, विज्ञान-प्रविधि, स्कुल-कलेज, रङ्गमञ्च-सिनेमा, पत्र-पत्रिका, सांस्कृतिक संस्थानहरू, रेडियो-टेलिभिजन जस्ता संस्कृति बाहक सन्दर्भहरूमा वैकल्पिक साधनहरू हावी हुँदै गइरहेका छन् भन्ने जस्ता विचार वाक्यभित्र यो निबन्धको भावभूमि अडिएको छ ।

## २. उद्देश्य

**संस्कृतिका वैकल्पिक साधनहरू** निबन्धको मूल उद्देश्य संस्कृतिका साधनहरू इतिहास, साहित्य, कला र सङ्गीत आदिजस्ता साँस्कृतिक साधनहरूमा पनि विकल्पवादी चिन्तन प्रक्रिया हावी भएको देखाउनु हो । यिनै कुराहरूलाई विष्णु प्रभातले यसरी देखाएका छन् : “चलचित्र र यसका विकल्पका रूपमा वृत्तचित्र, टेलीचित्र, चित्रचक्का ......... रङ्गमञ्चमा पनि नाटक, ख्याल, रासजस्ता अभिनयकला”[घढ] आदि । नाङ्गो यथार्थको प्रस्तुतिले संस्कृतिलाई सामाजिक मूल्यबोधबाट विमुख बनाउँदै गएको र हिंसा विरुद्धमा चनाखो रहनुपर्ने बाध्यता स्वरूप निबन्ध तयार पारिएको छ ।

## २. भाषाशैलीय विन्यास

साँस्कृतिक निबन्धकार विष्णु प्रभातद्वारा संस्कृतिका अनेक साधनहरू व्यक्त गरिएको **संस्कृतिका वैकल्पिक साधनहरू** निबन्धमा परिष्कृत र परिमार्जित भाषाशैलीय विन्यासको प्रयोग गरिएको छ । उनी निबन्धलाई बौद्धिकता र तार्किकतामा ढाल्ने भएका कारण पूर्वीय एवं पाश्चात्य ज्ञान र दर्शनबाट संस्कृति खोजी गरेर तिनीहरूबाट साधन निकाल्न विभिन्न सन्दर्भहरू प्रस्तुत गर्दछन् । भाषालाई सटिक र आस्वाद्य तुल्याउनका निम्ति निबन्धकार प्रभातले ‘ध्येय’, ‘मूल’, ‘अभिलाषा’, ‘विधि’, ‘विकल्प’, ‘समूह’ आदिजस्ता प्रशस्त तत्सम् शब्दहरूको प्रयोग गरेका छन् । त्यस्तै ‘सक्नु’, ‘छियाछिया’, ‘एक्ला-एक्लै’ आदिजस्ता तद्भव र ‘सिनेमा’, ‘रेडियो’, ‘टेलिभिजन’, ‘स्कुल’, ‘कलेज’ जस्ता आगन्तुक शब्दहरूको प्रयोग यस निबन्धमा देख्न सकिन्छ । त्यस्तै ‘मालसिरी’, ‘सोरठी’, ‘बालुन’ जस्ता ठेट नेपाली भाषाको प्रयोग पनि पाइन्छ ।

दुई-तीन अक्षरे छोटा-छोटा शब्दहरूका साथसाथै ‘अन्तर्क्रियाविहीन’, ‘हिचकिचाउनु’ जस्ता छ, सात अक्षरे शब्दहरू प्रयोग गरेर शब्द प्रयोगमा असमानता देखिए पनि विविध विषयहरूको प्रतिपादन र अभिव्यक्तिका सन्दर्भबाट हेर्दा उचित नै देखिन्छ । अनुच्छेद योजनाका दृष्टिले हेर्दा दस हरफदेखि पैंतीस हरफसम्म तन्किएको पाइन्छ ।

---

[घढ] ----------, *संस्कृतिका वैकल्पिक साधनहरू*, ऐजन, पृ. २३

यसरी तत्सम् शब्दको अधिक प्रयोग यस निबन्धमा देखिए पनि तद्भव र आगन्तुक शब्दहरूको प्रयोगले निबन्धको भाषा अत्यन्त सुबोध्य र सुरुचिपूर्ण रहेको छ भने अनुच्छेद योजना र शब्द संरचनाका तहबाट हेर्दा असमानता नपाइने होइन । जेहोस् भाषिक अभिव्यक्ति र विषयवस्तु अनुकूलको भाषाशैलीय विन्यासको प्रयोगले गर्दा यो निबन्ध उत्कृष्ट नै रहेको देखिन्छ ।

## ४.२.१.५ सांस्कृतिक निरन्तरता र विकल्प

### १. विषयवस्तु

परम्परागत रूपमा ढुङ्गेयुगदेखि कला, साहित्य, नाचगान, जात्राहरू हुँदै आएका र चित्र, मूर्ति र वास्तुकलाका माध्यमबाट सांस्कृतिक विम्बहरू प्रस्तुत हुँदै आएका कुराहरूसँगै निरन्तर प्रक्रिया स्वरूप त्यसमा विकल्पहरू खोज्दै अगाडि बढेको हाम्रो संस्कृतिमा विभिन्न नयाँ आयामहरू थपिएको कुरा नै संस्कृतिमा विकल्पवाद सङ्ग्रहभित्रको पाँचौ निबन्ध **सांस्कृतिक निरन्तरता र विकल्प**को मूल विषयवस्तु हो । जीविकोपार्जनका समस्याले सर्वप्रथम मानिसले बाँच्ने विकल्प खोज्छ भन्दै विष्णु प्रभात "जब धेरैको हितलाई कुल्चेर र राज्यद्वारा संरक्षित संस्कृतिले थोरैको हितलाई अँगाल्छ तब संस्कृति कर्मीहरूमा मात्र विद्रोह पलाउँदैन, सिङ्गो जनमानसले नै नयाँ विकल्प खोज्न लम्कन्छन्" भन्न पुग्छन् ।

विश्वव्यापी प्रतिस्पर्धामा पुँजीवाद र समाजवाद दुई समाजव्यवस्था रहेका र अघिल्लो अवसानतर्फ र पछिल्लो उत्थानतर्फ अगाडि बढेको कुरा विष्णु प्रभातले व्यक्त गरेका छन् । पुँजीवादमा 'पैसा भए जे पनि हुन्छ' भन्ने नारा हावी छ । निबन्धमा "अतीतलाई परिष्कार गर्दै वर्तमानको आलम्बमा 'देवासुर संग्राम' जन्मन्छ, 'प्रमिथस' जन्मन्छ , 'माधवी' जन्मिन्छे" भन्दै परम्परागत संस्कृतिको निरन्तरताको कुरो व्यक्त गरिएको छ । मानव संस्कृतिका मानवता, बौद्धिकता र स्वतन्त्रता जस्ता विशेषता र गुणहरूले संस्कृति परिवर्तनमा महÕवपूर्ण भूमिका खेलेको पाइन्छ । सकारात्मक विकल्पको अभाव भएपछि मानिस नकारात्मक विकल्पमा लाग्न उद्दत हुन्छ र जातीय सद्भावलाई समाजमा सदाका लागि समाप्त पार्दछ ।

यस निबन्धमा आजको समयमा विकल्पहरू खोज्दै जाँदा प्रजातन्त्र, समाजवाद र साम्यवादको परिकल्पनामा मानव पुगेको छ भन्दै जसरी रूपान्तरण सँगसँगै खानपान र पहिरन बदलिन्छ त्यसरी नै मानवीय संस्कारको उन्नतिमा संस्कृतिको निरन्तरता लिँदै सभ्यताका नयाँ-नयाँ चरणहरू सुरु हुन जान्छन् भन्ने कुराहरू विषयवस्तुभित्र समेटिएका छन् ।

### २. उद्देश्य

**सांस्कृतिक निरन्तरता र विकल्प** निबन्धले परम्परादेखि निरन्तर चलिआएका काम कुराहरूमा विविध विकल्पहरू खोज्दै अगाडि जाने मानविय प्रवृति चित्रण गर्ने मूल उद्देश्य छ । 'पैसा भए जे पनि हुन्छ' भन्ने मान्यताको ठीक विपरीत रहेर तयार पारिएको यो निबन्धमा नयाँ संस्कृतिले समता, बन्धुत्व र समृद्धिको चाहाना वृद्धि गर्दा

स्वतन्त्रता रोजगारी र सिर्जनालाई प्राथमिकता दिन्छ अनि निजी वैभव खडा हुन्छ तर त्यसले मानिसलाई मानिसकै दास बनाउने परम्पराको विरोध गर्दछ । एकातिर लोक सङ्घर्षका रूपमा आउँछ र अर्कोतर्फ सत्ता संघर्षका रूपमा शासकमा निरन्तर द्वन्द्व चलिरहन्छ भन्ने जस्ता भावाभिव्यक्ति दिने उद्देश्यहरू पनि यसमा आएका छन् ।

### ३. भाषाशैलीय विन्यास

नेपाली सांस्कृतिक निबन्ध फाँटमा चर्चित निबन्धकार विष्णु प्रभातद्वारा लेखिएको निबन्ध **सांस्कृतिक निरन्तरता र विकल्प** निबन्धको भाषाशैलीय विन्यास परिष्कृत एवम् परिमार्जित रहेको छ । निबन्धको भाषा गद्यात्मक हुन्छ भन्ने सैद्धान्तिक नियमभित्र रहेर यो निबन्ध तयार पारिएको छ । तत्सम शब्दकै बाहुल्यतामा निबन्ध तयार पार्ने प्रभातले 'जनता', 'संस्कृति', 'सिर्जना', 'सन्तुलन', 'क्रान्ति', 'मूल्य' आदिजस्ता प्रशस्त तत्सम शब्दको प्रयोग गरेका छन् । 'नयाँ', 'बुढाबुढी', 'सक्छन्', 'सिकाइ', 'दुई' जस्ता तद्भव र 'टेलिभिजन', 'प्रमिथस', 'होड' जस्ता आगन्तुक शब्दहरू पनि प्रयोग गरेका छन् । तर ती शब्दहरू नेपाली समाजले पचाइसकेका सरल र सुबोध नै छन् ।

अनुच्छेद योजनाका सन्दर्भमा प्रायः असन्तुलित देखिने यिनको विशेषता भए पनि प्रस्तुत निबन्ध अनुच्छेद योजनाका तहमा एकरूपता जस्तो नै देखिन्छ । शब्द योजनामा पनि दुई-तीन अक्षरे शब्दको बाहुल्यता देखिएपनि छ-सात अक्षरसम्मको असन्तुलित योजना पनि देखिन्छ । यद्यपि विषयवस्तुको गम्भीर र सूक्ष्म तहलाई पक्रने सन्दर्भमा देखिएको उक्त असन्तुलनलाई सामान्य नै मान्नुपर्ने हुन्छ ।

## ४.२.१.६ सांस्कृतिक विकल्पको सङ्कट

### १ विषयवस्तु

**संस्कृतिमा विकल्पवाद** पुस्तक भित्रको छैठौँ निबन्ध रचना हो **सांस्कृतिक विकल्पको सङ्कट** निबन्ध । यस निबन्धमा प्राचीन सभ्यतामा अज्ञानतावश भ्रम खडा थियो । मानिस आफूलाई राम्रो हुने वस्तुको पूजा गर्न, त्रसित वस्तुलाई प्रसाद चढाउन र आफ्नो आवश्यकता पूरा गर्ने वस्तुको संरक्षण गर्न हरदम तल्लीन रहन्थ्यो । विज्ञानको प्रादुर्भावसँगै भ्रम व्यवसायिकतामा परिणत भयो । फलस्वरूप संस्कृतिको मानवीय गरिमालाई डढाउँदै, प्रकृतिसँगको मानवीय वर्ग सङ्घर्षलाई विकल्प दिँदै मानिसलाई बाध्यतापूर्वक युद्धमा  लगाइयो । प्रत्येक मान्छेलाई गुलेली र बन्दुकको खेलौना दिएर सानैदेखि परपीडक मानसिकता लादियो ।

विष्णु प्रभातले मानवीय संस्कृतिमा विकल्पहरूको सङ्कट बढ्दै जाँदा मानिस-मानिसबीच फुट र कलहको स्थिति पैदा भयो भन्दै त्यसलाई यसरी व्यक्त गर्दछन् : "तँ सिया म सुन्नी, तँ यहुदी म इसाई, तँ क्याथोलिक म प्रोटेस्टेन्ट, तँ हिन्दू म बौद्ध, तँ आर्य म किराँत, तँ बाहुन म मगर ।"[घछ] यस्तै यस्तै फुट ल्याउँदै, साना साना टुक्रामा विभाजित बन्दै जान थाल्यो । हिंसा र पीडामा रुमलिन थाल्यो । मानवीय

---

[३५] ——————–,*;f+:s[lts ljsNksf] ;*[a]*\s6*, P]hg, k[= #) .

नरसंहार हुँदै जान थाल्यो । पहिलो र दोस्रो विश्वयुद्ध निम्त्याइयो । वर्तमान संस्कृतिलाई सङ्कटमा पार्ने प्रमुख कारण युद्ध भयो । संस्कृतिका साधनहरू विक्री हुनथाले, लिलाम हुन थाले । हाम्रा देशका बहुमूल्य साँस्कृतिक सम्पदा युरोपेली बजारमा पुगिसके । लेखकहरू भ्रान्ति लेखनमा लाग्ने, पत्रकार संचार माध्यमले राष्ट्रिय एकता खलबल्याउने, पश्चिमी संस्कृतिका डिस्को र पपले नेपाली सङ्गीतको मधुरता हत्या गर्ने आदि संकटहरू देखा पर्दै   गए ।

विभिन्न अश्लील कृतिहरूको विगविगी, दाइजो प्रथा, यौन विकृति छिटो गाउँ-गाउँमा फिँजिदै गएको छ । पुँजीवादी संस्कृतिले वैज्ञानिकहरूलाई मानवघाती हतियार बनाउन खरबौँ रुपियाँ लगाइरहेका छन् । युद्धमा भएको मानवीय क्षतिलाई मानव अधिकारवादी टुलुटुलु   हेर्छन् । दिनानुदिन देश-देशबीचको झगडा गराइयो । यिनै सङ्कटभित्र गुज्रँदै नेपाली संस्कृति पनि अगाडि बढ्यो । पुरानो सामन्ती सत्ता विस्तार विस्तारै ढल्दै जान थाल्यो । सती प्रथा, दास प्रथाका  साथै राणाशासनको पतन भयो । अग्रगामी विकल्पले सङ्कटहरू मोचन गर्दै जान थाले भन्दै पुँजीवादी सत्ताको विरोध गर्नु र अग्रगामी विकल्प अपनाउनु भन्ने उद्घोषका साथ निबन्ध समाप्त भएको छ ।

## २. उद्देश्य

यस निबन्धमा मुख्यतया विकल्पवादले संस्कृतिलाई कतिसम्म असर पार्दछ भन्ने देखाउनु रहेको छ । प्राचीन समयदेखि हालसम्मका साँस्कृतिक विकल्पहरूले पारेका प्रभावले मानिसलाई जबरजस्ती दास बनाउँदै युद्धमा धकेल्यो । पुँजीवादी संस्कृति हावी भयो, जोसँग पैसा छ उसले सम्पूर्णतालाई आफ्नै बनाउदै जानु, ठूला-ठूला युद्ध निम्त्याउनु जस्ता कुराहरू देखाइएको छ । विकल्पहरूले गर्दा नै सङ्कटका शृंङ्खलाहरू दिनानुदिन बढ्छन् । पुँजीवादी संस्कृतिले देश बर्वाद पारेको र हाम्रो देशमा भएका प्राचीन साँस्कृतिक सामग्रीहरू युरोपका बजारमा विक्री गरिएका कुराहरू अनि लेखकहरू अश्लील किताब प्रकाशनमा व्यस्त भएका; मानवअधिकारकर्मी युद्धमा मानवीय क्षति हुँदा पनि चुपलागेर बसेका; व्यक्तिवादी पनि हावी भएका जस्ता कुराहरू देखाई पुँजीवादी संस्कृतिले विकास नभई विनास निम्त्याएको तीतो यथार्थ व्यक्त गर्दै अग्रगामी सोचका साथ आज मानव समुदाय अगाडि आएको  र त्यही सोचमा लाग्नु नै मानव समुदायको कल्याणको विकल्प खोज्नु हो भन्ने मूल उद्देश्यका साथ यो निबन्ध तयार पारिएको छ ।

## ३. भाषाशैलीय विन्यास

तत्सम् शब्दको बाहुल्यतामा आफ्ना निबन्धहरू तयार पार्ने विष्णु प्रभातको प्रमुख विशेषता नै हो । यस निबन्धमा पनि गद्यका बाह्र अनुच्छेदमा ‘प्रकृति’, ‘भ्रम’, ‘रहस्य’, ‘भ्रान्ति’, ‘सङ्कट’, ‘प्रत्यक्ष’ आदिजस्ता तत्सम् शब्द भेटिन्छन् । त्यस्तै ‘पुज्छौ’, ‘खेत’, ‘धुलोपिठो’ जस्ता तद्भव र ‘बन्दुक’, ‘प्रोटेस्टेन्ट’, ‘क्याथोलिक’, ‘चाकरी’,

'सरकार', 'सिफारिस' जस्ता आगन्तुक शब्दको प्रयोग पनि पाइन्छ । यदाकदा 'खैंजडी', 'मुर्चुङ्गा', 'सारङ्गी' जस्ता ठेट नेपाली शब्दहरू पनि प्रयोग गरेर निबन्धलाई रोचक र सुबोध्य बनाइएका छन् ।

निबन्धमा 'जसको थुप्रो दाम-उसको राम्रो काम', 'सूर्य सबैको प्यारो' जस्ता सूक्तिहरूको प्रयोग पनि पाइन्छ । प्रायः दुई-तीन अक्षरे शब्ददेखि सात अक्षरे शब्दसम्म प्रयोग गरेका छन् । परिष्कृत र परिमार्जित भाषाशैलीय विन्यास देखिए पनि निबन्ध सरल र सुबोध्य छ ।

## ४.२.१.७ अग्रगामी विकल्प या विकल्पवाद

### १. विषयवस्तु

**अग्रगामी विकल्प या विकल्पवाद** निबन्ध सांस्कृतिक निबन्धहरूको सँगालो **संस्कृतिमा विकल्पवाद**मा सङ्ग्रहित सातौँ निबन्ध हो । यस निबन्धमा विष्णु प्रभात अग्रगामी सोच र विचारलाई विकल्पवादको मान्यतामा अगाडि सार्दछन् र विकल्पवाद बारे प्रस्ट पार्दछन् । भ्रम र भ्रान्तिको बोलवालामा अल्झिएको नेपाली संस्कृतिमा पुरानो सत्य र नयाँ सत्यको वैकल्पिक पक्षबीच साँस्कृतिक द्वन्द्व चलिरहन्छ अनि यसै बीचबाट अग्रगामी विकल्प अघि बढ्छ । यो अग्रगामी विकल्प सकारात्मक र नकारात्मक हुन्छ । यस निबन्धमा विकल्पहरूका एकOवमा बाँधिएको भिन्नता हो भन्ने कुरालाई यसरी व्यक्त गरिएको छ : "जसरी दुई विकल्प निजी/साझा, सकार/नकार,मूर्त/अमूर्त, संकीर्ण/व्यापक, दिन/रात आदि .....तीन विकल्प बाल/युवा/बृद्ध, जन्म/जीवन/मृत्यु, सजाती/विजाती/अर्न्तजाती, स्त्री/पुरुष/उभय आदि तीन विकल्प पनि सँगै आउँछन् ।" [घट]

मानव व्यवहार पनि वैकल्पिक साधनमा अडेको छ भने मौसमी परिवर्तन पनि विकल्पवादमा अडेको छ । विकल्पवादलाई थप प्रस्ट पार्न कड्वेल, बालकृष्ण सम, प्राचीन युनानी विचार र उपनिषद्का भनाई पनि समेटिएको छ र विकल्पको खोजीमा अग्रगामी सोच नवीन रूपमा अगाडि बढेको तथ्यलाई यसरी देखाई विषयवस्तुलाई अझ मजबुत पारिएको छ : " वैकल्पिक चेतनाको खोजबिन गर्ने स्पीनोजदेखि फ्रान्सिस बेकनसम्म मात्र सीमित छैन बरु मार्क्स, एंगेल्स हुँदै मानव ज्ञानको वर्तमान विश्लेषण सम्म आइपुगेको छ ।"[घठ]

विकल्पहरूबीच विद्रोह पैदा हुन्छ र विकल्प जन्मन्छ । कुनै पनि कुराको विकल्प नखोजिएमा त्यो निरंकुश सावित हुन्छ । मानव विकासको सार वैकल्पिक चेतनामा अडेको छ तर पुरानो विचारमा रमाएकाहरूले नयाँ मान्यतालाई सहन नसक्ने हुँदा सुकरात, ग्यालिलियो, ब्रुनो लगायत माधवराज शास्त्री, लक्ष्मीप्रसाद देवकोटा, मोदनाथ प्रश्रित जस्ता व्यक्ति दण्डित भएका देखिन्छन् । साहित्यमा एक पछि अर्को वाद विकल्पवादका रूपमा आएको छ । यस निबन्धमा विकल्पलाई नियमित विकासको सिद्धान्त मान्नुपर्ने धारणा व्यक्त छ वैकल्पिक समुच्चयलाई सम्पूर्ण विषयवस्तु भित्र

---

[घट] ----------,*अग्रगामी विकल्प या विकल्पवाद,* ऐजन,, पृ.३८ ।

[घठ] पूर्ववत् पृ. ३९ ।

समेटेर तयार पारिएको यो चिन्तनप्रधान रचनाले विकल्पवादको सामान्य रूपमात्र अघि सार्ने काम गरेको छ ।

## २. उद्देश्य

**अग्रगामी विकल्प या विकल्पवाद** निबन्धले अग्रगामी सोच र विचारले युक्त भएको वैकल्पिकताले नै शक्तिशाली रूप ग्रहण गर्न सक्दछ । विकल्पहरू वस्तुसत्ता र विचारसत्ताको असन्तुष्टिबाट विद्रोही रूप लिन्छन् र नयाँ विकल्प बनेर जन्मन्छन् । नवीन विकल्प जन्मिदा सुरुमा केही आलोचित वा दण्डित पनि हुन्छन् । ती दण्डित र आलोचित भए पनि तिनीहरूकै सेरोफेरोमा संस्कृति घुम्दछ र नवीन मान्यता उब्जन पुग्दछ । साहित्यका वादहरू पनि एक पछि अर्को विकल्पकै रूपमा अगाडि ल्याइएका हुन् । विकल्पहरू नखोजीकन, विकल्पहरू नल्याईकन अगाडि बढ्ने हो भने त्यो निरङ्कुश बन्न जान्छ । विकल्पकै स्वरूपमा वैज्ञानिक चमत्कारहरू अगाडि आएका हुन् । भौतिक राजनीतिक चिन्तनहरू आएका हुन् भन्ने कुरा दर्शाउने प्रमुख उद्देश्यका साथ रचना कर्मलाई रोचक बनाएर व्यक्त गरिएको छ ।

## ३. भाषाशैलीय विन्यास

कुनै पनि लिखित वा मौखिक कुराको अभिव्यक्तिको माध्यम भाषा हो भने त्यसलाई प्रस्तुत गर्ने तरिका शैली हो । **अग्रगामी विकल्प या विकल्पवाद** शिर्षकको यो निबन्धमा भाषाशैलीय विन्यास कलात्मक एवम् मध्यम प्रकारको रहेको छ । संस्कृत तत्सम् शब्दकै बहुल प्रयोग देखिने यस निबन्धमा नेपाली तद्भव शब्दको समेत अत्याधिक प्रयोग देखा  पर्दछ । यसले भाषालाई सटीक र सुरुचिपूर्ण बनाएको छ र अभिव्यक्तिलाई धारिलो पार्न मद्दत पनि पुऱ्याएको छ । यसै सन्दर्भमा हेर्दा यस निबन्धमा 'भ्रान्ति', 'सत्य', 'अग्रगामी', 'मानवचेतना', 'प्रतिबिम्ब' जस्ता तत्सम शब्दको प्रयोग पाइन्छ । अत्याधिक मात्रमा तत्सम शब्दको प्रयोग भएको देखिए पनि यहाँ आएका प्रायः शब्दहरू नेपाली जनजिब्रोले पचाइसकेका सरल र सहज प्रकृतिका नै देखिन्छन् । यी शब्दहरू सजधज रूपमा प्रयोग गरिएका नभई स्वभाविक रूपमा आएको देख्न सकिन्छ । त्यसरी नै निबन्धमा 'दोस्रो', 'पानी', 'बाँध्नु', 'हप्ता' जस्ता तद्भव र 'सुट', 'नोट', 'मिनेट', 'सेकेन्ड' आदिजस्ता आगन्तुक शब्दहरूको पनि स्वाभाविक प्रयोग भएको छ ।

दुई तीन अक्षरे छोटा र मीठा शब्दको बहुल प्रयोग यस निबन्धको भाषिक विशेषता बनेको छ । यद्यपि यस निबन्धमा 'आवश्यकताबोध', 'समाजविकास', 'मानवइतिहास', 'अवधारणाअनुकूल' जस्ता लामा शब्दको प्रयोग पनि यथोचित ढङ्गमा भएको देखिन्छ । अनुच्छेद योजनामा पनि एकरूपता देखिँदैन । पाँच वाक्यको छोटो अनुच्छेददेखि लिएर अट्ठाईस वाक्यभएको लामो अनुच्छेदसम्म फैलिएर जम्मा तेह्र अनुच्छेदमा यो निबन्ध तयार पारिएको छ ।

विभिन्न विद्वानका भनाइहरूलाई जस्ताको तस्तै साभार गरेर  निबन्ध तयार पारिएको भए पनि ती भनाइहरूले अझ विषयवस्तुलाई स्पष्ट र भाषाशैलीय विन्यासलाई रोचक बनाएको पाइन्छ । यसप्रकार तत्सम शब्दको बहुल प्रयोग, तद्भव

शब्दको व्यापक प्रयोग अनि आगन्तुक शब्दहरूको सीमित प्रयोग, दुई-तीन अक्षरे शब्दहरूको अधिक प्रयोग भए पनि नौ अक्षरे 'अवधारणाअनुकूल' जस्तो प्रयोगले गर्दा विवेच्य **अग्रगामी विकल्प या विकल्पवाद** निबन्धको भाषाशैलीय विन्यास मध्यमस्तरको बनेको देखिन्छ । निबन्धमा व्यक्त गम्भीर विषयवस्तुको प्रतिपादनमा भने प्रयुक्त भाषाशैलीय विन्यास उपयुक्त र सार्थक बनेको  पाइन्छ ।

### ४.६.१.८ विकल्पवादमा विचारद्वन्द्व

### १. विषयवस्तु

**विकल्पवादमा विचारद्वन्द्व** निबन्ध **संस्कृतिमा विकल्पवाद** निबन्ध सङ्ग्रहभित्रकै अर्को निबन्ध हो । यस निबन्धमा हरेक कुराको विकल्प खोजिएको भाव व्यक्त गरिएको छ । नेपाली समाज जातीय विविधताको द्वन्द्वमा अल्भिएको छ । वैकल्पिक प्रतिद्वन्द्विता नै यसको विशेषता रहेको छ । धार्मिक सम्प्रदायमा कुरा गर्दा सुरुमा एउटा धर्म अनि धर्मका विकल्पमा अनेकौँ धर्म, अनेकौँ धर्मका विकल्पमा शाखा धर्म (जस्तै : बौद्धमा हिनयान र महायान, इस्लाममा सिया र सुन्नी, इसाइमा क्याथोलिक र प्रोटेस्टेन्ट आदि) विकसित बनाइएको भएपनि पदार्थको अस्तिÕव भएजस्तै यथार्थको पनि अद्वैत छैन र विकल्पवाद पनि भौतिक र बौद्धिक दुबै अर्थमा अद्वैत छैन भन्दै विकल्पवादको व्याख्या गर्नु यस निबन्धको मूल विषयवस्तु हो ।

निर्जीव-सजीव, सक्कली-नक्कली, अनुकूल-प्रतिकूल, आगो-पानी आदि सबैका विकल्प हुन्छन् वा दुवै वैकल्पिक पक्षहरूको एकात्मक उपस्थितिमा एक अर्कोबाट प्रभावित हुने क्रम पाइन्छ भन्दै विकल्प खोज्ने शास्त्रका रूपमा तर्कशास्त्रको उदाहरण दिइएको छ अनि व्यवहारिक विकल्प खोज्दै जाँदा विज्ञानका विराट आविष्कार पनि आएका कुरालाई विष्णु प्रभातले आफ्नो निबन्धको विषयवस्तु रोजेका छन् । विकल्पवादी हेराइमा नेपाली संस्कृति पनि जातीय विविधतामा अडिनुका साथै सामाजिक जीवन कला-साहित्य, गीत-संङ्गीत र संस्कारहरू, खान-पान, बोली-भाषा, मान्यता चिन्तनधारा एवं दर्शन  र धर्मका भिन्नताहरूमा वैकल्पिकता खोजिएको देखिन्छ । यसरी हरेक कुरामा विकल्प खोज्ने परिपाटी मानव समुदायमाझ उपस्थित भएको कुरा प्रस्तुत निबन्धको मुख्य विषयवस्तु हो भन्न सकिन्छ ।

### २. उद्देश्य

हामी मानव जाति हरेका कुरामा विकल्प खोज्छौँ । सबै बिकल्पहरू उत्तिकै समानताका  हुँदैनन् । कुनै विकल्प बढी र कुनै कम समानताका पनि हुन्छन् । ती विकल्प खोज्दै जाँदा मानिसले कतिमा सफलता पनि प्राप्त गरेको छ र कतिमा हण्डर पनि खानु परेको छ भन्ने यथार्थ प्रष्टपार्ने अभिव्यक्ति नै यस निबन्धको मुख्य उद्देश्य हो । विकल्पै विकल्प प्रस्तुत गर्दै जाँदा हामी खानाको विकल्प, आफ्नै विकल्प अनि आफू बाँचेकै विकल्प आदि जस्ता अनेकौँ विकल्प खोज्छौँ । यही विकल्पकै खोजाइमा हाम्रो जाति, धर्म, परम्परा, संस्कृति टुक्रँदै गएको छ र कुनै दिन विकल्पकै खोजाइमा लाग्दै जाँदा राष्ट्र नै पनि टुक्रिने खतराबाट बच्न आग्रह गर्नुपर्ने अवस्था आइनलागोस् भन्ने सन्देश दिनु पनि निबन्धको उद्देश्य हो ।

### ३. भाषाशैलीय विन्यास

यस निबन्धको भाषाशैलीय विन्यास अत्यन्त सरल छ भने कुनै-कुनै वाक्यमा जबरजस्ती शब्द प्रयोग गरेर बुझ्न कठिन जस्तो बनाइएको छ भने कुनै वाक्यमा अप्रचलित शब्दको प्रयोग पनि गरिएको छ जस्तै : 'धङतडाएका', 'भ्रमबद्धता' आदि । पाँच अनुच्छेदमा विभक्त यस निबन्धका सबै अनुच्छेद समान किसिमले विभाजित गरिएका छैनन् । कुनै अनुच्छेद लामा छन् भने कुनै छोटा र मझौला खालका छन् । शब्द प्रयोगमा तत्सम, तद्भव र आगन्तुक तीनै थरीका शब्दहरूले भरिपूर्ण भएको छ । निबन्धमा 'इतिहास', 'धारणा', 'नास्तिकता', 'चेतना', 'आकाङ्क्षा', 'अनुभूति', 'सजीव'जस्ता तत्सम शब्दहरू, त्यसैगरी 'जुक्ति', 'चार' आदिजस्ता तद्भव शब्दहरू अनि 'क्याथोलिक', 'प्रोटेस्टेन्ट' जस्ता आगन्तुक शब्दहरू आएका छन् । तर यस्ता शब्दहरू नेपाली जनजिब्रोमा फिजिइसकेको हुँदा निबन्ध दुर्बोध्य नभई सुबोध्य नै देखिन्छ । यो निबन्ध वर्णनात्मक वा प्रवचनात्मक शैलीमा लेखिएको छ । समग्रमा निबन्धको भाषाशैलीय विन्यास सरल, सहज र ग्राह्य छ ।

## ४.२.१.९ विचारद्वन्द्वमा समयबोध

### १. विषयवस्तु

**विचारद्वन्द्वमा समयबोध** निबन्ध **संस्कृतिमा विकल्पवाद** नामक सांस्कृतिक निबन्धहरूको संगालोको नवौं निबन्ध हो । यस निबन्धमा वर्गीय समाजमा विचारको द्वन्द्व परापूर्व कालदेखि रहँदै आएको कुरालाई मुख्य विषयवस्तु बनाइएको छ र त्यसैको निरन्तरता आजसम्म पनि चलिरहेको देखाइएको छ । विचारकै द्वन्द्वमा रहेर बौद्ध ग्रन्थ जलाइएको, चर्वाकका विचारसम्बन्धी पुस्तक जलाइएको, मुस्लिम ग्रन्थ जलाइएको, भारतमा १९६२ मा मार्क्सवादी पुस्तक जलाइएको, हिट्लर र मुसोलिनीहरूले फासिज्म विरोधी पुस्तक जलाएका जस्ता कुराको उल्लेख गरिएको छ । त्यति भएर पनि प्रतिपक्ष विचारहरू शक्तिशाली रूपमा आएका र यिनैको बीचबाट हाम्रो संस्कृतिको इतिहास हुर्केको कुरालाई निबन्धकारले दृष्टि दिएका छन् ।

पूँजीवादीकै दुहाइमा हुर्केको प्रजातन्त्रले मार्क्सलाई अनेकौं पटक देशनिकाला गर्छ, लेनिनका मूर्तिहरू टुक्रा-टुक्रा पारेर विक्री गर्न पुग्छ । साहित्यले युगको आवाज बोल्छ । वीरकालीन कविताले वीरताको, भक्तिकालीन कविताले भक्तिको गीत गाएको देखिन्छ । त्यो पनि समयकै विचार द्वन्द्वको उपज देखिन्छ । प्राचीन समयमै याज्ञवल्क्यले गार्गीका तर्कमा टिक्न नसक्नु, राणाहरूले माधवराजको तर्कमा टिक्न नसक्नु र उनलाई सजाय दिनु पनि विचार द्वन्द्वकै प्रतिफल हो । आजको विश्वका साम्राज्यवादीहरूले जनताको बुद्धिलाई मत्थर पार्न अनेक षड्यन्त्र गरिरहेका र चारो छरे जस्तो गरेर निरन्तर त्यसैमा लागि रहेका छन् भन्ने कुरा निबन्धभित्र यसरी आएको छ : "जर्मनेलीहरूले 'व्यक्तिकल्याणभन्दा समाजकल्याण उच्च' भन्नु, जापानले 'शोषणहीन निप्पोन' को नारा दिनु, बेलायतले प्रजातन्त्रको गफ हाँक्नु, फ्रान्सले 'भाइचारा समाज' को हल्ला फिंजाउनु, अमेरिकाले 'दौलत भाग लगाउनु' भन्नु ,

भारतले 'गरिबी हटाओ' भन्नु-जस्ता कथा सुनाउँदै हिँड्नु छली प्रथाका विशिष्ट नमूना हुन् ।"[घड]

मानव जातिको इतिहासमा संसारकै धेरै हतियार थुपारेर अमेरिका आफूलाई युद्धविरोधी बताउँछ र मानवताको रक्षाका नाममा अनेक देशहरूमा युद्ध चर्काउँछ । विचार द्वन्द्वलाई मत्थर पार्नकै लागि विकल्पित रूपमा शासक वर्गलाई परास्त गर्नका लागि अनेकौं वर्ग सङ्घर्ष हुन्छन् । ती वर्ग सङ्घर्षहरूले जनताको हितका लागि केही गर्ने भो र जनता जागरुक भई आफु परास्त हुने भइयो भनेर शासक वर्गले अनेकौं निरङ्कुशता अपनाउँछ र दण्डित गर्छ भन्ने जस्ता विषयवस्तुमा आधारित भएर तयार पारिएको निबन्ध हो यो ।

## २. उद्देश्य

विचारहरू शक्तिशाली हुन्छन् । तिनीहरूको प्रयोग सही ठाउँमा गर्नुपदर्छ । विचारकै द्वन्द्वमा फसेर अनेकौं युद्धहरू भए, अनेकौं पुस्तकहरू जलाइए । लेखकहरू, वैज्ञानिकहरू दण्डित र विस्थापित पारिए । पुँजीवादीहरूको हालिमुहाली शासनले जनतामा भ्रम फिँजाउन, उनीहरूको बिचारलाई भुत्ते पार्न अनकौं नाराहरू दिएर, आफ्नो वर्गलाई खुसी पार्दै निरंकुशता थुपार्ने गर्दै गइरहेका छन् । शक्तिशाली राष्ट्रहरू मत्स्यन्यायको सिद्धान्त लागू गर्दै निर्धा र साना राज्यलाई दबाउँदै आणविक हातहतियार थुपारी आफू युद्ध विरोधी भएको घोषणा गर्छन् र मानवअधिकार रक्षाका लागि भन्दै युद्ध  चर्काउँछन् । वर्गसङ्घर्ष, जनसङ्घर्ष चम्कने भो र हामी खत्तम हुने भयौं भनेर निरङ्कुशता लाद्छन् भन्ने तथ्य स्पष्ट पार्ने उद्देश्यभित्र यो निबन्ध प्रस्तुत भएको छ ।

## ३. भाषाशैलीय विन्यास

साँस्कृतिक निबन्धकार विष्णु प्रभातद्वारा लिखित विचारद्वन्द्वमा समयबोध निबन्धको भाषाशैलीय विन्यास  परिष्कृत र परिमार्जित रहेको छ । मझौला आयामकै वाक्य प्रयोगगर्न रुचाउने प्रभातका अन्य निबन्धहरूमा जस्तै यसमा पनि सोही प्रवृत्तिले स्थान पाएको   देखिन्छ । तत्सम्, तद्भव र आगन्तुक तीनै स्रोतका शब्दहरूको भाषानुकूल प्रयोग गर्ने निबन्धकार प्रभातको प्रस्तुत निबन्धमा पनि तत्सम् शब्दको प्रयोग अधिक नै देखा पर्दछ । यद्यपि यस्ता शब्दहरू नेपाली जनजिब्रोले पचाइसकेका छन् । विषयवस्तु अनुसार भाषाको प्रयोग गर्ने क्रममा विष्णु प्रभातले 'प्रभाव', ' द्वन्द्व', 'समाज', 'जीवनशैली' आदिजस्ता तत्सम् शब्दको प्रयोग गरेका छन् भने 'बाघ', 'पुरानो', 'सहिष्णु', 'हात' जस्ता तद्भव र 'हुकुम', 'कम्युन', 'चलाखी', 'जेल', 'आखिर' जस्ता आगन्तुक शब्दहरूको प्रयोग पनि अत्यन्त सहजतापूर्वक गरेका छन् ।

नौ, दश हरफदेखि बयालीस, त्रिचालीस हरफसम्मको अनुच्छेद योजना प्रस्तुत निबन्धमा देखिन्छ भने शब्द प्रयोगमा दुई-तीन अक्षरका शब्दहरूको अधिक प्रयोग पाइन्छ । निबन्धलाई रोचक र आफ्नो भनाइलाई स्पष्ट पार्न लक्ष्मीप्रसाद देवकोटाका कवितात्मक पङ्तीहरू पनि आएका छन् । जस्तै :

---

[घड] ----------,*विचारद्वन्द्वमा समयबोध,* ऐजन, पृ. ५३ ।

"यहाँ बाघको हुकुम चलिरहेछ"[घढ]

"बाघका जुँगा तानी सोध!

राष्ट्रका दुश्मन गोद न गोद !

हात ती तिम्रा भ्रुण्डन होइनन्, माथ यी तिम्रा मुण्डन होइनन् !

ए ! पुराना युगका टुनाले बोक्सी लागेका उफ्र ! उफ्र!!"[ढण]

यसरी निबन्धमा तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतका शब्दहरू, अन्य कविका कवितात्मक पंक्तिहरू, एक दुई अक्षरदेखि छ-सात अक्षरसम्मका शब्दहरू प्रयोग गरेर रचनालाई उत्कृष्ट बनाउने प्रयास गरिए पनि निबन्धको भाषाशैलीय विन्यास  मध्यम खालको छ र निबन्ध पनि मध्यम कोटीमा नै दरिन्छ ।

## ४.२.१.१० वैदिक संस्कृति र लोकजीवन

### १. विषयवस्तु

साँस्कृतिक निबन्धकार विष्णु प्रभातको **वैदिक संस्कृति र लोकजीवन** निबन्धमा वैदिक संस्कृतिका कुराहरूलाई मुख्य विषयवस्तु बनाइएको छ । वैदिक संस्कृति र त्यतिखेरको प्रथाको बारेमा जानकारी दिन तयार पारिएको छ । वैद्धिक संस्कृतिको मुख्य ठाउँ भारत मानिन्छ भने पछि गएर मध्य भारत हुँदै दक्षिण भारत र त्यसपछि त्यसको प्रभाव नेपालमा पनि परेको देखिन्छ । नेपालमा राम-सीताको विवाह हुँदा पनि यसको खासै प्रभाव थिएन । पश्चिममा लुम्बिनी सभ्यता र पहाडमा मिश्रित सभ्यता भएको जानकारी निबन्धमा पाइन्छ । वैदिक संस्कृतिमा ऋग्वेदको स्थान महŏवपूर्ण मानिन्छ । त्यसैमा आधारित भएर अन्य वेदहरू, टीका, उपनिषदहरू आए पनि रामायण महाभारत काल सुरु भए । राजतन्त्रात्मक समाज, नगरयुग, कृषि, पशुपालन, औद्योगिक व्यापार सुरु भए । खानेकुरामा यो र त्यो भन्ने थिएन । गाई, घोडाको मासुसँग सोमरस हुन्थ्यो । पछि गएर महादेवलाई देवताहरूका पनि देवता भनिन थालियो भन्ने जस्ता विषयवस्तु पाइन्छन् ।

छुट्टा-छुट्टै देवता ठूला हुन् भन्दै छुट्टा-छुट्टै पुराणहरू रचिए । बुद्धको आगमनले आर्य सत्यको व्याख्या गरे पनि मोक्षप्राप्तिलाई नै जीवनको ध्येय बतायो । अशोकको आगमनले नयाँ चुनौति खडा गऱ्यो । बैदिक संस्कृतिलाई नयाँ रूप दिन **मनुस्मृति** जस्तो ग्रन्थ आयो । अहिले आर्यहरूले पूज्य मानेका तुलसी, वर, पीपल, घण्ट, प्रसाद पहिले अनार्यबाट संरक्षित हुन्थे । लोक जीवनमा निकै परिवर्तन हुँदै आए । पहिलेको संस्कृतिमा परिवर्तन हुँदै आयो भने कतिपय परिवर्तन हुन सकिरहेका छैनन् भन्ने कुरालाई निबन्धका यी हरफ हरूले व्यक्त गर्दछन् :

[घढ] ऐजन, पृ. ५२ ।
[ढण] ऐजन, पृ. १२ ।

"मल्लकालमा बाँधिएका थितिहरू, राणाकालमा बनाइएका विधिहरू र शाहकालीन कानुनी प्रबन्धहरूसमेत कतिपय चलनचल्ती साँस्कृतिक सम्मिलन र मानवीय आदान प्रदानलाई बदल्न सकेको छैन ।"[द्धज्ञ]

लोकजीवनले हाम्रो संस्कृतिलाई निखार दिन्छ । वैदिक संस्कृतिका जे जस्ता परम्परा चलिरहेका थिए आज त्यसको कट्टरता सकिएको छ । घरका नमूना, परिवारको बनोट फेरिएका छन् । त्यसैले भ्रान्ति सत्ताको विरुद्ध क्रान्ति घोष गर्दै मानवताको पक्षपोषण गर्नु विलकुल जायज छ भन्दै निबन्धको विषयवस्तुको अन्त्य भएको छ ।

## २. उद्देश्य

साँस्कृतिक निबन्धकार विष्णु प्रभातद्वारा रचित **वैदिक संस्कृति र लोकजीवन** निबन्धको मुख्य उद्देश्य वैदिककालका साँस्कृतिक सन्दर्भहरूका साथै त्यहाँका लोक जीवनका बारेमा जानकारी दिनु रहेको छ । निबन्धमा वैदिक कालका मानिसहरूमा कुनै रोक छेक थिएन । जे मन लाग्यो त्यही गर्दथे र जसो मन लाग्यो त्यस्तै खान्थे । पछि गएर कुनै एउटालाई देवता भनेर पुज्ने प्रथाको सुरु गरेको प्रसङ्ग देखाउँदै त्यसतिर दृष्टि दिन आग्रह गरिएको छ ।

मानिसमा पछि गएर लोभानी पापानी बढ्दै गयो । मानिसले आफ्ना संस्कार, आफ्ना जीवनका कर्तव्यहरू विर्सँदै गए । घर, रुख, बगैंचा परिवार आदिका बनोटमा भिन्नता आयो । मानिसले आफ्नो संस्कृतिको जगेर्ना गर्न सक्नुपर्दछ । पुरानै कट्टरातकै कुरामा मात्र अडिनु हुँदैन । समय अनुसार परिवर्तित हुँदै जानु पर्दछ । यसतिर सबैको दृष्टि प्रदान गर्न समेत यो निबन्ध तयार पारिएको छ ।

## ३. भाषाशैलीय विन्यास

**वैदिक संस्कृति र लोकजीवन** निबन्धको भाषाशैलीय विन्यास परिष्कृत र परिमार्जित रहेको छ । निबन्धमा भाषा गद्य छ भने शैलीमा ब्यास (प्रवचन) शैली पाइन्छ । 'भूमिका', 'आगमन', 'आधार', 'अष्टाङ्ग' आदि जस्ता तत्सम शब्दहरू, 'गहिरो', 'अर्को', 'मान्छे', 'पछि' आदिजस्ता तद्भव शब्दहरू अनि 'टोक्काप्पियम', 'सही' जस्ता आगन्तुक शब्दहरू प्रयोग गरेर निबन्धलाई रोचक र पठन योग्य बनाउने प्रयास गरिएको छ ।

यस निबन्धमा अनुच्छेद योजनामा प्रायः समानता देखिन्छ भने जम्मा नौ अनुच्छेदमा निबन्ध तयार पारिएको छ । दुई-तीन अक्षरे शब्ददेखि 'ऋग्वेदकाल', 'पितृसत्तात्मक', 'आत्मानुशासन' जस्ता पाँच-छ अक्षरे शब्दसम्म प्रयोग गरिएको छ । वाक्य प्रयोगमा लामा र छोटा दुवै थरिका वाक्यहरूको मिश्रित प्रयोग पाइन्छ । 'सर्वे भवन्तु सुखिनः', 'म खाउँ मै लाउँ अरू सब मरून् दुर्बलहरू' जस्ता सूक्तिको प्रयोगले पनि निबन्ध पठन योग्य छ ।

यसरी निबन्धमा तत्सम, तद्भव र आगन्तुक तीनै थरीका भाषा प्रयोग गरिए पनि, अनेक सूक्तिहरूको प्रयोग गरिए पनि, अनुच्छेद योजनामा एकरूपता र

[द्धज्ञ] ----------,*वैदिक संस्कृति र लोक जीवन,* ऐजन,, पृ.६३ ।

शब्दप्रयोगमा अनेकता देखिए पनि निबन्धको भाषाशैलीय विन्यास उत्तम खालको नै देखिन्छ ।

## ४.२.१.११ बुद्धसंस्कृतिमा प्रजातन्त्र

### १. विषयवस्तु

'बुद्धसंस्कृतिमा प्रजातन्त्र' निबन्ध बुद्ध धर्मसंस्कृति सम्बन्धी रचना हो । विश्व ब्रह्माण्डलाई अध्यात्मको आदर्श बमोजिम व्याख्या नगरी जीवनको धरातलमा ठड्याउने प्रयत्न नै यस निबन्धको मुख्य विशेषता हो भने समस्त पीडाबाट मुक्ति प्राप्त गर्नु बुद्धÕवको प्रमुख सार हुनुका साथै यस निबन्धको मुख्य विषयवस्तु पनि हो ।

यस निबन्धमा बुद्धÕवको परिचयका साथै बुद्धकालीन समयमा पनि बुद्धका वाणीहरू नै अर्थहीन भएर देखिएका थिए भन्दै विष्णु प्रभात बौद्ध दर्शन तत्कालीन सामाजिक व्यवस्थामा एउटा प्रगतिशील विचारमा उदाएको संस्कृति मान्छन् । दुःख र पीडाको कारण बुद्ध संस्कृतिले छुट्याउन सकेन, सामाजिक व्यवस्थामा हस्तक्षेप गर्न सकेन र उत्पीडित मानव समुदायबाट विस्तार विस्तार टाढिँदै गयो भन्ने विषयवस्तु समेटिएको यस निबन्धमा आर्थिक क्षेत्रमा पनि बुद्धका वाणीहरू दास मालिक र साहुकै पक्षमा व्यक्त भएको देखाएका छन् । यस निबन्धमा बुद्धदर्शन आत्मवाद र अनात्मवादको द्वन्द्वमा अलमलिएको र अभौतिक अनात्मवादलाई आफ्नो आधार बनाएकाले बौद्ध दर्शन अल्पसङ्ख्यक वैभवशाली र तत्कालीन शासकहरूको हितमा कुण्ठित हुन पुगेको सङ्केत व्यक्त गरिएको छ । बौद्ध दर्शनमा मानव कल्याणको चिन्तनका साथै गणतन्त्रात्मक समाज व्यवस्थापक सद्गुणहरू रहेकाले बौद्ध धर्म विश्वमा फैलन सफल रहेको निष्कर्षात्मक विचार निबन्धको प्रमुख पक्ष हो ।

### २ उद्देश्य

**बुद्धसंस्कृतिमा प्रजातन्त्र** निबन्धको मुख्य उद्देश्य बुद्ध संस्कृतिभित्रका कमीकमजोरीहरू औँल्याउँदै बुद्ध दर्शनका वाणी आफैँ कसरी अर्थहीन भएर गएका छन् भन्ने देखाउनु हो । हात हतियारको व्यापार, रक्सी, मासु आदिको व्यापार भनेको घृणित कार्य हो भन्ने बुद्ध संस्कृतिले ऋणी, दासी, नारी र सैनिक सेवामा लगाइएकाहरूलाई भने भिक्षु बन्नबाट बन्देज गर्‍यो । साहु र दासमालिकहरूको पक्षमा नै वकालत गर्ने कार्य गर्‍यो । आत्मवाद र अनात्मवादकै केन्द्रीयतामा अलमलिरह्यो र पछि अनात्मवादकै आडमा रहेर अगाडि बढ्यो भन्ने यथार्थ देखाउने मूल उद्देश्य यस निबन्धले बोकेको छ ।

### ३. भाषाशैलीय विन्यास

छ अनुच्छेदमा विभाजित प्रस्तुत निबन्ध व्यासशैलीमा लेखिएको छ । ठाउँ-ठाउँमा निजात्मक संवेदना घोलेर निबन्धीकरण गर्ने प्रयास गरिएको छ । तर्कपूर्ण वर्णन र दार्शनिक व्याख्या गरिएको छ । वस्तुगत, तार्किक र ओजपूर्ण भाषा प्रयोग गरिए पनि प्रस्तुतीकरण सामान्य छ ।

यस निबन्धमा 'दर्शन', 'सत्य', 'यथार्थ', 'केन्द्रित', 'विपक्ष', 'हिंसा', 'समाधी' आदि जस्ता तत्सम शब्दहरू 'पैंतीस', 'पाउनु' आदि जस्ता तद्भव शब्दहरू र 'इन्कार', 'झुठ', 'फरेब' आदि जस्ता आगन्तुक शब्दहरू प्रयोग गरिएका छन् । निबन्धमा प्रयोग गरिएका यी तीनैथरी स्रोतका भाषाहरू नेपाली जनजिब्रोमाझ फिँजिइ सकेको हुँदा सरल र सुबोध्य नै देखिन्छन् ।

यसरी व्यास या प्रवचन शैलीमा रचिएको यो निबन्धको भाषा नेपालमा प्रचलित तीनैथरि स्रोत (तत्सम, तद्भव, आगन्तुक) का भाषाको प्रयोग गरिएको छ । सरल र सहज तरिकाले आफ्ना विचार व्यक्त गरिएको यस निबन्धको भाषाशैलीय विन्यास सामान्य र मध्यम खालको छ ।

## ४.२.१.१२ समयसद्भाव र इस्लाम संस्कृति

### १. विषयवस्तु

समय-समयमा परिष्कृत र परिमार्जित हुँदै आएको सद्भाव 'अतिथि देवो भव' सम्म आइपुग्दा शुभेच्छा, मङ्गलकामना, पूजा र अभिनन्दनका रूपमा आइपुग्यो । पछि फेरि नमस्ते, जदौ, तारेमाम् पनि सद्भावमै बाँडिए । त्यसै सन्दर्भका रूपमा हिन्दुको विरोध गर्दै इस्लाम संस्कृति आयो भन्नेहरू पनि ठूलै जमात देखिन्छन् तर इस्लाम संस्कृति आफ्नै आदर्शले बाँधिएको विचार हो । इस्लाम संस्कृति धार्मिक अवधारणाको रूपमा अगाडि आएको भए पनि परम्परागत दार्शनिक धरातलबाट सामाजिक जीवनतर्फ क्रियाशील रहेको देखिन्छ । संसारमा कैयौं इस्लाम राष्ट्रहरू छन् । आफ्नै विशिष्ट मात्यता, नैतिक आदर्श र कानुनी रूप र आर्थिक प्रणाली युक्त पद्धतिका रूपमा यो अगाडि बढ्दै आएको छ ।

हिन्दु संस्कृतिको उल्टो मानिने भए पनि इस्लाम संस्कृतिका थुप्रै हिन्दु संस्कृतिमा मिल्ने धारणाहरू पनि छन् । आफ्नो आत्म शुद्धीकरणको लागि भन्दै इस्लामिकहरू दिनमा पाँच पटकसम्म प्रार्थना गर्छन् । अल्लाह हो अकबर भन्छन् । इस्लामहरू मानव जातिलाई रङ्ग, जाति, क्षेत्र र सम्पत्तिको आधारमा भेदभाव गर्नु हुँदैन भन्ने विचारमा हिँड्छन् तर जस्तालाई तस्तैको मान्यता न्यायिक व्यवस्थामा राख्दछन् 'खुनका बदला खुन' भन्छन् । कुरानलाई आधार मान्दछन् । मानवीय प्रवृत्ति पछि इस्लाम संस्कृति कमजोर बन्दै गयो । पछि इस्लाम संस्कृति पनि विभाजित हुँदै गयो ।

इस्लाम संस्कृतिका केही विशेषतासँगै केही कमजोरी पनि देखिन्छन् । विश्व समाजमा देखा परेको वर्ग विषमतासँगै यो संस्कृति पनि चिरिन्छ । त्यसैले साँस्कृतिक सद्भावका दृष्टिले पनि इस्लाम धारणा निर्विकल्प छैन र हिन्दु वा बौद्ध संस्कृतिको प्रतिकूल जाँदैन ।

### २. उद्देश्य

इस्लाम संस्कृतिले पनि समय सद्भाव र शुभेच्छा प्रदान गर्दछ । सहयोगको भावना राख्दछ । आफ्नै आदर्श र कट्टरताभित्र रहन्छ । हिन्दु मान्यताभन्दा उल्टो मानिने भए पनि अन्य धर्मसँग पनि सम्बन्धित कयौं समान विशेषता बहन गर्दछ । प्रार्थनालाई

महƠव दिन्छ र त्यसबाट आत्मशुद्धि हुने कुरा व्यक्त गर्दछ । कुरानमा आधारित रहेर आफ्नो धर्मको पालना गर्ने यिनीहरू अर्काको धनमाल खानु, धर्मको नाममा अत्याचार गर्नु राम्रो मान्दैनन् भने फेरि न्यायिक निर्णयले विश्वसंस्कृतिको कल्याणमा निरन्तर अगाडि बढिरहने अठोटका साथ आएको देखिन्छ भने मुख्यतया इस्लाम संस्कृतिलाई चिनाउने हिन्दु संस्कृति र मुस्लिम संस्कृतिको सामान्य भिन्नता र समानता देखाउने उद्देश्य बोकेको जस्तो देखिन्छ ।

### ३. भाषाशैलीय विन्यास

साँस्कृतिक फाँटमा कलम चलाएर ख्याति कमाएका साँस्कृतिक निबन्धकार विष्णु प्रभातद्वारा लिखित **समयसद्भाव र इस्लाम संस्कृति** निबन्धको भाषाशैलीय विन्यास सरल एवं चित्ताकर्षक रहेको छ । तत्सम् र आगन्तुक शब्दको प्रयोगमा अधिकता देखिने यस निबन्धमा तद्भव शब्दको पनि प्रयोग पाइन्छ । यसै सन्दर्भमा हेर्दा 'अतिथि', 'समता', 'मानवीय', 'विशेषता' आदि जस्ता तत्सम् शब्दहरू त्यस्तै 'बाहिर', 'भन्दछ', 'त्रिसट्ठी' आदिजस्ता तद्भव शब्दहरूको प्रयोग अनि 'खराब', 'कुरान', 'अयातुल्ला', 'खडा' आदि जस्ता आगन्तुक मूलका शब्दहरू पाइन्छन् ।

निबन्धलाई श्रुतिरम्य बनाउनका लागि 'अतिथि देवो भवः', 'ब्रह्मसत्यं जगत् मिथ्या', 'ॐमणि पद्मे हुँम्', 'अल्लाह हो अकबर', 'बसुधैव कुटुम्बकम्', 'जस्तालाई तस्तै' जस्ता सूक्ति र उखानको प्रयोग भएको पाइन्छ । कतै कतै हिन्दी भाषाको वाक्य नै प्रयोगमा ल्याइएको देखिन्छ जस्तै : "इन्सानका औलाद हैं,इन्सान बनेगा न हिन्दू बनेगा,न मुस्लिम बनेगा ।"[ढढ] यी र यसरी प्रयोग भएका सूक्ति, उखानहरूले लेखकको पाण्डित्य प्रदर्शन गरेको नभई स्वाभाविक रूपमा भावाभिव्यक्ति गर्न स्वतःस्फूर्त रूपमा आएका जस्ता देखिन्छन् । जेहोस् निबन्धको भाषाशैलीय विन्यास मध्यम स्तरको देखिन्छ ।

## ४.२.१.१३ मानव धारणामा आदिवासी

### १. विषयवस्तु

मानव विकाससँगै जाति, झुण्ड, धर्म आदिका नाममा मानवजाति टुक्रँदै गएको देखिन्छ । मानवहरू एउटाले अर्कोलाई पछार्ने, अर्कोले अर्कोलाई लघार्ने हुँदै साना-साना टुक्रामा विभाजित भएका देखिन्छन् । नेपाल बहुजातिय, बहुभाषिक राष्ट्र हो । तै पनि जातीय मुद्दा दिनप्रतिदिन निरन्तर बढ्दै गएको देखिन्छ ।

नेपाली सन्दर्भमा कुन जाति भूमिपुत्र हुन्, कुन यायावरी हुन्, कुन जाति मिलेर कुन प्रजाति भयो भन्ने कुराको लेखाजोखा छैन भन्दै 'आदिवासी'को अर्थ र विश्व परिप्रेक्ष्यमा आदिवासी धारणाको सुरुवात पनि देखाउँदै नेपाली सन्दर्भमा निबन्धकारद्वारा त्यसको खोजबिन गरिएको छ । राष्ट्रसंघीय मान्यता अनुसार नेपालमा आदिवासी जनता सम्बन्धी धारणा निकाल्न कठिन छ किनभने नेपाल कहिल्यै औपनिवेसिक राष्ट्र बनेन भन्नेतर्फ पनि निबन्धकारको दृष्टि पुगेको छ ।

---

[ढढ] ----------,*समय सद्भाव र इस्लाम संस्कृति*, ऐजन,, पृ. ६९ ।

वर्तमान नेपालमा आदिवासी भन्न सकिने कुनै आधार भेटिदैन भने कसैले शासक वंशहरू मध्ये पहिलो शाहवंशलाई आदिवासी मानेको देखिन्छ । निबन्धकारले यस निबन्धमा कसलाई आदिवासी भन्ने कसलाई नभन्ने भन्ने कुरा यसरी व्यक्त गरेका छन् : "मानव सभ्यताको विकास यात्रामा निकै प्रारम्भिक चरणमा अल्झिबसेका, उद्गामी मानवको रूपमा रहे पनि आगन्तुक मानवहरूद्वारा सताइएका, अलग सांस्कृतिक पहिचान भएका र राजकीय मामलामा सहभागी नभएका मानिसको रूपमा रहेका प्रजातिमा थारु र आदिवासी अवस्थामा चेपाङ, राउटे, कुसुण्डा, धामी, हायु, पहरी, धिमाल, झाँगड आदि रहेका छन् ।"[द्घ] यसैगरी आदिवासी सभ्यताकै क्रममा आएका यी जात जातिहरूको स्थान, क्षेत्र, पेशा,संख्या आदिको समेत सामान्य जानकारी गर्ने जस्ता विषयवस्तुमा आधारित भएर यो निबन्ध तयार पारिएको छ ।

## २. उद्देश्य

मानवीय धारणा अनुसार आदिवासी कसलाई मान्ने, कस्ता व्यक्ति आदिवासी हुन्, कस्ता व्यक्ति होइनन् ? अन्तर्राष्ट्रिय जगतमा आदिवासी सम्बन्धी धारणा कस्तो छ ? नेपालमा कस्ता र कति जातिलाई आदिवासी मान्ने गरिन्छ भन्ने जानकारी दिने उद्देश्यभित्र यो निबन्ध तयार पारिएको छ । कारण नै नभई कुनै जातिलाई आदिवासीभन्दा उनीहरूप्रति अन्याय गरेको ठहर्छ भने जो आदिवासी भएर पनि आदिवासीमा गनिएनन् झन् अन्याय पर्दछ । नेपालमा भएका सबै जाति, प्रजाति र आदिवासीलाईसमेत मध्यनजर गर्दै सबैको पहिचानको सम्मान गर्नु पर्दछ । राष्ट्रिय विकासमा सबै जात-जातिलाई सरिक हुने मौका दिनु पर्दछ । जसले प्रतिस्पर्धा गरेर अगाडि बढ्न सक्दैन त्यसलाई प्रतिस्पर्धा गर्न योग्य बनाउनु पर्दछ जस्ता उद्देश्य पनि यस निबन्धमा पाइन्छन् ।

## ३. भाषाशैलीय विन्यास

**मानवधारणामा आदिवासी** निबन्धको भाषाशैलीय विन्यास लालित्यपूर्ण एवम् विशिष्ट प्रकारको रहेको छ । प्रसाद शैलीमा लेखिएको यस निबन्धमा पनि अन्य निबन्धहरूमा जस्तै तत्सम् शब्दकै बाहुल्यता देखिन्छ । त्यसै क्रममा 'वीर', 'सदाचार', 'उत्पीडन', 'रूप', 'शोषण', 'चरम', 'निर्माण', 'मिश्रण' जस्ता तत्सम् शब्दहरू, त्यसैगरी 'सकेन', 'सबै', 'ठूलो', 'मान्छे' जस्ता तद्भव शब्दहरू अनि 'दावी', 'कानुन', 'औजार', 'गरिब' जस्ता आगन्तुक शब्दका साथै 'लघार्नु' जस्तो ठेट नेपाली शब्दको पनि यथोचित र स्वभाविक प्रयोग भएको पाइन्छ ।

निबन्धमा अंग्रेजी मूलका शब्दहरूलाई अंग्रेजीमा नै लेखिएको पाइएकाले निबन्ध यदा कदा भद्दा जस्तो लागेको पाइन्छ भने कुनै ठाउँमा कोष्ठकको प्रयोग गरी अन्य भाषाका शब्दलाई स्पष्ट पारिएको छ । अनुच्छेद योजनामा एकरूपता पाईदैन । कुनै अनुच्छेद तीन हरफका छन् भने कुनै अठतीस हरफ सम्मका पाइन्छन् । शब्द प्रयोगमा दुई तीन अक्षरे 'राजा', 'द्वन्द्व', 'केही', 'जाति', 'जनता', 'समान', 'मानव' आदि शब्ददेखि 'वंशपरम्परा', 'मानवसमुदाय', 'विशेषाधिकार' जस्ता छ-सात अक्षरे शब्दसम्मको प्रयोग

[द्घ] ----------,*मानव धारणामा आदिवासी*, ऐजन, पृ. ८२ ।

पाइन्छ । त्यस्तै निबन्धमा 'बोटे माझी राजी सबको एउटै काजी' जस्तो उखान पनि प्रयोग भएको छ ।

यसरी तत्सम शब्दको अत्याधिक प्रयोग र आगन्तुक र तद्भव शब्दको यथोचित प्रयोगले निबन्धको भाषाशैलीय विन्यास  मध्यम खालको छ भन्न सकिन्छ ।

## ४.३ 'समाज, संस्कृति र नैतिकता' निबन्ध सङ्ग्रहको विश्लेषण

### ४.३.१ कृतिपरिचय

**समाज,संस्कृति र नैतिकता** साँस्कृतिक निबन्ध सङ्गालो प्रथम पटक कल्पवृक्ष प्रकाशनबाट २०६७ सालमा प्रकाशित भएको कृति हो । यसको बाहिरी कभर भन्दा भित्र एउटा पन्ना पनि खाली राखिएको छैन । भित्री आवरण पृष्ठमा शीर्षक माथिल्लो भागमा राखिएको छ । बीच भागमा लेखकको नाम दिइएको छ । पुछारमा कल्पवृक्ष प्रकाशनको लोगो राखिएको छ । त्यसैको अर्को पृष्ठमा प्रकाशक, संस्करण, आवरणकला, मूल्य, मुद्रक आदिबारे जानकारी दिइएको छ । त्यसको पछाडी पृष्ठमा प्रकाशकीय भूमिका प्रस्तुत गरिएको छ ।

आकार प्रकारका दृष्टिले डिमाइ आकारमा प्रस्तुत भएको यो कृति १५२ पृष्ठको कलेवरमा विस्तारित भएको छ । कम्तीमा तीन पृष्ठ र बढीमा पाँच पृष्ठसम्ममा फैलिएको २२ वटा निबन्धहरू सङ्कलित भएका छन् । यस सङ्ग्रहमा सङ्कलित निबन्धहरू संस्कृतिसँग सम्बन्धित छन् ।

#### ४.३.१.१ मानव संस्कृतिमा प्रार्थनाको स्थान

#### १. विषयवस्तु

**मानव संस्कृतिमा प्रार्थनाको स्थान** निबन्धको मुख्य विषयवस्तु विभिन्न जाति, धार्मिक सम्प्रदाय आदिका वीचमा प्रचलित प्रार्थनाको महत्व दर्शाउनु रहेको छ । मानव सभ्यतामा प्रार्थना गर्ने चलन सबैको हुन्छ । प्रार्थना गर्न कसैको निश्चित समय हुन्छ भने कसैको हुँदैन । प्रार्थना चाहे धर्मका नाममा होस् चाहे आत्मशुद्धिका नाममा, चाहे शिक्षा-दीक्षा आरम्भ गर्दा होस् चाहे शुभकार्य गर्दा होस् हुने गर्दछ । मानव सभ्यतामा प्रार्थनाको महत्व नेपालमा मात्र नभई विश्वमै रहेको छ । तिनै विश्वका प्रमुख धार्मिक सम्प्रदायहरूले गर्ने प्रार्थनाको सर्वेक्षण नै यस निबन्धको मूल विषयवस्तु बनेर आएको छ ।

इसाईहरूले प्रार्थनालाई मुख्य कार्य मान्दछन् र मनको शान्तिका लागि प्रार्थना गर्ने, यो संसार  सञ्चालन गर्ने कुनै अज्ञात अलौकिक शक्ति छ भन्ने विश्वासमा प्रार्थना गर्छन् भने इस्लाम धर्मले दिनमा ५ पटकसम्म प्रार्थना गर्ने सन्देश दिन्छ । मुस्लिमहरू अल्लाहका नाममा उठेर, ढोगेर, बसेर र फेरि उठेर प्रार्थना गर्दछन् । यहुदीहरूले बिहान,बेलुका,दिउँसो तीन पटक प्रार्थना गर्दछन् । यिनीहरूमा कोही टाउको ढाकेर प्रार्थना गर्दछन् भने कोही नढाकीकन । त्यसैले यहुदीहरूमा पनि प्रार्थनाको महत्व देखाइएको छ । शिखहरू ध्यान र प्रार्थना दुबै मान्दछन् ।

अफ्रिकालीहरूको प्रार्थना मौखिक प्रवचनमा आधारित हुन्छ । बौद्ध धर्मावलम्बीहरूले प्रार्थना र ध्यान दुवैलाई मान्यता दिन्छन् । हिन्दुहरूले पनि प्रार्थना गर्दछन् । नेपाली संस्कृतिमा पनि प्राचीन मन्दिरका अगाडि गरुडको नमस्कार, शालिकमा कुँदिएका राजाले देवताप्रति गरेको नमस्कार पनि प्रार्थनाको एउटा रूप हो भन्ने विषयवस्तु यस निबन्धभित्रको मुख्य विषयवस्तु हो र यिनै विषयवस्तुमा आधारित भएर यो निबन्ध तयार पारिएको छ ।

## २. उद्देश्य

**मानव संस्कृतिमा प्रार्थनाको स्थान** निबन्धको मूल उद्देश्य विभिन्न धार्मिक सम्प्रदायहरूले प्रार्थनालाई कुन रूपमा हेर्ने गरेका छन् भनेर देखाउनु नै हो । विश्वका प्रमुख धार्मिक सम्प्रदायहरू हिन्दु, बुद्ध, इसाई, यहुदी, इस्लाम, शिख आदि सम्प्रदायहरूले प्रार्थनालाई कसरी कुन रूपमा हेर्छन । यस निबन्धमा तिनीहरू बीचमा अन्तरसम्बन्ध देखाउँदै नेपाली समाज र संस्कृतिमा त्यसको औचित्य सिद्ध गर्न लागिएको छ । प्रार्थना सबै धार्मिक सम्प्रदायले गर्दछन् तर विचार आ-आफ्नै किसिमका लिएका हुन्छन् । त्यसैले कुनै एउटा सम्प्रदायको पृष्ठपोषण गरेर काखीच्यापी अर्काको संस्कृतिलाई अपहेलना गर्ने परिपाटी मानव समुदायमा विकसित हुँदै गइरहेकाले त्यसो नगर्न र सबै संस्कृतिलाई सम्मान पूर्वक चल्न दिन आग्रह गर्नु नै यस निबन्धको उद्देश्य हो ।

## ३. भाषाशैलीय विन्यास

आठ अनुच्छेदमा विभक्त यस निबन्धको भाषाशैलीय विन्यास  अत्यन्त सरल र सलल बगेको छ । विभिन्न ठाउँका धार्मिक सम्प्रदायहरूको उदाहरण दिएर आफ्नो भनाइलाई निबन्धकार प्रभातले प्रस्ट पार्ने काम गरेका छन् । अष्टाङ्गमार्ग, सप्तपदी जस्ता संस्कृत मूलका शब्दहरू, न्युर, योरुवा, क्याथोलिक, प्रोटेष्टेन्ट, अर्थोडक्स जस्ता अंग्रेजी मूलका शब्दहरू र त्यस्तै फाजीर, जहर, इसहा आदि इस्लाममूलका शब्दहरू प्रयोग गरिएको यस निबन्धमा अन्य मूलका शब्दहरू पनि प्रयोग गरिएका छन् । बोन्पो हिमाली क्षेत्रको शब्द हो । ती शब्दहरू जबरजस्ती प्रयोग गरिएका नभइ स्वाभाविक र स्वतः प्रसङ्गवस आएका जस्ता देखिन्छन् । शब्द प्रयोगमा तत्सम, तद्भव र आगन्तुक तीनै प्रकारका स्रोतबाट आएका शब्दहरू देखिए पनि ठेट नेपाली भाषाका शब्दहरू पनि प्रयोग गरिएका छन् । यी र यस्ता शब्दहरूको प्रयोगले निबन्ध भद्दा भने देखिएको छैन बरू रुचिपूर्ण र स्वभाविक नै देखिएको छ । त्यसैले प्रस्तुत निबन्धको भाषाशैलीय विन्यास  अत्यन्त स्तरीय खालको छ ।

## ४.३.१.२ संस्कृतिका समान सामाजिक आधारहरू

## १. बिषयवस्तु

**संस्कृतिका समान सामाजिक आधारहरू** साँस्कृतिक निबन्धकार विष्णु प्रभातद्वारा सिर्जना गरिएको निबन्ध हो । यस निबन्धमा हिन्दु, बौद्ध, इसाई, कन्फुसियस, नानक, ताओमत आदि एसियाली संस्कृति भित्रका समान सामाजिक

आधारहरू खुट्याउनु नै प्रमुख विषयवस्तु बनाइएको छ । निबन्धमा निबन्धकारले पुँजीवाद र साम्राज्यवादले ल्याएका थुप्रै विखण्डनकारी विचारहरूलाई प्रस्तुत गर्दै समाजका नकारात्मक सोचहरूको पनि खण्डन गर्दै अगाडि बढेका छन् ।

निबन्धभित्र निबन्धकार एसियाली संस्कृति भित्रका समान सामाजिक आधारहरूलाई प्रस्ट पार्ने क्रममा तीन कुरा अगाडि ल्याउँदछन् । ती तीन कुराहरूलाई सबै संस्कृतिले समान मान्ने धारणा पनि व्यक्त गरिएको छ । पहिलो कुरालाई निबन्धमा यसरी देखाइएको छ "जीव जन्तु र वनस्पतिको रक्षा गर्ने धारणा राख्ने, दया, क्षमा र उपकारको सोच राख्ने, धनी, गरिब भए पनि शोषण सङ्घर्ष र प्रतिद्वन्द्वितालाई विरोध गर्ने, एकता, सामुदायिकता र मातृǑवभाव बढाउने आदि चाहना राख्ने गरेको पाइन्छ ।"[ढढ] यसमा परोपकार, विश्ववन्धुǑव र समताभावको कुरा अगाडि ल्याएका छन् ।

निबन्धकारले दोस्रो कुराका रूपमा दया, माया, करुणालाई अङ्कित गरेका छन् । बृद्ध सम्मान, नारी पुरुषमा समानता, बालकप्रेम, साँस्कृतिक स्थल, गुम्बा, मन्दिर, मस्जिद, चर्च आदिको निर्माण, परस्परमा आपसी सद्भाव बाँडेर सार्वजनिक सम्पतिहरूको रक्षा गर्ने आदि जस्ता समानताहरू देखाइएका छन् । तेस्रो कुराका रूपमा चाडपर्व मनाउने, भजनकीर्तन गाउने, धर्मप्रति आस्था राख्ने आदि विविध दैनिक कामको समानता पनि निबन्धमा देखाइएको छ ।

निबन्धमा विषयवस्तुलाई व्यापकता दिन नेपाली संस्कृतिको कुरा उठाइएको छ । यी र यस्ता सामाजिक आधारहरू नेपाली संस्कृतिमा पनि भएको स्मरण गराउँदै निबन्धकार भाषा, जाति र संस्कृतिका नाममा झगडै झगडा बढाउनु राम्रो होइन भन्न पुग्दछन् । सबैमा माया, सदभाव र विश्वबन्धुǑवको भावना हुनुपर्दछ । यस्तो नभएमा मानव सभ्यताको साझा संस्कृति निर्माण हुन निकै कठिन पर्ने र यस्ता सामाजिक आधारहरू खलल हुने जस्ता कुनै पनि काम गर्नु नहुने कुरामा सचेत पनि गराउन पुग्दछन् ।

## २. उद्देश्य

**संस्कृतिका समान सामाजिक आधारहरू** निबन्धको मूल उद्देश्य भनेको पुंजीवाद र साम्राज्यवादले ल्याएका थुप्रै विखण्डनकारी विचारहरूका अतिरिक्त एसियाली संस्कृतिका समान सामाजिक आधारहरू प्रस्तुत गरेर तिनीहरूमा विश्वका सम्पूर्ण संस्कृति केलाउन ध्यानाकर्षण गराइएको छ । जतिपनि धर्महरू छन् ती धर्मभित्र रहेका संस्कारहरू यिनै आधारमा केलाउनु पर्ने देखिन्छ । समताभाव, परोपकार, विश्वबन्धुǑव, सामुदायिक कार्य आदिमा असमानता मात्र खोजी गरेर अगाडि बढ्नु अमानवीय संस्कृतिको लक्षण हो भनेर भन्ने उद्देश्य पनि यस निबन्धमा पाइन्छ ।

---

[ढढ] ----------,*संस्कृतिका समान सामाजिक आधारहरू*, **समाज, सँस्कृति र नैतिकता**, पूर्ववत्, पृ.२३ ।

संस्कृतिका समान सामाजिक आधारहरू ठम्याउन नसके हामी नेपालीहरूको बहुजातीय समाजमा साझा संस्कृति निर्माण हुन गाह्रो हुने र जनताको साझा खाँचो निराकरण गर्ने, व्यक्ति वा समष्टिलाई मार्ग प्रशस्त गर्ने खालको वैज्ञानिक संस्कृति निर्माण गर्न नसकिनेतर्फ पनि निबन्धकारले यस निबन्धमा इङ्गित गरेका छन् ।

## ३. भाषाशैलीय विन्यास

**संस्कृतिका समान सामाजिक आधारहरू** निबन्धको भाषाशैलीय विन्यास सरल, स्वाभाविक र आकर्षक छ । निबन्धमा निबन्धकार पूर्वीय र पाश्चात्य जीवन दर्शनका आधारमा सम्पूर्ण संस्कृतिका समान सामाजिक आधारहरू केलाउने प्रयास गर्दछन् ।

निबन्धमा दुई-तीन अक्षरे 'मूल', 'छैन', 'विश्वास', 'एउटा' आदिजस्ता शब्दहरूको बहुलता पाइन्छ भने 'नकारात्मक', 'गञ्जागोल' आदि जस्ता चार-पाँच अक्षरे शब्दको पनि कमी छैन । वाक्य योजनाका तहमा छोटा र मझौला तहका प्रायः सरल वाक्यहरू देखा पर्दछन् भने मिश्र र संयुक्त वाक्य पनि नभएका होइनन् । वर्तमानकालीन क्रियापद ('हुन्छ', 'पुगेका छन्') को वर्चश्व छ । कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य तीनै थरिका वाक्यहरू छन् ।

शब्द प्रयोगमा 'नैतिक', 'निर्दिष्ट', 'संस्कार', 'हस्तक्षेपकारी', 'शिक्षा', 'ब्रत', आदिजस्ता तत्सम् शब्दहरू अनि 'लबाइ', 'खवाइ', 'आफ्नै', 'दोस्रो', 'पहिलो', 'फरक', आदिजस्ता तद्भव शब्दहरू र 'हैकम', 'दरबार', 'पुँजीवादी', 'बजार', 'इरानेली' आदिजस्ता आगन्तुक शब्दहरू छन् । यी तत्सम्, तद्भव र आगन्तुक तीनै स्रोतका शब्दहरू भाव गाम्भीर्यताले गर्दा सरल र सरस बनेका छन् ।

## ४.३.१.३ मानव संस्कृतिमा विविधता र एकता

## १ विषयवस्तु

**मानव संस्कृतिमा विविधता र एकता** शीर्षकको निबन्ध विष्णु प्रभातको साँस्कृतिक निबन्धहरूको सँगालो **समाज, संस्कृति र नैतिकता** भित्रको तेस्रो निबन्ध हो । यस निबन्धमा प्रभातले मानिसको संस्कृतिमा विविधता र एकता दुवै कुराहरू पाइन्छन् भन्ने कुरा देखाउन खोजेका छन् । मानवीय संस्कार युगअनुसार परिवर्तन हुँदै जान्छन् । पहिलोपल्ट मानिस प्रकृतिबाट केही कुरा सिक्छ र पछि त्यही प्रकृतिको कुरालाई आफ्नो श्रम र चेतनाद्वारा रूपान्तरण गर्दै जान्छ । जन्मजात ऊ कुनै संस्कार, आचार विचारादिमा बाँधिएको हुँदैन । स्वतन्त्र अस्तिΘवमा भन्दा ऊ जीव मात्र हुन्छ भन्नेतिर निबन्धकार इङ्गित गर्दछन् ।

नेपाली जनताको सिर्जनशीलतामानै नेपाली संस्कृति हुर्केको हुन्छ । एउटा जाति वा राष्ट्रमा उचित मानिएको विधिथिति र नैतिकता अर्को समाजमा अनुचित मानिन सक्छ । जस्तै, "बुल्गेरियालीहरू हुन्न भन्दा शीर तलमाथि हल्लाउँछन् र हुन्छ भन्दा दाँया बाँया हल्लाउने गर्दछन् ।"[ढछ] हामी दाल, भात, तरकारी हातले मुछेर पलेटी मारेर

[ढछ] ----------,*मानव संस्कृतिमा विविधता र एकता,* ऐजन, पृ.२७ ।

बसेर खान रुचाउछौँ तर युरोपेलीहरूलाई त्यो अचम्म लाग्छ । जातिपिच्छे फरक-फरकका संस्कृति पाइन्छन् । कोही लामो नाक भएका राम्रो मान्छन् भने कोही छोटो (थेप्चो) नाक भएका । जातीय अथवा राष्ट्रिय पोशाक समारोह उत्सवमा लगाउने लुगा बने । शिक्षाको रूप राष्ट्रिय देखिन्छ भने सार अन्तर्राष्ट्रिय देखिन्छ । सहरी सभ्यताले थिच्दै जाँदा हामी गाईगोठको साटो मोटर ग्यारेज बनाउँदै छौँ । ठाउँ ठाउँका खानेकुरा मम, पिज्जा, डोसा हामीमा राम्रैसँग मिसिएका छन् । रोटी सबै जातिलाई मनपर्छ 'मानिसको जीवन जो छ त्यो रोटीकै भरमा अडेको छ' भन्ने भनाइसँगै गहुँ, मकै, जौ, फापर, कोदो, चामल, चना, जुनेलो, मास, आलु र पिँडालु आदिको रोटीहरू खान थाले भनेर निबन्धकार निबन्धको विषयवस्तुलाई अझ व्यापक बनाउछन् ।

हिजोको समयमा धामी झाँक्री र मन्त्रद्वारा रोग निको पारिन्थ्यो तर आज ती सबै निकम्मा बने । विभिन्न देशका उत्पादन विश्वव्यापी बनेका छन् । भाषा फरक भावना एक, देश एक संस्कृति अनेक बन्दै गइरहेको आजको विश्वमा मान्छे र संस्कृतिको विविधता र एकताको द्वन्द्वात्मक अस्तित्व लामो समयदेखि रहि आएको र यो निरन्तर रहिरहने कुरा व्यक्त गर्दै निबन्धको अन्त्य भएको छ ।

## २. उद्देश्य

विष्णु प्रभातले यस निबन्धमार्फत् मानवीय संस्कृतिका समानता र भिन्नतालाई केलाउने प्रयास गरेका छन् । यसरी केलाउँदा युरोपेली संस्कृतिमा हुर्केका मानिसहरूलाई हाम्रो संस्कृति हेर्दा अचम्म लाग्न सक्छ । हामीले हातले मुछेर खाएको देख्दा बाँसको छेस्काले खाने चिनियाँहरूलाई अनौठो लाग्न सक्छ । विभिन्न देशका आविष्कारहरू विश्वविख्यात भएका छन् । सर्वत्र पाइन थालेका छन् । मिश्रको मखवन, अमेरिकाको टमाटर, मेक्सिकोको मकै, पेरूको आलु, चीनको भटमास सवैका लागि आवश्यक वस्तु बनेका छन् । रोटीका परिकारहरू सर्वत्र फिँजिएका छन् । हाम्रा सांस्कृतिक पोसाकहरू जात्रा समारोहमा लगाइने पहिरनमा सीमित भएका छन् । रुख बगैँचाकास्वरूप बदलिएका छन् । कसैले वच्चाको नाक थिच्ने र कसैले नाक तान्ने जाति हामी बीचमै हुर्केका पाइन्छन् भनेर हाम्रो संस्कृतिमा देखाउँदै यी जस्ता अन्य कुराहरूलाई प्रस्ट पार्नका लागि यो निबन्ध अत्यन्त सफल भएको छ ।

## ३. भाषाशैलीय विन्यास

साँस्कृतिक निबन्धका फाँटमा उदीयमान प्रतिभाका रूपमा देखापरेका विष्णु प्रभात प्रायः तत्सम् शब्दको प्रयोग गरेर निबन्ध लेख्न खप्पिस छन् । मानिसहरूका विविध स्वभावहरूको बारेमा चर्चा गरिएको यस **मानव संस्कृतिमा विविधता र एकता** शीर्षकको निबन्धमा भाषशैलीय विन्यास परिष्कृत र परिमार्जित देखिन्छ । भाषालाई आस्वाद्य बनाउन निबन्धकार विष्णु प्रभातले 'प्रकृति', 'गुण', 'परिष्कृत', 'स्वयम्', 'तŐव', 'श्रम', 'जीव', 'खाद्यान्न' आदि जस्ता तत्सम् शब्दहरू त्यस्तै 'हलो', 'पानी',

'आलु', 'मकै' आदि जस्ता तद्भव शब्दहरू  अनि र 'ट्रयाक्टर', 'फर्निचर', 'कोट', 'टाई', 'पाइन्ट' आदि जस्ता आगन्तुक शब्दहरूको प्रयोग गरेका छन् । तर यी शब्दहरू नेपाली जनजिब्रोले पचाइ सकेको हुँदा दुर्बोध्य नभइ सुबोध्य नै देखिन्छन् ।

छोटा र मझौला खालका वाक्य प्रयोग गरिएको यस निबन्धमा प्रायः दुई तीन अक्षरे शब्दहरूकै बाहुल्यतामा निरन्तरता पाइन्छ । जम्मा पाँच अनुच्छेदमा तयार पारिएको यो निबन्धको अनुच्छेदमा तयार पारिएको यो निबन्धको अनुच्छेद योजनामा समानता नै पाइन्छ ।

यसरी तत्सम् र आगन्तुक शब्दको अधिक प्रयोग गरिए पनि तद्भव शब्दहरूको प्रयोगमा पनि कमी छैन । शब्द संरचनामा असमानता देखिए पनि भाषिक अभिव्यक्ति र विषयवस्तु अनुकूलको भाषा प्रयोगले गर्दा यो निबन्धको भाषाशैलीय विन्यास उत्तम खालको नै छ भन्न सकिन्छ ।

## ४.३.१.४ एसियाली संस्कृतिमा बढ्दो अन्तरविरोध

### १. विषयवस्तु

**एसियाली संस्कृतिमा बढ्दो अन्तरविरोध** निबन्धका मुख्य विषयवस्तु जनसङ्ख्याका दृष्टिले विश्वको सबैभन्दा ठूलो महादेश एसिया महादेशभित्र रहेका संस्कृतिहरूलाई चिनाउँदै, तिनीहरूको विशेषतालाई केलाई यसबाट मानव संस्कृतिमा आएका वैचारिक, धार्मिक, जातीय द्वन्द्वलाई प्रस्ट पार्नु रहेको छ । एसियाली क्षेत्रका मुख्य सांस्कृतिक चिन्तनको समानान्तर धारा प्रवाहित भएको पाइन्छ । "मध्य एसियाको हिन्दूवाद, पश्चिम एसियाको इस्लाम जस्ता विचार सँगै प्रकृतिपूजक परम्पराले एसियाली साँस्कृतिक आस्था निर्माण गरेको छ ।"[द्ट] भन्ने कुरा निबन्धकारले निबन्धमा स्पष्ट पारेका छन् । त्यस्तै एसियाली संस्कृतिका मुख्य आस्थाहरूलाई देखाइसके पछि अन्य मतहरू जस्तै यहुदी, कन्फुसियस आदिको पनि चर्चा गरेको पाइन्छ ।

एसियाली संस्कृतिमा केही प्रभाव जमाउन सफल इसाइ र मुस्लिमसँग हिन्दु र बौद्ध धर्मको फाटो चर्कँदै गएको र यसबाट द्वन्द्व भएको कुरालाई दृष्टिगत गरेर चीन-भियतनाम, भियतनाम-कम्पुचिया, भारत-पाकिस्तान, अमेरिका-इरान आदिको युद्ध भएको सङ्केत निबन्धमा गरिएको छ । राजनीतिक होडबाजी, जातीय दङ्गा, युद्ध आदिले गर्दा पश्चिम, मध्यपूर्व र दक्षिण एसिया ग्रसित देखिन्छ । अमेरिकाले चलखेल गरेर कोरियालाई धाप मार्छ अनि इजरायललाई उकासे अरब राष्ट्रमा प्रभुὄव जमाउन पुग्छ तैपनि यसका बाबजुद हुर्केको एसियाली संस्कृतिलाई निबन्धकारले पश्चिमी संस्कृतिको तुलनामा शालीन, सुन्दर, स्वच्छ र शान्तिप्रिय देखाएका छन् ।

निबन्धकार निबन्धमा एसियाली संस्कृतिमा समानताहरू रहेको जानकारी गराउँदै एसियाली संस्कृतिका वैचारिक सम्प्रदायहरू धर्मका आडमा बनेको कुरा देखाउँदछन् । औपनिवेशी दासताका विरुद्धसँगै लडेका एसियाली देशहरू चीन, भारत,

[द्ट] *एसियाली संस्कृतिमा बढ्दो अन्तरविरोध,* ऐजन, पृ. ३० ।

बर्मा, बंगलादेश, पाकिस्तान आदिले बीसौँ शताब्दीमा स्वाधीन अस्तित्व निर्माण गरे भन्ने कुरा तर्फ पनि निबन्धभित्र निबन्धकारको दृष्टि परेको छ ।

निबन्धभित्र एसियाली संस्कृतिहरूको द्वन्द्व देखाइसकेपछि निबन्धकार नेपाली संस्कृतिमा पनि तीसबै देशमा पाइने मुख्य मुख्य विश्वास, पद्धति र प्रथा पाइन्छ भन्न पुग्दछन् । निबन्धभित्र सानो भौगोलिक क्षेत्र भए पनि ठूलो जातीय सम्मिलनमा अडिएको देश भनेर नेपाललाई चिनाइएको छ । यस्ता अनेकताभित्र रहेको नेपालमा एकता कायम गर्न नसके सामाजिक विखण्डन हुने चेतावनी पनि निबन्धमा दिइएको छ ।

## २. उद्देश्य

**एसियाली संस्कृतिमा बढ्दो अन्तरविरोध** निबन्धमा दिनदिनै एसियाली संस्कृतिमा वैचारिक, जातीय, धार्मिक अन्तरविरोधहरू बढ्दै गइराखेका छन् भन्ने देखाउँदै त्यसलाई रोक्न सबैले कदम चाल्नु पर्ने आग्रह गर्दै यो निबन्ध तयार पारिएको छ ।

पूर्व, मध्यपश्चिम र दक्षिण एसियामा मतभिन्नता आइरहेको छ । यस मतभिन्नताले शक्ति राष्ट्रहरूलाई फाइदा भइरहेको छ । एसियाका देशहरूलाई जुधाई, फुटाई आफू रमिते भएका देशहरू धेरै छन् । धर्मको वैचारिक लडाइँमा बौद्ध, हिन्दु, इस्लाम, क्रिस्चियन आदि बीच द्वन्द्व भइरहेको छ । जातीय, क्षेत्रीय, दङ्गा फसाद मच्चिइ रहेको छ । यसले गर्दा  चीन-भियतनाम, भियतनाम-कम्पुचिया, भारत-पाकिस्तान युद्ध भएको कुरालाई उदाहरणका रूपमा प्रस्ट पार्दै त्यसबाट सबैलाई सतर्क रहन र युद्धका सट्टा शान्तिको पक्षपोषण गर्न यस निबन्धबाट आग्रह पनि गर्दछन् ।

## ३. भाषाशैलीय विन्यास

एसियाली संस्कृतिहरूमा देखापरेका मतभिन्नताहरू प्रस्तुत गरेर तयार पारिएको निबन्ध **एसियाली संस्कृतिमा बढ्दो अन्तरविरोध** निबन्धको भाषाशैलीय विन्यास सरल र सामान्य खालको छ । तत्सम शब्दहरूको बहुल प्रयोग गरेर आफ्ना निबन्धहरू रचना गर्न खप्पिस विष्णु प्रभातले यस निबन्धमा पनि 'सिद्धान्त', 'शाखा', 'सहिष्णुता', 'पूर्वीय', 'दर्शन', 'स्वच्छ' आदिजस्ता थुप्रै तत्सम् शब्दहरू प्रयोग गरेका छन् । त्यसैगरी 'जाति', 'सबै', 'आज' आदिजस्ता तद्भव शब्दहरू अनि 'बाबजुद', 'दूरी' आदि जस्ता आगन्तुक शब्दहरू पनि प्रयोग गरेका छन् ।

अनुच्छेद योजनामा मझ्यौला आयामका पाँच अनुच्छेद छन् । शब्द प्रयोगमा दुई-तीन अक्षरे शब्दहरूको बहुलता रहेको छ । व्यास वा प्रवचनात्मक शैलीमा आफ्ना निबन्धहरू प्रस्तुत गर्न रुचाउने प्रभातको यो निबन्ध पनि प्रवचनात्मक शैलीमै रचना गरिएको छ ।

## ४.३.१.५ सामाजिक जीवन र सम्प्रदायवाद

## १. विषयवस्तु

मानिसको सामाजिक जीवनबारे जानकारी गराउँदै समाजमा विभिन्न सम्प्रदायहरू जन्मिएका छन्, हुर्किएका छन् भन्ने मूल विषयवस्तुभित्र यो निबन्ध अडेको छ । विभिन्न व्यवहार, थिति र शैलीका आधारमा हामी कोही आफूलाई आर्य भन्छौँ भने कोही अनार्य भन्छौँ । तँ बाहुन, तँ मगर, तँ गुरुङ, तँ हिन्दू , तँ मुस्लिम भन्दै भाषाको विविधता, धर्मको पृथकता र संस्कारको अनेकतामा हामी बाँडिएका छौँ । राजनीतिक दलगत सोच, स्वार्थ र कट्टरताका रूपमा राजनीतिक सम्प्रदाय देखा पर्दछ । त्यस्तै क्षेत्रीय, जातीय, धार्मिक, लैङ्गिक आदि पनि सम्प्रदाय देखिन्छन् । कुल, धर्म, संस्कार, जातीय देवता आदिमा पनि सम्प्रदाय कै रूपमा अनुसार फरकपन देखिन्छन् ।

मानवीय समाजमा जाति, धर्म र देशै पिच्छे पूजा गर्ने शैली पनि फरक-फरक छन् । कोही गोरु, परेवा, खरायो आदिको पूजा गर्दछन् भने कोही लिङ्ग, सेतो भालु, चन्द्रमा आदिको पनि पूजा गर्दछन् । यिनीहरूमा कोहीमा कट्टरता पनि पाइन्छ भने कोहीमा उदारता पाइन्छ । वैदिक हिन्दूहरू अनार्यलाई राक्षस र अरूलाई म्लेच्छ मान्थे । सामाजिक जीवनमा देखा पर्ने कट्टरतामध्ये जातीयता मुख्य मानिन्छ । इस्लामभित्र सिया र शुन्नीको काटमार, बौद्धभित्र हिनयानी र महायानीबीच द्वन्द्व, इसाइमा अर्थोडक्स, क्याथोलिक र प्रोटेस्टको होड, हिन्दुमा सनातनी, शैव र वैष्णवीको मतभेदजस्ता कुराले पनि जातीय द्वन्द्व मच्चाइ रहेको छ । विभिन्न देशहरूको द्वन्द्वमा पनि साम्प्रदायिकताको भाव देखा पर्दछ । तालिवानीद्वारा बुद्धका मूर्ति तोडफोडजस्ता कुराहरू सम्प्रदायहरूकै वैचारिक बेमेलका कारण भएका हुन् भन्ने जस्ता कुराहरूभित्र यस निबन्धको विषयवस्तु समेटिएको छ । तिनै विषयवस्तुमा ठाउँ ठाउँका उदाहरणहरू प्रस्तुत गरेर निबन्धलाई सत्यताको बान्कीमा ढालिएको छ ।

## २. उद्देश्य

विभिन्न सम्प्रदायमा बाँडिएको मानव जीवनले विध्वंश निम्त्याइरहेको छ । दिनदिनै एउटा धर्म र अर्को धर्मबीच युद्ध, काटमार र द्वन्द्व चर्किएको छ । मानिसहरूमा फुटको अवस्था, कलहको अवस्था विकराल रूपमा आएको छ । ठाउँ-ठाउँमा देश देशबीच हिन्दू -मुस्लिम, क्रिश्चियन-मुस्लिम, हिन्दु-क्रिश्चियन, बुद्ध-तालिवान बीच लडाइँ, झगडा, काटमार भइरहेका छन् । त्यसैको प्रतिफल स्वरूप एउटालाई तँ नराम्रो म राम्रो, अर्कोलाई म राम्रो तँ नराम्रो भन्दै आफू-आफूमा हेपाहा प्रवृत्ति बढेको छ । जातीय द्वन्द्व मच्चिँदै आएको छ भड्किँदै आएको छ । हिन्दु-हिन्दु बीचको फुट, इस्लाम-इस्लाम बीचको फुट, क्रिश्चियन-क्रिश्चियन बीचको फुटले पनि यी धार्मिक कट्टरताभित्र बेमेलको स्थिति आएको छ । त्यसैले कुनै पनि व्यक्ति, दल र समुदायले साम्प्रदायिकतालाई समर्थन गर्नु आफ्नै जीवन, सभ्यता र समाजलाई ध्वंश गर्ने आत्मघाती कदम हो र यसको लागि समयमै सचेत बन्नुपर्छ भन्ने आह्वान पनि यस निबन्धमा गरिएको छ ।

## ३. भाषाशैलीय विन्यास

सांस्कृतिक निबन्धकार विष्णु प्रभातको यस **सामाजिक जीवन र सम्प्रदायवाद** निबन्धको भाषाशैलीय विन्यास परिष्कृत र परिमार्जित देखिन्छ । लामा छोटा पाँच अनुच्छेदमा तयार पारिएको निबन्धमा प्रायः छोटा वाक्यहरूकै बाहुल्यता पाइन्छ । शब्द

प्रयोगमा भने एकरूपता देखिँदैन । 'यी', 'छ', 'छौँ', 'पूजा', 'अग्नि', 'कला' जस्ता एक-दुई अक्षरे शब्ददेखि लिएर 'सम्प्रदायवाद', 'साम्प्रदायिकता', 'विनाशकारी', 'सर्वसाधरण', 'निरन्तरता' आदिजस्ता पाँच-छ अक्षरे शब्दहरू पनि पाइन्छन् । कतै-कतै 'शङ्कराचार्य', 'धर्मान्तरण' जस्ता समस्त शब्दहरू पाइन्छन् ।

नेपाली भाषामा प्रचलित तीन वटै स्रोतका भाषाहरूको प्रयोग यस निबन्धमा पाइन्छ । 'पूजा', 'अग्नि', 'श्राद्ध', 'स्वार्थ', 'वृत्त', 'मूर्त', 'आस्था', 'धर्म', आदिजस्ता तत्सम् शब्दहरू, 'भुस', 'भालु', 'कौवा', 'खरायो', 'बाहिर', 'कोही', 'आफू' आदिजस्ता तद्भव शब्दहरू अनि अर्थोडक्स्, 'क्याथोलिक', 'प्रोटेस्टेन्ट', 'डाइनामाइट', 'टोटेमवादी' आदिजस्ता आगन्तुक शब्दहरूको प्रयोग पनि यस निबन्धमा पाइन्छ ।

प्रसाद शैलीमा लेखिएको यो निबन्ध जो कोहीले एकै पटकमा बुझ्दछ । तत्सम्, तद्भव, आगन्तुक तीनै स्रोतको भाषा प्रयोग गरिए पनि, शब्द प्रयोगमा एकरूपता नआए पनि निबन्धको भाषाशैलीय विन्यास मध्यम खालको छ ।

## ४.३.१.६ सामाजिक व्यवहार सुधार्ने कुरा

### १. बिषयवस्तु

यो निबन्ध समाज सुधारमा सबैको चासो हुनुपर्दछ भन्ने मूल विषयवस्तु भित्र अडेको छ । युगअनुसार सामाजिक व्यवहारमा परिबर्तन गरिनु पर्दछ । हामी जुन युगमा बाँचेका छौं त्यही युगको सामाजिक व्यवहारमा नयाँ बान्की दिँदै जानु पर्ने हुन्छ । पुराना संस्कृतिमा अबलम्बित पार्न पुँजीपती वर्गले वेद/बाइबल, पुराण/कुरान, अबेस्ता/जेन्दावेस्ता जस्ता धर्मग्रन्थ खडा पाऱ्यो । विभिन्न जीव, जन्तु, पदार्थ आदिलाई पुज्ने धारा खडा गऱ्यो । स्वर्ग नर्क बनायो । पुरेतवाद खडा पाऱ्यो । काममा जोतिने श्रमिक वर्ग र काममा जोताउने पुँजीपती वर्गमा आकाश जमिनको फरक बनायो । जातिगत, क्षेत्रगत, धर्मगत, राज्यगत पृथकता ल्यायो । यसमा एकताको खाँचो को पनि महसुस गरिदै छ , हामीबीचको भिन्नताको दूरी अब घटाउँदै लानुपर्दछ । नैतिकताभित्रका आचार विचार र व्यवहारमा परिवर्तन गरिनु पर्दछ । हुनता नैतिकता मानिसभित्रको आचरण हो भन्ने बुझिए पनि त्यसलाई सुधार गर्नु जरुरी छ किनभने मानिसको व्यवहार विग्रनुभन्दा पहिले मा विग्रन्छ ।

हाम्रो सामाजिक व्यवहार सुधार्ने कुरो खासगरी खानपिन, बसाइ उठाइ, लवाइ - हिँडाइसँग विशेष सम्बन्धित देखिन्छ । तिनीहरूमा हामी आपसी छलफल गरेर कसरी सुधार ल्याउन सक्छौं । यी विषयमा गम्भीर रूपमा लाग्नु पर्ने अवस्था छ । आपसी सहमती र सहकार्यले ठोस निर्णय लिनु पर्दछ । यसोगर्दा हामी सबैको कल्याण हुनेछ भनेर निष्कर्ष निकाली निबन्ध टुङ्ग्याइएको छ ।

### २. उद्देश्य

हाम्रो समाज दिनदिनै बिग्रँदै गएको छ । त्यसलाई सुधार्न हामी सबैले निरन्तर लाग्नु पर्नेछ भन्ने मूल उद्देश्य बोकेको यस निबन्धले पुँजीपती वर्गले धर्म संस्कृतिका नाममा अनेकौं ग्रन्थहरू खडा गरिरहेको छ । सत्ता लिप्सामा डुबेकाहरू सत्ताको भोको

बनेर नै छाडा प्रवृत्ति देखाइ रहेका छन् । पुरोहितवाद हावी भइरहेको छ । समाज सुधारमा निरन्तर लाग्नु पर्ने ठाउँमा समाज बिगार्नेतिर मानिस लागिरहेका छन् । जाति, धर्म, क्षेत्र, संस्कारमा भिन्नता ल्याएर मानिसलाई दिन प्रतिदिन टुक्र्याइँदैं छ । नैतिक पतन भएर भ्रष्टहरू दिनदिनै बढिरहेका छन् । खानपिनमा कसरी सुधार ल्याउने, लवाइ, हिडाइ आदि कुन तरिकाले परिवर्तन गर्ने भन्ने जस्ता कुरालाई प्रकाश पारी त्यस विषयमा हामीले ठोस कदम चालेर उचित निर्णय लिनुपर्ने बाध्यता आएको र त्यसैमा सबै मानव जातिको भलो हुनेछ भन्नेजस्तो सन्देश दिने उद्देश्य पनि यस निबन्धले बोकेको छ ।

### ३. भाषाशैलीय विन्यास

विष्णु प्रभात सांस्कृतिक निबन्धकारका रूपमा आफ्नो छुट्टै पहिचान बनाइसकेका निबन्धकार हुन् । यिनको यो **सामाजिक व्यवहार सुधार्ने कुरा** निबन्धको भाषाशैलीय विन्यास मध्यम खालको छ । भाषा विशुद्ध गद्य छ भने शैली प्रवचनात्मक वा व्यास शैलीमा छ ।

यस निबन्धमा लामा छोटा पाँच अनुच्छेद छन् । अनुच्छेद योजना बाह्र हरफदेखि अठतीस हरफसम्मको फैलावटमा निबन्ध फैलिएको छ । अक्षर संरचनामा दुई-तीन अक्षरे शब्दहरूको बहुलता पाइन्छ भने 'ती', 'छ', 'हुन्', आदि जस्ता एक अक्षरे शब्ददेखि 'अलौकिकता', 'जनकल्याण' आदिजस्ता पाँच अक्षरे शब्दसम्म फैलिएको छ । भाषशैलीय विन्यासमा मिठास ल्याउनका लागि 'सानो परिवार सुखी परिवार', 'कमाउने छोरा-बुहारी प्यारो' 'छोराछोरी बराबरी' आदिजस्ता जन भनाइहरू पनि प्रस्तुत गरिएको छ । सामाजिक व्यवहार सुधार्ने कुराहरू प्रस्तुत गर्ने क्रममा प्रश्नात्मक वाक्यहरू पनि आएका छन् । त्यस्ता प्रश्नात्मक वाक्यहरूले पाठकलाई सोच्न बाध्य बनाएको देखिन्छ ।

निबन्धमा 'प्रगति', 'संस्कार', 'विषम', 'विधि', 'विशिष्ट' आदिजस्ता तत्सम् शब्दहरूको प्रयोग पाइन्छ भने 'थुप्रै', 'तिनीहरू', 'मान्छे', 'जुनसुकै', 'आपसी' आदि जस्ता तद्भव शब्दहरूको प्रयोग पाइन्छ । त्यसै गरी 'बिजुवा', 'फेदङ्वा', 'पोप', 'पादरी', 'स्कूल' जस्ता आगन्तुक शब्दहरूको पनि कमी भने छैन ।

यसरी गद्य भाषामा लेखिए पनि, प्रवचनात्मक शैलीमा लेखिए पनि, अनुच्छेद योजना लामा/छोटा भए पनि, तत्सम्, तद्भव र आगन्तुक तीनै स्रोतका भाषाहरूको प्रयोग गरिए पनि गहन विषयवस्तु र व्यक्तिगत तार्किक क्षमताले गर्दा निबन्धको भाषाशैलीय विन्यास मध्यम खालको छ ।

## ४.३.१.७ पाशविक मूल्यको अमेरिकी सभ्यता

### १. विषयवस्तु

अमेरिका जस्तो विकसित देशमा पनि संस्कृतिको नाममा पाशविक व्यवहार देखाइएको छ भन्ने मूल विषयवस्तु लिएर यो निबन्ध तयार पारिएको छ । अमेरिकामा पारिवारिक मूल्य, नैतिक मर्यादा र सामुदायिक दायिõव सबै भताभुङ्ग पारिएको छ ।

यिनीहरूलाई रक्सी, सम्भोग र सनकी गीतका भोगी देखाइएको छ । त्यहाँको संस्कृति चतुर व्यापारी, बहुराष्ट्रिय निगमद्वारा सञ्चालित छ । धर्म र अधर्म दुवै खालका नेताहरू आपराधिक कार्यमा संलग्न  छन् ।

विश्वमा सबभन्दाबढी घातक हतियार बनाई मानवघाती काम गर्ने अमेरिका सबैतिर नर संहार मच्चाइ पृथ्वी र अन्तरिक्षमा आफ्नो हुकुम फिजाउँने सोचमा छ । मुद्राकोष र विकास बैंकका माध्यमबाट साना राष्ट्रमा शोषण निरन्तर गरिरहेको छ । अमेरिकी सेनाले दिन दिनै ज्यादती देखाईरहेका छन् भन्ने जस्ता झिना विषयवस्तु उठाई त्यसलाई वर्ग सङ्घर्षको लडाइसँग जोडिएको छ । वर्ग सङ्घर्षको लडाइँले पुँजीवादी निरंकुशताको विरोध गरिरहेको र त्यस लडाइलाई दबाउन अमेरिकी पुंजीवादी व्यवस्थाले निरङ्कुशता लादिरहेको कुरा पनि यसका विषयवस्तुभित्र पर्दछन् ।

## २. उद्देश्य

अमेरिका जस्तो शक्ति सम्पन्न राष्ट्र पनि संस्कृतिलाई कलङ्कित पार्ने काममा दिनदिनै अगाडि बढ्दै छ । यिनीहरू रक्सी, सनकी र संभोगका भोगी देखिन्छन् । धर्मभीरुहरू आपराधिक कार्यमा संलग्न छन् । हतियार थुपार्ने र विनास मच्चाउने कार्यमा बढी सक्रिय  छ । त्रास र शोषण गर्ने बानीमा निरन्तर लम्किरहेको छ । त्यसैले यस्ताको लागि जनवर्गीय सङ्घर्ष गर्नु आवश्यक छ । वर्ग सङ्घर्षमा गोलबन्द भएर सबैलाई उभिन आग्रह गर्नुनै यस निबन्धको उद्देश्य हो ।

## ३. भाषाशैलीय विन्यास

**पाशविक मूल्यको अमेरिकी संस्कृति** निबन्धको भाषाशैलीय विन्यास  स्तरीय खालको  छ । तत्सम शब्दहरूको बहुल प्रयोग गरिएको निबन्धमा 'सामर्थ्य', 'भूगर्भ', 'खनिज', 'इच्छा', 'श्रेणी', 'दुर्जन्' आदिजस्ता तत्सम शब्दहरू अनि 'थलो', 'दुई', 'निजी', 'आमा' आदि तद्भव शब्दहरू अनि 'फगत', 'संसद', 'पूँजी', 'फ्रैन्च', 'पैसा' आदि जस्ता आगन्तुक शब्दहरूको प्रयोगले निबन्ध भद्दा भने देखिएको छैन । रुचिपूर्ण र स्वभाविक जस्ता देखिएका छन् । त्यसैले प्रस्तुत निबन्धको भाषशैलीय विन्यास स्तरीय खालको छ ।

## ४.३.१.८ मानव संस्कृतिमा महामाताको धारणा

## १. विषयवस्तु

पूर्वीय तथा पाश्चात्य दुवै संस्कृतिमा मातृमहिमा अपरम्पार छ । आमालाई देवीको रूपमा लिने गरिन्छ । मातृमहिमा, मातृबन्दना, मातृपूजा आदिले पनि आमाको महिमा गान गरिरहेको छ । पृथ्वीलाई पनि आमाकै रूपमा हेरिन्छ । आमाको मुख हेर्ने, बुढीबज्यू, पारिङ्गे जस्ता साँस्कृतिक चलन पनि आमालाई नै सम्मान व्यक्त गर्न आएका हुन् भन्ने विषयवस्तुभित्र यो निबन्ध प्रस्तुत भएको छ ।

निबन्धकारले मातालाई महामाताको रूपमा पनि हेर्ने गरिन्छ भन्ने धारणाा व्यक्त गर्दै प्रत्येक देवीको स्तोत्र पाठ गरिन्थ्यो र माताका रूपमा पुजिन्थे भन्न खोजेका छन् । दुर्गा, भगवती, काली शारदा, पार्वती आदि लाई देवीको रूपमा वर्णन गरिएको छ । चारहात, आठहात, सोह्रहात बनाएर ती हातहरूमा भाला, बञ्चरो, त्रिशूल थमाई शक्तिशाली पार्ने प्रयास गरिएको छ । त्यसैको फलस्वरूप शुम्भ, निशुम्भ, महिषासुर जस्ता राक्षस मारिएको कुरा हिन्दू  धर्मग्रन्थका कथाहरूमा वर्णित देखिन्छ ।

पश्चिमी सभ्यताको आदिथलो ग्रिसमा पनि रेहा (हेरा) नाम गरेकी अन्न देवीलाई महामाता भनिन्थ्यो र पुजिन्थ्यो । हातमा हँसिया बोकेकीले त्यसलाई पछि किसानको प्रतीकको रूपमा लिइदै जान थालिएको प्रसङ्ग कोट्याउँदै हाल त्यही हँसियालाई कम्युनिष्टहरूद्वारा साझा शक्तिको रूपमा प्रयोग गर्न थालिएको कुरा निबन्धकार उठाउन पुग्दछन् । निबन्धकार पश्चिमीहरूले रेहालाई पृथ्वीमाताको रूपमा लिने गरेकाले त्यसैलाई आधार मानेर देवकोटाले **सृजामाता** खण्ड काव्य लेखे भन्ने कुरा पनि व्यक्त गर्दछन् ।

निबन्धकार विष्णु प्रभात महामाताको धारणालाई अझ प्रस्ट पार्न र यसको विषयवस्तुलाई अझ फैलाउन हिब्रूहरूले रिबोनको चर्चा गरेको, पर्सियाले ज्ञान वृक्षका रूपमा महामाताको चर्चा गरेका प्रसङ्ग कोट्याउँछन् । निबन्धकारले मध्य एसियामा बज्यू पुजिन्छन् भन्दै पश्चिमी सभ्यतामा पनि “परिवारको संरक्षक, घरेलु सरकार प्रमुख, जीवनदात्री, वीराङ्गना र मौसमकी देवी भनी सम्मान दिँदै समानता र स्वतन्त्रताकी देवीका रूपमा   पुज्छन्”[ढठ] भन्ने प्रसङ्ग जोड्न पुग्दछन् ।

पूर्वीय मान्यता अनुसार दैवी प्रतीकका रूपमा गाई, राजहाँस, मयुर डाँफे, गैँडा, सर्प आदिलाई लिएको कुरा बताउँदै पश्चिममा सेतागाई, राजहाँस, मयुर कोइली, बाज, वर, स्याउलाई यसैको प्रतीकका रूपमा मानिएको विचार निबन्धकारद्वारा व्यक्त गरिएको छ । यसरी महामाताको धारणा अगाडि आए पनि आज त्यो संस्कार सकिँदै गइरहेको भन्ने गुनासोतर्फ पनि निबन्धकारको ध्यान गएको छ ।

## २. उद्देश्य

प्राचीन सभ्यतामा नारी पुजिन्थे । महामातालाई आदर गरिन्थ्यो । आज तिनीहरूलाई पूज्ने संस्कृति विस्तार विस्तार हराउँदै जान थालेको छ । मातृसत्ताको ठाउँमा पितृसत्ता बढ्दो छ । मातृपूजनको ठाउँमा पितृपूजन बढ्दो छ । वैदिक युगमा केटीको समेत व्रतवन्ध गरिन्थ्यो भन्दै आज त्यो संस्कृति लोप भएको यथार्थ निबन्धमा देखाइएको छ । रूप, धर्म, जाति, फरक भए पनि अमालाई आदर भाव सबैले नै राखेको पाइन्छ । ममतामयी आमाको मातृमहिमा, मातृबन्दना भन्न र महामाताको गुणगान गाउन सबै उत्सुक हुन्छन् । पूर्वमा सरस्वतीको पूजा गर्नु, स्वस्थानी ब्रत बस्नु,

[ढठ]----------,*मानव संस्कृतिमा महामाताको धारणा,* ऐजन,, पृ. ४० ।

देवी भागवत लगाउनु आदि कार्यले पनि महामाताको सम्मान गरेको देखिन्छ भन्दै पश्चिममा पनि हेरा/रेहाको पूजा गरेको प्रसङ्ग र त्यहाँका धार्मिक ग्रन्थहरूमा ती कुराको चर्चा गरेको खुलस्त पारी पुरुष सरह महिलाले पनि अधिकार पाउनु पर्दछ । महिला र पुरुष भनेका एकै रथका दुई पाङ्ग्रा हुन् भन्ने उद्देश्यभित्र रहेर यो निबन्ध तयार पारिएको छ ।

## ३. भाषाशैलीय विन्यास

**मानव संस्कृतिमा महामाताको धारणा** निबन्धको भाषाशैलीय विन्यास परिष्कृत र परिमार्जित देखिन्छ । लामा छोटा पाँच अनुच्छेदमा तयार पारिएको यस निबन्धमा प्रायः दुई-तीन अक्षरे शब्दहरूकै बाहुल्यता पाइन्छ । वाक्य प्रयोगमा आकारमा मझ्यौला र भावमा सरल, बनौटमा संयुक्त अनि मिश्र तीनै प्रकारका वाक्यहरूको प्रयोग निबन्धभित्र गरिएको छ ।

निबन्धमा 'मातृ', 'वैदिक', 'माता', 'सृष्टिकर्ता', 'देवता', 'शक्ति', 'ज्ञानवृक्ष' आदिजस्ता तत्सम् शब्दहरू पनि आएका छन् । त्यसैगरी 'आमा', 'गाई', 'पहिरन', 'घरेलु', 'बाबु' आदिजस्ता तद्भव शब्दहरू पनि आएका छन् । त्यसका साथै 'मजदुर', 'औजार' आदिजस्ता अगन्तुक शब्दहरू पनि परेका छन् । यिनै माथि परेका शब्दहरूका आधारमा नेपाली भाषामा प्रचलित तीनैथरी स्रोतका भाषाहरूको प्रयोग निबन्धमा पाइन्छ भन्न सकिन्छ । तर यस्ता शब्दहरू निबन्धकारले जबरजस्ती ल्याए जस्तो लाग्दैन । निबन्धकारका भाव गम्भीर्यतालाई प्रस्ट पार्नका लागि सहजै उपस्थित भएका जस्ता देखिन्छन् ।

## ४.३.१.९ नयाँ मानसिक सभ्यताको खाँचो

## १. विषयवस्तु

नेपाली समाजमा थुप्रै विकृति र विसङ्गतिहरू छन् तिनीहरूमा नयाँ सभ्यताको खाँचो छ भन्ने विषयवस्तुको वरिपरि रहेर यो निबन्ध तयार पारिएको छ । व्यक्ति स्वार्थ, दलीय स्वार्थमा लागेका आजका सम्पूर्ण व्यक्तिमा वर्ग स्वार्थ र संस्कृति स्वार्थ सबैका लागि खिचडी बनेको छ । सबैले धनी, गरिब र मध्यम वर्गका हितका लागि निरन्तर सोचिरहेका भए पनि एउटा नीति नियमले सबैको भलो हुन सक्दैन भन्ने कुरा कसैले सोचेका छैनन् । त्यागी, इमान्दार र सक्षम कार्यकर्ताले भन्दा नवप्रवेशी, योगदान विहीन व्यक्तिले प्रश्रय पाइरहेको छ ।

निबन्धकार निबन्धमा नयाँ मानसिक सभ्यताको निर्माण गर्ने हो भने "रुढिवादी विरुद्ध संघर्ष गर्दै सामन्ती संस्कृतिलाई ध्वंश गर्नै पर्छ र पुँजीवादीद्वारा फिँजाइएका मानवद्वेषी धारणाहरूको खण्डन हुनै पर्दछ"[६८] भन्ने निर्णय दिन्छन् । सामाजिक प्रचलन, चाडपर्व, संस्कारलाई नयाँ ढाँचामा बदल्नु सबैको कर्तव्य भएको छ भन्ने विषयवस्तु यस निबन्धमा देखा पर्दछ ।

---

[६८] ----------, *नयाँ मानसिक सभ्यताको खाँचो,* ऐजन, पृ. ६० ।

## २. उद्देश्य

थोत्रो पुरानो आडम्बरले भरिएको हाम्रो सभ्यतालाई परिष्कार र परिमार्जन गर्दै लगिनुपर्दछ भन्ने मूल उद्देश्य यो निबन्धले बोकेको छ । अधिकांश राजनेता दुईजिब्रे छन् । कर्मचारी कामचोर छन् । प्राध्यापकहरू प्राज्ञिक विवेक प्रयोग गर्दैनन् । सबैलाई आफ्नो प्रशंसा मात्र सुन्नु पर्ने हुन्छ । सांस्कृतिक आन्दोलन नभईकन राजनीतिक आन्दोलनले मार्ग प्रशस्त गर्न सक्दैन । नेपाली समाजमा थुप्रै विकृति र विसङ्गति छन् । धनी र गरिबको लागि एउटै कानुन बन्दैछ । हरेक ठाउँमा राजनीतीकरण भएर योग्य र दक्ष व्यक्ति पीडामा छटपटाइ रहेका छन् । यस्तो कार्यलाई अविलम्ब रोक्ने वातावरणको व्यवस्था गर्नु सबैको दायित्व हो भन्ने मूल उद्देश्य स्वरूप यो निबन्ध तयार पारिएको छ ।

## ३. भाषाशैलीय विन्यास

**नयाँ मानसिक सभ्यताको खाँचो** निबन्धको भाषशैलीय विन्यास उत्तम नै देखिन्छ । शब्दहरू तौलिएर प्रयोग गरेका जस्ता देखिन्छन् । हुनता तत्सम् शब्दहरूकै बाहुल्यता पाइन्छ । तद्भव र आगन्तुक शब्दहरूको पनि कमी भने छैन । शैलीमा प्रवचनात्मक शैली नै अपनाइएको पाइन्छ । वाक्यहरू केही प्रश्नात्मक छन् भने केही पूर्णात्मक छन् । अनुच्छेद योजनामा प्रायः समानता छ । वर्तमानकालीन क्रियापदको ज्यादा प्रयोग गरिएको छ । अक्षर संरचनामा एक अक्षरे शब्द ‘छ’, ‘र’, ‘यो’ देखि ‘परोपकार’, ‘राजनीतिक’, ‘महाविद्यालय’ आदिजस्ता पाँच-छ अक्षरे शब्द सम्म प्रयोग गरिएको छ ।

यस निबन्धमा ‘क्रान्ति’, ‘बौद्धिक’, ‘सुस्पष्टता’, ‘गायक’, ‘सुदृढ’, ‘विकृत’ आदि जस्ता तत्सम् शब्दहरू, ‘सुरु’, ‘लेखाइ’, ‘पढाइ’, ‘काम’, ‘मुख’, ‘आज’ आदिजस्ता तद्भव शब्दहरू र ‘नाजायज’, ‘ओहोदावाल’, ‘कानुन’, ‘आदत’ आदिजस्ता आगन्तुक शब्दहरू पाइए पनि नेपाली समाजले यस्ता शब्दहरू पचाइ सकेको हुँदा दुर्बोध्य भने छैन । सरल र सरस भाषशैलीय विन्यासमा यो निबन्ध तयार पारिएको छ ।

# ४.३.१.१० मनुवादी संस्कारमा सुधारको खाँचो

## १. विषयवस्तु

जन्मदेखि मृत्युपूर्वका १६ संस्कारहरूमा सुधार गर्नु पर्ने धारणा नै यस निबन्धको प्रमुख विषयवस्तु हो । यस्ता सोह्र कर्महरूलाई अनिवार्य बनाए पुरेतवादीहरूले हिन्दू पुरोहितवाद चारवेद र १३१ स्मृति ग्रन्थहरूको आडमा खडा भएको छ । यसमध्ये मूल संविधान भने **मनुस्मृति** बनेको छ । आजका चलनचल्तीमा आएका धर्म र वैदिक सभ्यतामा रहेका धर्मबीच पनि भिन्नता पाइन्छ । त्रिदेवको

धारणा, जन्मान्तरवादको धारण ऋग्वेदमा पाइँदैन । गलत व्याख्या भइरहेको छ । धर्मको नाममा भ्रमको चङ्गा उडाई जनतालाई सिल्ली बनाइँदै छ ।

नेपाली समाजमा हिन्दू मात्र छैनन् । बौद्ध, इसाई, जैन, सिख आदि पनि छन् , ती सबैले १६ संस्कार पालना गरेका छैनन् । धर्म व्यक्तिको निजी आस्था हो भने संस्कृति समाजको संस्कार बनेको हुन्छ । धर्म र संस्कारलाई जोडेर पुराण लगाई सोझा सिधा जनतालाई भ्रममा पार्नु राम्रो होइन । धर्म संस्कारको भ्रममा सोह्र संस्कार लिने वा गरुड पुराण पढ्न अनुरोध गर्नेलाई नयाँ विकल्प सुनाउनु पर्छ । हुनतः सोह्र संस्कारहरू आफैंमा निस्क्रिय भएर गएका पनि छन् । पुरानै कुराहरू  गर्दा पनि कर्म नचलेका ऋषि र धर्म नमानेका देवता पनि भेटिन्छन् । साँस्कृतिक सुधारलाई स्वीकार नगर्ने हो भने “राजा रन्तीदेवले गरेको गोमेध यज्ञ सम्झँदै गाई पूजा गरेर गोमांशको प्रसाद लाउनु पऱ्यो; राम र युधिष्ठिरको अश्वमेघ यज्ञ सम्झँदै घोडाको मासु लुछ्ने तयारी गर्नु पऱ्यो”[ढढ] भनेर विष्णु प्रभात निबन्धको विषयवस्तुलाई प्रष्ट पार्दै कुर्लन्छन् ।

## २. उद्देश्य

यस निबन्धमा मनुवादी संस्कारमा देखिएका कमजोरी पक्षहरूलाई प्रगतिवादीले केलाउन थालेपछि यो संस्कार गलत हो, यसलाई सुधार्दै लानु पर्दछ भन्ने भाव व्यक्त गर्ने मूल उद्देश्य  पाइन्छ । जबसम्म धार्मिक सुधार गर्ने आन्दोलनका ढोकाहरू खुल्दैनन् तबसम्म यस क्षेत्रको तथ्यगत र आलोचनात्मक ढोका खुल्दैनन् । विभिन्न व्यक्तिका नाममा पुराण लगाई धर्मको प्रचार गरी पुरोहितवाद हावी भएको छ । मृतकका नाममा शान्ति होस् भन्दै गरुड पुराण फलाकी सम्पत्ति कुम्ल्याउनेहरू धेरै छन् । त्यस्ताबाट सजग रहनु पर्दछ । मनुवादी सोह्र संस्कारहरूमा समयअनुसार सुधार गरिँदै लानु पर्दछ । **मनुस्मृति** ग्रन्थ संस्कारहरूको मूल संविधान हो । पुरेतवादी विधि बनेर अगाडि आएको **मनुस्मृति**ले वेदको गलत व्याख्या गरी जनतालाई भ्रमित बनाइरहेको छ । सोह्र संस्कारको विकल्प खोज्नु पर्दछ । हिन्दू , बौद्ध, इसाई, सिख आदि जुन सम्प्रदायको नाम लिए पनि सामाजिक जीवनलाई वैज्ञानिक दृष्टिकोण प्राप्त नहुन्जेल नेपाली समाजले समुन्नतिको मार्ग पक्रेर अगाडि बढ्न सक्दैन । त्यसका लागि आजै देखि सबै लाग्नु पर्दछ  भन्ने उद्देश्य स्वरूप निबन्ध तयार पारिएको छ ।

## ३. भाषाशैलीय विन्यास

**मनुवादी संस्कारमा सुधारको खाँचो** निबन्धको भाषाशैलीय विन्यास विशिष्ट प्रकारको छ । यस निबन्धमा विष्णु प्रभातले प्रशस्त तत्सम् शब्दहरूको प्रयोग गरेका छन् । जस्तैः ‘गोष्ठी’, ‘वैज्ञानिक’, ‘स्मृति’, ‘जातकर्म’, ‘मातृǑव’ आदि । यसबाट निबन्ध खासै दुर्वोध्य भने भएको छैन । कुनै सभाको प्रत्यक्ष वर्णन गरे जस्तो निबन्धको शैली देखिन्छ । निबन्धमा तद्भव शब्दहरूको प्रयोगमा पनि कमी छैन । जस्तैः ‘अँधेरो’, ‘काम’, ‘खोजी’, ‘भात’ आदि । त्यस्तै ‘स्पेसटाइम’, ‘सेरेलेक’ आदि जस्ता आगन्तुक शब्दहरू पनि पाइन्छन् ।

---

[ढढ] ----------,*मनुवादी संस्कारमा सुधारको खाँचो,* ऐजन, पृ. ७० ।

लामा र मझ्यौला आयामका जम्मा चार अनुच्छेदमा तयार पारिएको यस निबन्धमा एक अक्षरे 'छ', 'हो' जस्ता शब्दहरूदेखि 'अल्मल्याउनु' आदि जस्ता पाँच-छ अक्षरे शब्द सम्मको प्रयोग पाइन्छ । 'जबसम्म धार्मिक सुधार आन्दोलनले गतिशील पाइला चाल्दैन तब सम्म यस क्षेत्रको तथ्यगत एवं आलोचनात्मक अध्ययनको ढोका खुल्दैन' जस्ता मिश्र वाक्यको प्रयोगका साथै सरल र संयुक्त वाक्यको प्रयोग पनि निबन्धमा पाइन्छ । यी र यस्ता कुराहरू भए पनि गहन विषयवस्तुका प्रतिपादनले निबन्धको भाषशैलीय विन्यास विशिष्ट देखिन्छ ।

## ४.३.१.११ नेपाली समाजमा अन्तर्जातीय सम्मिलन

### १. विषयवस्तु

नेपालमा थुप्रै जातजाति छन् । ती जातजातिका बीचमा परस्पर समानता केलाएर देखाउनु नै यस निबन्धको मुख्य विषयवस्तु हो । परापूर्व कालदेखि नै आर्य, मङ्गोल, द्रविड, आष्ट्रिक आदि विभिन्न जाति छन् । हामी मानव वंश यिनै ताँतीबाट विकसित भएर आएका  हौँ । यी जातिका विभिन्न प्रजातिहरू खडा भएका छन् । ती जातिहरूबीच पनि सम्मिलन देखिन्छन् ।

नेपाली समाजमा प्रचलित विभिन्न संस्कारहरूमा पनि जातीय सम्मिलन स्पष्ट रूपमा देखिन्छ । न्वारन, विवाह संस्कार, मृत्यु संस्कार पनि समान देखिन्छन् । न्वारन गर्दा कसैले तीन दिनमा, कसैले चार दिनमा गर्दछन् । त्यसमा पनि कसैले जाँड, रक्सीको अभिषेक लिन्छन् त कसैले गहुँतको । कति जातिमा आर्य संस्कृतिको प्रभावले एघार दिनमा न्वारन गर्नेहरू पनि भेटिन्छन् । विवाह संस्कारमा कोही सिन्दूर लाउँछन्, कोही लगाउँदैनन् । कोही दूध फोरा पाँच र हाडफोरा सात पुस्ता बार्दछन् भने कोही बार्दैनन् । सिन्दूर, चुरा, पोते र गहना लगाउने चलनमा प्रायः समानता देखिन्छन् । नेवारहरू भने पोतेको मात्रा कम  गर्दछन् । मृत्यु संस्कारमा राईहरू जलाउने, गाड्ने र बगाउने गर्दछन् भने लिम्बूहरू  गाड्छन् ।

मन्दिर, गुम्बा, घ्याङ् सिद्धस्थान बनाउने चलन सबैमा समान छ । त्रिशूल, चिम्टा, पालाको प्रयोग सबै जातिले गर्दछन् । चौतारो बनाउने, पाटीपौवा निर्माण गर्ने, बाटोघाटो बनाउने, बुढाबुढीको सम्मान गर्ने परम्परा सबैमा देखिन्छ । परापूर्व कालदेखि नै राष्ट्र निर्माण कार्यमा सबै जातिमा एक ढिक्का भएर अगाडि बढेका कैयौं उदाहरण पनि पाइन्छन् भन्ने विषयवस्तु उठाई यो निबन्ध तयार पारिएको छ ।

### २. उद्देश्य

यो निबन्ध देश विकासको निम्ति हामी एकजुट भएर लाग्नु पर्दछ । यसले हाम्रो जातिमा फरक भए पनि हाम्रा संस्कार र विचारमा समानता छन् भन्ने मूल उद्देश्य बोकेको छ । परापूर्व कालमा हामी एउटै संस्कारमा हुर्किएका र पछि त्यसलाई टुक्र्याउँदै यहाँसम्म आइपुगेको पाइन्छ । हामी नेपालीबीच ऐतिहासिक विकास क्रममा हुर्कदै आएको अन्तर्जातीय सम्मिलनलाई ध्यानाकर्षण गराउनु पर्ने अवस्था आएको छ । नेपाल र नेपालीको हित चाहनेले जातीय सम्मिलनका सुन्दर परम्पराहरूको संरक्षण

गर्नु पर्दछ । इतिहासमा देखिएका कमी कमजोरीबाट शिक्षा लिएर वर्तमान भविष्य उज्ज्वल पार्न सकारात्मक सोचका साथ अन्तर्जातीय सम्मिलनलाई सामाजिक व्यवहारमा सबल बनाउन जुट्नु पर्दछ भन्ने उद्देश्य पनि यस निबन्धमा पाइन्छ ।

## ३. भाषाशैलीय विन्यास

साँस्कृतिक निबन्धकार विष्णु प्रभातको नेपालमा भएका विविध संस्कृतिहरूबीच समानता केलाइएको **नेपाली समाजमा अन्तर्जातीय सम्मिलन** निबन्धको भाषाशैलीय विन्यास अत्यन्त परिष्कृत र परिमार्जित देखिन्छ । जम्मा पाँच अनुच्छेदमा तयार पारिएको यस निबन्धको अनुच्छेद योजना प्रायः समान देखिन्छ । वर्तमानकालीन क्रियापदको प्रयोग गरिएका वाक्यहरू बहुल छन् भने यदाकदा भूतकालीन क्रियापद पनि पाइन्छ । सरल, मिश्र र संयुक्त तीनैथरिका वाक्यहरू यस निबन्धमा पाइन्छ भने प्रायः मझौला र छोटा वाक्यहरूको प्रयोग पाइन्छ ।

यस निबन्धमा 'सुन्दर', 'आर्य', 'स्वत', 'ब्राह्मण', 'शङ्ख', 'घण्ट' आदिजस्ता तत्सम शब्दहरू, 'पहाड', 'तराई', 'गहुँत', 'पाँच', आदिजस्ता तद्भव शब्दहरू, 'समय' 'बिजुवा', 'फेदाङ्वा', 'लाखामारी', 'ऐला' आदिजस्ता आगन्तुक शब्दहरू प्रयोग गरेर नेपाली भाषाका तीनैथरी स्रोतका शब्दहरूको प्रयोग भेटिन्छ । निबन्धमा ठेट नेपाली शब्दले कमै स्थान पाएको छ । निबन्धको भाषा पूर्णतः गद्यमा छ ।

## ४.३.१.१२ मानव सभ्यतामा यौन कलाकारिता

## १. विषयवस्तु

मानव सभ्यताको विकाससँगै मानिसले यौनका अनेक कलाकारिता प्रदर्शन गरेका थिए । लिङ्ग र योनीका नाङ्गा मूर्तिहरू कुँद्ने गरेका थिए । तिनै विषयमा विस्तृत र व्यापक अध्ययन नै यस निबन्धको मूल विषयवस्तु हो । कलाकारहरू मानसिक श्रममा रहेका हुन्छन् । उनीहरूको परिवेश मायालु, दयालु र मुक्तमन छ भने त्यसको प्रतिबिम्ब ऊद्वारा निर्मित कलाकारितामा पनि पर्दछ अनि उनीहरूको परिवेश कर्कश, उल्झन, उत्पीडन आदिबाट त्रसित छ भने उनीहरूको कलामा पनि विसङ्गति देखिन्छ । साँस्कृतिक मान्यता अनुसार यौन कलाकारितालाई स्वास्थ हितकर होस् भन्ने उद्देश्य स्वरूप प्रयोग गरिएको हुनुपर्दछ भन्ने मान्यता पनि देखापर्दछ । अनेक विधि पद्धति पनि देखा पर्दछन् । सन्तान जन्माउँदासमेत साइत हेर्ने गरिन्छ । नारी र पुरुष दुबैलाई समान रूपमा मान्ने गरिए पनि पुरुषमा भन्दा महिलामा यौन शक्ति धेरै हुने कुरा अगाडि आएको छ । हिन्दू सनातनमा शिवले अर्धनारीस्वरको रूपमा ब्रह्मालाई आकर्षणमा पारेको, ग्रिसेली धारणामा ईश्वरले मान्छेलाई चिरेर रतिक्रिया सुरु गरेको, इसाई मतमा मरियमले ईश्वरबाट शक्ति प्राप्त गरी मानव विकास गरेको कुरा ल्याई सबै धर्ममा यौन संस्कृतिका बारेमा चर्चा रहेको यथार्थ अघि सारेको पाइन्छ ।

यौन कलाकारिता एउटा इतिहास बोकेर अगाडि बढिरहेको पाइन्छ । मन्दिरका टुँडालमा, गीतका टुक्कामा, कथाको विराट परम्परामा समेत यौन भाव देखिन्छ । यौनका शालीन रूप र उच्छृङ्खलरूप दुबैरूप हामीमा विद्यमान छन् । साहित्यमा भने

यौनवादको टीका टिप्पणी यौन र जीवनको सङ्गति खल्बलिन थालेपछि हुन थाल्छ । ऋषिमुनिको गुप्त संसार देखाउँछ, ऋग्वेदको रतिरागात्मक झाँकीले । यसरी यौन कलाकारिता प्राचीनता देखि नै अगाडि बढको छ ।

यौन कलाकारिताले विस्तार विस्तारै मान्छेको आदर्श, सामाजिकता कुल्चेर हुर्कदै जान थालेको छ । शरीरको वर्णन गर्दा, शारीरिक कार्यकलापको वर्णन गर्दा यौनिकता स्वभावतः देखापर्छ भन्दै सामाजिक शिष्टाचारलाई भुलेर अगाडि बढ्नु हुँदैन । एक समयको यौनकलाकारिता र अर्को समयको यौन कलाकारितामा भिन्नता आउँछ । एकै रूपमा बाँध्न सकिदैन "श्रृङ्गार कालीन साहित्य र स्वच्छन्दतावादी साहित्यमा यौन संवेगको चित्रण अलग-अलग ढङ्गबाट गरिन्छ"[छण] भन्न पुग्छन् । आफ्नै युगको चेतना र कलाकारिताबाट बाँधिएको हुनु पर्दछ कलाकारिता । युवायुवतीमा देखिएको हावभाव, कटाक्ष प्रस्तुत गर्नु, लुगाफाटो-गरगहना, सुगन्धित तेल आदिको प्रयोग गर्नु त्यसैको रूप हो । त्यसैले यौन कलाकारिता मानव सभ्यताको अभिन्न अङ्ग बनेको छ भन्ने विषयवस्तु यस निबन्धमा देख्न पाइन्छ ।

## २. उद्देश्य

यस निबन्धले यौन कलाकारितालाई छाडा, विलासी र पाशविक स्तरमा ओराल्ने व्यवसायवादी नाफाखोरहरूको विरोध गर्नु हामी सबैको कर्तव्य हो भन्ने उद्देश्य बोकेको छ । यौनको चर्चा सबै धर्म र सम्प्रदायमा हुन्छ । यौन कलाकारिताको छुट्टै इतिहास छ । चित्रकला, मूर्तिकला मात्र नभई यौनको कलाकारिता शब्दकलामा पनि पाइन्छ । नग्नचित्र दिँदा, रतिरागलाई साहित्यिक अभिव्यक्ति दिँदा, प्रेमलाई अभिव्यञ्जन गर्दा छाडा तरिकाले व्यक्त गर्नु हुँदैन । एउटा र अर्को समयको यौन कलाकारितामा भिन्नता पाइन्छ । पाटनको कृष्ण मन्दिर, आगराको ताजमहल, मिश्रको पिरामिड, चीनको लामो पर्खाल पनि कलाकै नमुना हुन्  आफूलाई सिंगार्ने गहना, लुगाफाटो चमक-धमक गर्ने गर्नु पनि यौन कलाकारिताभित्र पर्दछ । आजको आधुनिक समाजमा बढ्दो कला प्रेमकाबीच यौन कलाकारितालाई स्वस्थता प्रदान गर्ने दायित्व पनि जटिल र गहन भएको छ । यसलाई जोगाउन हामी सबैले जागरुकताका साथ लाग्नु पर्दछ भन्ने उद्देश्य पनि यस निबन्धमा देख्न सकिन्छ ।

## ३. भाषाशैलीय विन्यास

यौनको कलाकारिताका बारेमा विस्तृत र व्यापक ढङ्गबाट अध्ययन गरेर यस **मानव सभ्यतामा यौनकलाकारिता** निबन्धलाई निबन्धकारले बान्की दिएका छन् । निबन्धकार विष्णु प्रभात निबन्धलाई बौद्धिकता र तार्किकतामा ढाल्ने भएका कारण पूर्वीय एवम् पाश्चात्य ज्ञान र दर्शनबाट संस्कृति खोजी गरेर निबन्ध तयार पार्छन् । भाषालाई सटिक र आस्वाद्य तुल्याउनको निम्ति 'आदर्श', 'त्रुटि', 'शृङ्गार', 'शिष्ट', 'शालीन', 'कार्य' आदिजस्ता प्रशस्त तत्सम् शब्दहरूको प्रयोग गरेका छन् । त्यस्तै 'नाङ्गो' 'हाम्रो', 'आफ्नो' आदिजस्ता तद्भव र 'रोमेली', 'ग्रिसेली', 'अफ्रिकी' आदि जस्ता आगन्तुक शब्दहरूको प्रयोग यस निबन्धमा देख्न सकिन्छ ।

---

[छण] ----------, *मानव सभ्यतामा यौन कलाकारिता,* पूर्ववत् पृ. ९२ ।

'कुनै', 'आँसु', 'दया', 'करुणा', 'मर्यादा', 'सुन्दर' आदिजस्ता दुई तीन अक्षरे शब्ददेखि 'लाभदायक', 'नकारात्मक', 'मानवसभ्यता', 'अर्धनारीस्वर' आदि जस्ता पाँच-छ अक्षरे शब्दहरूको पनि प्रयोग देखिन्छ । अनुच्छेद योजनाका कोणबाट हेर्दा आठ हरफदेखि बीस हरफसम्मका जम्मा नौ अनुच्छेदमा निबन्ध तयार पारिएको छ । अनुच्छेद योजना शब्द संरचना आदिमा असमानता देखिए पनि विविध विषयहरूको प्रतिपादन र अभिव्यक्तिका सन्दर्भबाट हेर्दा निबन्धको भाषाशैलीय विन्यास स्तरीय खालको नै देखिन्छ ।

यसरी तत्सम शब्दहरूको अधिक प्रयोग देखिए पनि तद्भव र आगन्तुक शब्दहरूको प्रयोगले निबन्धको भाषा अत्यन्त सुबोध्य र सुरूचिपूर्ण रहेको छ भने अनुच्छेद योजना र विषयवस्तु अनुकूलको भाषा प्रयोगले गर्दा यो निबन्ध उपयुक्त नै रहेको देखिन्छ ।

## ४.३.१.१३ व्यवसायिक सिनेमा र आजको आवश्यकता

### १. विषयवस्तु

**व्यवसायिक सिनेमा र आजको आवश्यकता** २०५० सालको 'प्रलेस' मा प्रथमपटक प्रकाशित निबन्ध हो र यसलाई फेरि **समाज संस्कृति र नैतिकता** निबन्ध सङ्ग्रहमा सङ्कलित गरिएको छ । यस रचनामा आजको सन्दर्भमा सिनेमा कत्ति जायज छ । सिनेमाले कस्ता कस्ता कुराहरू व्यक्त गर्दछ । सिनेमा कसरी र कोबाट सञ्चालित हुन्छ भन्ने मूल विषयवस्तु देख्न पाइन्छ ।

सन् १८९५ को मार्चमा फ्रान्सेली ल्युमिये, अगस्त र लुइले चलचित्र बनाउन सफल भएका थिए । त्यतिखेर आजको जस्तो चलायमान फोटो खिच्न सक्ने क्यामेरा थिएनन् । त्यस पछिको लामो समयपछि मात्र विज्ञानको लामो विकाससँगै अनेकौं प्रविधिहरू भित्रिए । फोटोग्राफी एक प्रकारको पेसा पनि बनेको छ । चित्रकलाकै प्राविधिक/विकसित रूप फोटोग्राफीका बैकल्पिक साधनहरू साहित्य, सङ्गीत, वास्तुकला, मूर्तिकला, रङ्गमञ्च, अभिनय, नृत्य र प्रहसनको मिश्रणद्वारा चलचित्र निर्माण हुन्छ । यसले कल्पना र यथार्थको मिश्रणद्वारा व्यक्ति र समष्टिको भाव संयोजन गर्दै समाजका सम्पूर्ण आयामहरू समेट्ने गर्दछ । समाजमा देखा परेका धनी गरिब, नारी-पुरुष, बच्चा-बुढा, बौद्ध-इसाई आदि सबै कुरालाई यसले समेट्ने गर्दछ ।

यसलाई व्यक्त गर्ने कला विशिष्ट हुनु पर्दछ । केही न केही सन्देश, संवादकला, अभिनय, नृत्य र प्रहसन हुनु जरुरी छ । सिनेमालाई कलाको पुँजीवादी विधा मानिन्छ, कलाकार बिकाउ वस्तु सरह माल बन्दछन् । उनीहरू फरक-फरक सिनेमामा फरक-फरक मोलमा बेचिन्छन् । दिग्दारी, कुण्ठा, निराशा देखाइन्छ । सिनेमा उत्पादक मनोविकार ग्रसित देखिन्छन् "होटलको रङ्गविलास, मदिराका गिलास र द्वन्द्वको नाममा हिंसा, हत्या, कुटपिट, छुरी प्रहार, बन्दुक र बमका धमाकाविना फिल्म उद्योग नचल्ने भ्रान्तिद्वारा नेपाली सिनेकर्मी र उत्पादकहरू ग्रसित छन् ।"[छ्ज] भनेर देखाइएको छ ।

---

[छ्ज] ----------,*व्यवसायिक सिनेमा र आजको आवश्यकता,* ऐजन, पृ. ९५ ।

निरंकुशता उदारताको खोल ओडेर सामन्ती दर्शकमा देखापर्दछ । सामन्तीको गुणगान, वीरपुरुष देखाउनु, वीरपुरुषमा सामन्ती नेता राख्नु र त्यसलाई अतिमानवीकरण, तिलस्मी, अलौकिक पारिन्छ । दर्शकलाई लीला देखाउँछ एउटा नायकले । कतै-कतै प्रेमको आकर्षण दीर्घजीवी देखाइन्छ तर परिवार काल्पनिक हुन्छन् । अनेकौं कुसंस्कार र कुसंस्कृति देखाइएका हुन्छन् । भारतीय सिनेमाको ठूलो हिस्सा कालाबजारीबाट सञ्चालित छ भन्ने गरिन्छ भने नेपाली उद्योग पनि त्यसबाट अछुत  छैन । आजको नेपाली सिनेमा शासकवर्गीय चेतनामा ओतप्रोत देखिन्छ ।

सिनेमाको प्रयोग सानो र ठूलो सहरी क्षेत्रमा छ । गाउँ-गाउँमा अझै पनि नाटक, नाचगान, लोकनृत्य, जात्रा, रोदी आदि प्रयोगमा आइरहेका छन् । जनकल्याणको वकालत गरेर पनि चलचित्रबाट आगाडि बढ्न सकिन्छ भन्ने विषयवस्तुभित्र यो निबन्ध अटाएको छ ।

## २. उद्देश्य

सिनेमा क्षेत्रमा भएका कमीकमजोरीहरूलाई देखाउँदै त्यसबाट सजग रहन आग्रह गर्ने मूल उद्देश्य स्वरूप यो निबन्ध तयार पारिएको हो । यस निबन्धमा फिल्मी क्षेत्र मूलतः नाफा कमाउने, सामन्ती सोच, पुँजीपति वर्गलाई टेवा दिने कार्यमा मात्र लागेको छ । शिक्षा, ज्ञान, चेतना फैलाउने रूपमा छैनन् । एउटा हिरो र हिरोइनको अनेक लीला देखाइन्छ । कलाकारहरू मालका रूपमा बजारमा बिकिरहेका छन् । हिंसा, हत्या, कुटपिट, बन्दुक र बमका धमाकाको दृष्यले मानिसलाई दिनदिनै जर्जर पारिएको छ । जनता झुक्याई नाफा कुम्ल्याउने दाउमा मात्र सीमित छ । अनेक काल्पनिक, तिलस्मी कुराहरू देखाई जनतालाई दिग्भ्रमित पार्ने सोचमा अगाडि बढेको छ । त्यसैले यसबाट सजग रही चलचित्रकर्मीहरूले राष्ट्रिय भावनामा ओतप्रोत भएका, चेतना प्रधान, सांस्कृतिक स्वरूपमा आधारित नीति प्रधान कुराहरूमा जोड दिएर चलचित्रको निर्माण गर्दा पनि चलचित्रकर्मीहरूले थुप्रै सफलता प्राप्त गर्न सफल भएका उदाहरण पनि निबन्धमा आएका छन् । छाडा संस्कृति, समाज विखण्डन गर्ने, खराब मनोवृत्ति फैलाउने, परिवारमा कलह सिर्जना गर्ने फिल्महरूलाई रोक्नका लागि सरकारले उचित कदम चाल्नु पर्ने सल्लाह सम्बन्धितलाई प्रदान गर्ने उद्देश्यले समेत यो निबन्ध तयार पारिएको छ ।

## ३. भाषाशैलीय विन्यास

मझ्यौला आयामका नौ अनुच्छेदमा तयार पारिएको यस निबन्धको भाषाशैलीय विन्यास स्तरीय देखिन्छ । वाक्य प्रयोगमा छोटा र मझ्यौला आयामका वाक्यहरूको प्रयोग गर्न रुचाउने निबन्धकारले यस निबन्धमा पनि सोही प्रयोग गरेका छन् । तत्सम शब्दहरूकै बहुलतामा निबन्ध तयार पार्ने विष्णु प्रभातले 'नृत्य', 'दर्शक', 'सङ्गीत', 'निर्माण', 'समृद्ध' आदिजस्ता तत्सम् शब्दहरू, 'छोरा-छोरी, 'अनेकौँ', 'हामी', 'कसिङ्गगर', 'खोल' आदिजस्ता तद्भव शब्दहरू र 'सिनेमा', 'क्यामेरा', 'मार्च', 'टोटल', 'फिल्म', 'बजार', 'सेन्सर बोर्ड', 'फोटोग्राफी' आदिजस्ता आगन्तुक शब्दहरूको प्रयोग निबन्धमा पाइन्छ । नेपाली समाजले यी र यस्ता शब्दहरू पचाइ सकेकाले सरल र सुबोध्य नै छन् ।

तत्सम शब्दहरूको अधिक प्रयोग, तद्भव शब्दहरूको बहुल प्रयोग अनि आगन्तुक शब्दहरूको एथेष्ट प्रयोग गरिएको भए पनि व्यास शैलीमा लेखिएको यस निबन्धको भाषाशैलीय विन्यास स्तरीय खालको छ ।

## ४.३.१.१४ संस्कार निर्दलीय हुनसक्छ संस्कृति होइन

## १. विषयवस्तु

वैचारिक संस्कृतिमा आधारित निबन्ध हो **संस्कार निर्दलीय हुन सक्छ संस्कृति होइन** यो निबन्ध **समाज, संस्कृति र नैतिकता** सङ्ग्रहभित्र सङ्ग्रहित गरिएको छ । दलीय संस्कृतिको निर्माण गर्नु पर्ने कुरामा सबैको चासो देखिन्छ । कुन र कस्तो दलीय संस्कृति भन्ने कुरामा सबै मौन देखिन्छन् । लामो कालखण्ड बितेको मानव जीवनको इतिहासमा निर्दलीय संस्कृति आजसम्म पैदा हुन सकेको छैन । राज्यको उदयसँगै राजनीतिको मूल ढाँचा वर्गीय चरित्रमा अभिव्यक्त भएको छ ।

दलीय संस्कृति भनेको वर्गीय संस्कृति हो । राजनीतिका क्षेत्रमा उठाइएको दलीय संस्कृतिको माग राजनेताको आचरणमा सम्बन्धित देखिन्छ । माथिल्लो जातिको संस्कार र तल्लो जातिको संस्कारमा आकाश र पातालको फरक देखिन्छ । नेपाली समाजमा सक्रिय दलहरूको सम्बन्ध मध्यम वर्गसँग छ । अनुशासनको डोरीले बाँध्न खोज्दा खोज्दै अनुशासनहीन हुनेमा प्रायः उपल्लो वर्ग वा सामन्ती संस्कृतिद्वारा नै सञ्चालित देखिन्छन् । पुँजीवादका विरुद्ध जब वर्गीय संघर्ष उठ्छ, मजदुर किसान एकजुट हुन्छन् तब भ्रान्तीको खेल रच्दै उनीहरू क्रान्तिलाई तुहाई दिन्छन् र केही सुधार गरे जस्तो गरेर लालीपप खुवाउँछन् । यतिखेरको दलीय संस्कृतिको माग भनेको मध्यम वर्गका चाहना अनुसारको मात्र देखिन्छ ।

दलीय स्वार्थमा डुबेकाहरू व्यक्ति पिच्छेका संस्कृति भिक्न खोज्छन् । अखबारहरूमा फरक-फरक नेताका फरक-फरक धारणा आउँछन् । यी र यस्ता विचारहरूले संस्कारलाई नै लक्षित गर्दछ । व्यक्तिमा भएको व्यक्तिगत गुणलाई लक्षित गर्दछ, संस्कृतिलाई होइन । संस्कार र संस्कृति भनेका भिन्ना-भिन्नै कुरा हुन् । त्यसलाई वास्तै नगरी ‘निर्दलीय संस्कृति’ भनेर कुर्लिरहने कुर्ल्याहाहरू सजग हुनु अवश्यक छ भन्दै आफ्ना विचारहरू ओजपूर्ण तरिकाले राखेर तयार पारिएको निबन्ध हो यो ।

## २. उद्देश्य

देश सञ्चालन गर्ने जिम्मा लिएका राजनीतिकर्मीहरूले संस्कार र संस्कृतिमा फरक नबुझीकन जुन निर्दलीय संस्कृतिका कुरा गरेका छन् । त्यो धारणा गलत हो । तिनीहरूमा भिन्नता छ । संस्कार भनेको व्यक्तिले जे सिक्छ त्यो हो । व्यक्तिमा विकसित सामाजिक गुण नै संस्कार हो । संस्कार अत्यन्त सानो सामाजिक विधि र व्यवहार, भाव सञ्चेतना र बानी व्यहोराको एकात्मक रूप हो । फरक-फरक विषयमा, फरक-फरक सन्दर्भ र कार्यकलापमा बेग्ला-बेग्लै ढाँचामा, फरक-फरक तरिकाले अपनाइन्छ । संस्कृतिलाई त्यही संस्कारको घेरामा अपनाइनु हुँदैन । विशालता ओगटेर

समष्टिरूपलाई सामान्य घेरा 'निर्दलीय संस्कार' भित्र अपनाउनु भनेको मुर्खता हो । यस निबन्धमा संस्कार निर्दलीय बन्न सक्छ तर संस्कृति होइन भन्ने मूल विचारलाई प्रस्ट पारिएको छ ।

## ३. भाषाशैलीय विन्यास

**संस्कार निर्दलीय हुन सक्छ संस्कृति होइन** निबन्धको भाषशैलीय विन्यास मध्यम खालको छ । भाषालाई परिष्कृत र परिमार्जित पार्न खोजिए पनि त्यसबाट निबन्धकार केही चुकेका जस्ता देखिन्छन् । यस निबन्धमा 'पद्धति', 'संसार', 'सभ्यता', 'प्राज्ञिक', 'दर्शन' आदि जस्ता तत्सम् शब्द, 'खानपिन', 'बोलीचाली', 'कुम्लो', 'फरक-फरक' आदिजस्ता तद्भव शब्द र बिलकुल, 'अखबार', 'सबार', 'मजदुर', 'फ्रान्सेली' 'आन्दोलन' आदि जस्ता आगन्तुक शब्दहरू पाइन्छन् । यसबाट निबन्धकारले यस निबन्धमा तत्सम्, तद्भव र आगन्तुक नेपाली भाषामा प्रचलित तीनैथरी स्रोतका भाषाहरूको प्रयोग गरेको देखिन्छ ।

अनुच्छेद योजनामा पनि एकरूपता पाइदैन । छ हरफे अनुच्छेदमा निबन्ध तयार पारिएको छ । सरल र सरस भाषामा निबन्ध तयार पारिएको छ भने एकै पटक पढ्दा खेरी नै निबन्ध जो कोहीले बुझ्न सक्ने खालको प्रसादगुण शैली अपनाइएको छ ।

## ४.३.१.१५ सामाजिक नैतिकता लौकिक हुन्छ

## १. विषयवस्तु

**सामाजिक नैतिकता लौकिक हुन्छ** निबन्ध **समाज संस्कृति र नैतिकता** निबन्ध सङ्ग्रह भित्र समेटिएको निबन्ध हो । यस निबन्धमा सामाजिक नैतिकता मानव कल्याणको मूल उद्देश्यमा रहेको हुन्छ, त्यसले नाजायज तरिका र फाइदाका इच्छा सङ्कल्पलाई अनैतिक मान्दछ भन्ने कुरालाई मुख्यरूपमा प्रस्ट पार्ने काम गरिएको छ ।

मानिसले आफूलाई म मानिस हुँ भनेर चिनाउने प्रमुख तǑव नै सामाजिक नैतिकता हो । मानिसले नीति नियमका रूपमा कायम गरिएको विधि व्यवस्था र प्रचलनका रूपमा अपनाइएका संस्कारगत व्यवहारहरू गरेर दुई तरिकाले सामाजिक नैतिकतालाई अपनाउदै आएको छ । यीमध्ये कुनै समाज स्वीकार्य र यथार्थ हुन्छ भने कुनै समाज अस्वीकार्य हुन्छ । शिक्षित जमात भएको ठाउँमा बैज्ञानिक विधिका सामाजिक नैतिकता हुन्छन् भने अशिक्षित र अज्ञानताको जमात बसेका व्यक्ति माझ बोक्सी, धामी, झाँक्री, तान्त्रिकपनको रजाइ चलेको हुन्छ । यो प्रवृत्ति पाशविक प्रवृत्तिका रूपमा रहेको पनि देखिन्छ ।

मानिसमा नैतिक चेतका साथै अनैतिक चेत पनि सँगसँगै विकसित भइरहेको हुन्छ । जहाँ जतिखेर जुन पक्षको वर्चस्व हुन्छ त्यहाँ त्यसैको जित पनि हुन्छ । परम्परागत तरिकाले बालक हुर्काउने सोचमा बालकलाई स्थानान्तरण गरिन्छ अनि उसमा विश्वासको सीमारेखा उल्लङ्घन हुन्छ । भावुकतामा पनि ऊ कहिले सीमा

तोड्न पुग्छ । कुनैबेला समाज प्रगतिको लागि नैतिकताको सीमा तोड्छ, जस्तै : अन्तर्जातीय विवाह गर्नु ।

मानिसले सामाजिक नैतिकता लौकिक पार्न अनेक सङ्घर्षहरू गर्दछन् । वर्ग सङ्घर्षहरू गर्दछन् । सामाजिक नैतिकताका विभिन्न पाटाहरू हुन्छन् । कुनै पाटा चोखा हुन्छन् भने कुनै पाटा बिटुला हुन्छन् तर सबै पाटाहरूलाई चोखो पार्नु सम्भव छैन । भ्रमका कथाहरूका लहैलहैमा लाग्नु हुँदैन भन्ने जस्तो विषयवस्तुको समष्टि हो यो निबन्ध ।

## २. उद्देश्य

सामाजिक, नैतिकता, मर्यादा ह्रासोन्मुख भएपछि अरूकुरामा प्रगति गर्न सकिंदैन त्यसैले सामाजिक नैतिकता लौकिक हुनुपर्छ परम्परावादी भएर हुँदैन भन्ने मूल उद्देश्य प्रस्ट पार्ने लक्ष्य अनुरूप यो निबन्ध तयार पारिएको छ । आज हाम्रो समाजमा हुर्केको बौद्धिक सभ्यताको नैतिकता आडम्बरीखालको छ । आफ्ना छोरा छोरीलाई सभ्य बनाउँने भन्दै परिवारबाट अलग्याई पठन-पाठनको व्यवस्था गर्ने कार्य प्रबल हुँदैछ । यसबाट सानैदेखि परम्परावादी आडम्बरी प्रथा सुरु हुन्छ । परिवार समाज र राष्ट्रको उन्नतिका निम्ति परस्पर मेल सदभाव उपकारको आवश्यकता पर्ने हुँदा यी कुराहरू बीच विसङ्गती पैदा भई उन्नतिको मार्ग अवरुद्ध पार्न भरमज्दुर प्रयासरत भइरहेको छ । धर्मभीरुहरूले अनेक धर्म प्रचार गरी ज्ञानको प्रारम्भिक चरणमा ठिँगुऱ्याउन खोज्दै छन् । यी सम्पूर्ण कुराहरूबाट बच्न लौकिक सामाजिक नैतिकता अँगाल्नु पर्दछ । अलौकिक सामाजिक नैतिकताले केही गर्न सकिँदैन भन्ने उद्देश्य प्रस्तुत गर्न पनि यो निबन्ध अत्यन्त सफल भएको छ ।

## ३. भाषाशैलीय विन्यास

छोटा अनि मझ्यौलाखालका पाँच अनुच्छेदमा तयार पारिएको । **सामाजिक नैतिकता लौकिक हुन्छ** निबन्धको भाषशैलीय विन्यास परिमार्जित र काव्यात्मक बनाउने प्रयास गरिएको छ । छोटा र मझ्यौला खालका वाक्य संरचनामा यो निबन्ध तयार पारिएको छ । 'आयु नै छोट्टिए पछि मोटिएको काम लाग्दैन' भन्ने जस्ता लोकोक्तिको प्रयोगले निबन्धलाई पठनीय बनाएको छ ।

निबन्ध गद्यमा लेखिन्छ भन्ने सैद्धान्तिक नियमभित्र रहेर नै यो निबन्ध तयार पारिएको छ । शब्द संरचनामा एक अक्षरे 'यी', 'त्यो', 'हो' जस्ता शब्ददेखि 'उत्तराधिकारी', 'वर्गसंघर्ष' जस्ता पाँच-छ अक्षरे शब्दसम्मको प्रयोग पाइन्छ । 'नीति', 'स्तर', 'न्यून', 'कार्य', 'अस्वीकृत' आदि जस्ता तत्सम शब्द प्रयोग र 'नाजायज', 'गुलामी', 'अनुराग', 'तोड्न' आदि जस्ता आगन्तुक शब्द प्रयोग पनि निबन्धमा पाइन्छ । यी शब्दहरू नेपालीहरू माझ प्रचलनमा आइसकेकाले दुर्बोध्य नभई सुबोध्य नै लाग्दछन् ।

निबन्धको शैली तार्किक छ । निबन्धकार कुनै पनि आफ्ना भनाई प्रस्ट पार्न अनेक तर्कहरू गर्दछन् । शीर्षकलाई प्रस्टपार्नका लागि अनेक तर्कहरू ल्याई एकोहोरो

व्याख्या गर्दै प्रस्ट पार्न खोजिएको हुँदा गम्भीर विषयवस्तु प्रतिपादन गर्न निबन्धकार सक्षम नै देखिएका छन् । समग्रमा निबन्धको भाषाशैलीय विन्यास  चुस्त देखिन्छ ।

### ४.३.१.१६ समलिङ्गी परिवारको धारणा गलत छ

#### १. विषयवस्तु

**समलिङ्गी परिवारको धारणा गलत छ** निबन्ध लैङ्गिक समस्यामा आधारित निबन्ध हो । जुनसुकै जातिका पनि भाले र पोथी हुन्छन् । पोथी-पोथी या भाले-भालेमात्र भए भने प्रजनन प्रक्रिया सम्भव हुँदैन । सामाजिक आर्थिक पक्षसँगै जैविक सन्तुष्टिको पक्ष निरन्तर रही आउने हुँदा परिवारको निर्माण र परिवारको विघटनमा पनि कारक तǑव यिनै हुन्छन् । यही कारणले गर्दा परिवार टुक्रिएको छ र नारी पुरुषमा फुट आएको छ । परिवार हिजोको पत्नी प्रथामा मात्र अडिन सक्दैन न त पुरुष प्रथामा मात्र ।

पुँजीवादको विकासले मात्र होइन, सामन्ती बैभवका कारणले पनि विहेवारी गर्दा कुलीनता र सम्पतिको आदानप्रदान भएका छन् । त्यसैकारण बालविवाह, बहुविवाह, वेश्यावृत्ति, रखैलप्रथा र पारपाचुके बढाइयो । लिङ्गको मर्यादा परस्परको मायाबाट नभई धन, सम्पत्ति र प्रभुǑवको कारण हुने देखाइयो । मानव समाजको असल परम्परालाई नष्ट गर्दै कुमारी आमा, भ्रुणहत्या, वेश्याव्यवसायको संरक्षण गरिँदै छ । विषमलिङ्गी विकल्प खोज्दै समलिङ्गी विवाहलाई प्रश्रय दिन थालिएको छ  ।

अखबार, रेडियो, टेलिभिजन आदिले पनि समलिङ्गी परिवारको ढ्वाङ्ग फुक्दै छ । यसको सुरूवात अमेरिकाबाट ‘समलिङ्गी अधिकार’ को नाराका साथ सन् १९९६ बाट भएपछि सरकारले कानुनी मान्यता प्रदान गऱ्यो । त्यहाँका नेता, सेना आदिमा समलिङ्गीको वर्चस्व हुनथाल्यो । त्यसको फलस्वरूप यो विश्वभरि फैलियो । त्यसैगरी यिनीहरू अलग पहिरनमा देखिन थाले । समलिङ्गी परिवारले विषमलिङ्गी विवाहलाई हतोत्साहित पार्ने, परिवारमा फुट ल्याउने, नारीहरूमाझ आफ्नो जिउको स्वामी आफैँ हुँ भन्ने नारा फिँजाउने जस्ता कुटिल उद्देश्यका साथ भ्रम फैलाउन थाले । यसबाट वेश्यावृत्ति, भ्रुणहत्या आदिमा बृद्धि भयो । एड्स जस्तो खतरनाक रोगलाई प्रश्रय मिल्छ । यस्तो प्रथालाई रोक्न राष्ट्रियस्तरमा मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा समेत आवाज उठाउनु पर्दछ भन्ने मान्यता र विषयवस्तुभित्र यो निबन्ध अत्यन्त सशक्त रूपमा देखा परेको छ ।

#### २. उद्देश्य

समलिङ्गी प्रथा खराब प्रथा हो । यसले विकृति र विसङ्गती पैदा गर्दछ भन्ने मूल उद्देश्य प्रस्ट पार्न यो निबन्ध अत्यन्त सबल देखिन्छ । मानिसमा गर्भधारणको क्षमता विषमलिङ्गीको संसर्गबाट हुन्छ । समलिङ्गी विवाहले वेश्यावृत्ति, भ्रुणहत्या, कुमारी आमाबन्ने कुरालाई प्रश्रय दिन्छ । नारी पुरुषमा फुट ल्याउँछ । घर बिगार्ने काम गर्छ । एडस् जस्तो खतरनाक रोग ल्याउन मद्दत गर्दछ । विवाहवारीमा सम्पत्तिको अपेक्षा राख्छ । जसको कारण बालविवाह, बहुविवाह फस्टाउँछ । समलिङ्गी विवाह दानवीय

प्रवृत्तितिर निरन्तर बढ्दो छ । यो प्रथालाई रोक्नु पर्दछ भन्ने उद्देश्यलाई प्रस्टपार्दै निबन्धमा निबन्धकार "तत्कालै समलिङ्गीकता रोक्न विशेष अभियान नथालिएमा नेपाली समाज र परिवारले पनि यसको प्रभावस्वरूप विकृतिको वीभत्सता आर्जन गर्ने छ र त्यसमा फसेका युवा-युवतीहरू मुलुकका लागि अभिशाप बन्नेछन् ।"[छद्द] भन्न पुग्छन् ।

आजको मानव समाजलाई समलिङ्गी परिवारको होइन समाजवादी परिवारको प्रथा आवश्यक छ । मुन्द्रे केटा र गुन्द्रुके केटीको छाडा यौनाचार नभई शिष्ट, शालीन र मानवीय विचार सुदृढ पार्ने सोचको खाँचो छ । त्यसैमा मानव जातिको हित सुनिश्चित छ भन्ने उद्देश्य बोक्दै यो निबन्ध देखा पर्दछ ।

## ३. भाषाशैलीय विन्यास

लामा छोटा तेह्र अनुच्छेदमा तयार पारिएको **समलिङ्गी परिवारको धारणा गलत छ** निबन्धको भाषाशैलीय विन्यास परिष्कृत र परिमार्जित छ । दुई-तीन अक्षरे शब्दहरूकै बाहुल्यता रहेको यस निबन्धमा 'समलैङ्गिकता' 'नगरपालिका' जस्ता लामा शब्दको पनि प्रयोग गरिएको छ । निबन्धमा छोटा र मझ्यौला खालका वाक्यहरूको अधिक प्रयोग गरिएको छ भने सरल वाक्य र संयुक्त वाक्यकै बाहुल्यता पनि पाइन्छ ।

आगन्तुक शब्द प्रयोगमा सरलता ल्याउनको लागि कोष्ठकमा नेपाली रूपान्तरण पनि गरिएको छ जस्तैः गे (समलिङ्गी पुरुष), लेस्वियन (समलिङ्गी महिला) आदि । त्यस्तै निबन्धमा 'लिङ्ग', 'सन्तुष्टि', 'मृत्यु', 'रक्त', 'संरक्षण', 'पल्लवित' आदि जस्ता तत्सम् शब्दहरू, त्यस्तै 'चेलीबेटी', 'आमा', 'छोरी', 'तीन', 'खरानी', 'चाहेको' जस्ता तद्भव शब्दहरू र 'लुटपाट', 'रखैल', 'अख्तियारी' 'लिपिष्टिक', 'टप' आदि जस्ता आगन्तुक शब्दहरूको प्रयोगले नेपाली भाषामा प्रचलित तीनै स्रोतहरू (तत्सम्, तद्भव र आगन्तुक) का शब्दहरूको प्रयोग  देखिन्छन् ।

यसरी निबन्धमा नेपाली भाषामा प्रचलित तीनै स्रोतका शब्दहरूका साथै एक अक्षरे शब्ददेखि छ-सात अक्षरे शब्द प्रयोग अनि सरल, संयुक्त र मिश्र तीनैथरीका लामा र छोटा वाक्यहरूको प्रयोगले गर्दा यस निबन्धको भाषशैलीय विन्यास मध्यम खालको देखिन्छ । केही असमानता देखिए पनि गहन विषयवस्तु र तार्किक प्रस्तुतिले गर्दा भाषशैलीय विन्यास चुस्त देखिन्छ ।

## ४.३.१.१७  संस्कृति, जातीयता र बजार

## १. विषयवस्तु

सांस्कृतिक फाँटमा आफ्ना कलमहरू शक्तिशाली बनाएर निरन्तर त्यसैमा चिन्तन गरिरहने विष्णु प्रभातको **समाज, संस्कृति र नैतिकता** निबन्ध सङ्ग्रहभित्र समेटिएको निबन्ध हो **संस्कृति, जातीयता र बजार** । यस निबन्धभित्र संस्कृतिका बिभिन्न बजारहरू देखाइएका    छन् । यी अनगन्ति रूपमा छरिएका छन् । दिन

---

[छद्द] ----------, *समलिङ्गी परिवारको धारणा गलत छ* , ऐजन, पृ. ११२ ।

प्रतिदिन अगाडि आइरहेका छन् भन्ने जस्ता कुराप्रति अङ्कित गरेर यो निबन्ध तयार पारिएको छ ।

सांस्कृतिक सङ्घर्ष निरन्तर चलिरहेको छ । यतिबेला हाम्रो देशमा चलिरहेको सङ्घर्ष सामन्तवादका विरुद्ध लक्षित छ । त्यसको सँगसँगै पुँजीवादको चरमोत्कर्ष, साम्राज्यवादले पैदा गरेका विविध विकृति विरुद्ध पनि लक्षित छ । भाग्यवादी संस्कारलाई नयाँ ढङ्गबाट देखाउँदै राशिफलको व्यापार, बम्पर उपहारको बजार, लेखेपढेका आलेहरू भाले बनेर एन्.जी.ओ को बजार, कला, साहित्य, सङ्गीतमा व्यापको बजार लागेको छ । बजारको कुनै संस्कृति हुँदैन न त सभ्यतानै हुन्छ । ऊ त नाफा कुम्ल्याउने दाउमा मात्र हुन्छ । स्वदेशी संस्कृति निर्धो बन्दै गइरहेका छन् । व्यापारीकरण हुँदै गइरहेका छन् । बुद्धिजीवी, लेखक, कलाकर्मी सबै भुटको खेती गर्दैछन् । भ्रमको खेति फैलँदो छ ।

रेडियो, टेलिभिजन, सिनेमाले नाङ्गो र छाडा सामाग्री पस्किरहेका छन् । एकातिर कर्णालीको संस्कृति, अर्कोतिर काठमाण्डौँ, धरान, पोखराको संस्कृति, जस्तै एकातिर कर्मकाण्डी, पुरेतवाद, ईश्वरवाद छ भने अर्कोतिर भोगवाद, यौनवाद र अराजकता आदिको व्यापार प्रस्ट देखिन्छ । मान्छे आफैँले बाटेको साँस्कतिक डोरीको फन्दामा पसेको छ र ऊ अझ मोटा-मोटा, लामा-लामा डोरीले बाँधिने कोसिस गर्दै छ । अनेकौं बजार हाम्रा सामु छन् भनेर बजारैबजार निबन्धभित्र देखाइएको छ ।

## २. उद्देश्य

संस्कृतिभित्र जातीयताको बजार लागिरहेछ । विभिन्न कुराहरू लादेर पुँजीवादीहरूले संस्कृतिलाई टुक्रा-टुक्रा पारिरहेका छन् । त्यसको विरुद्ध बुलन्द आवाजमा लड्नु पर्दछ । रेडियो, टिभी, एफ्.एम्., सिनेमाले नाङ्गो र छाडा संस्कृति प्रदान गरिरहेका छन् । काठमाण्डौ, पोखरा, धरान आदि सहरका तारेहोटलहरूमा तरुनी र रक्सीको स्वादमा बसेर पुँजीवादी सत्ताधारीहरू कर्णाली लगायत अन्य ठाउँका साँस्कृतिक गतिविधिको खिल्ली उडाइरहेका छन् । ज्ञानको वैज्ञानिक र विज्ञानको प्राविधिकताद्वारा मानिसलाई मानवीय मूल्य र संस्कृतितर्फ डोऱ्याउनुभन्दा शून्यवादी संस्कृति भिÜयाउँदै भक्ति सङ्गीतको डमरु बजाउदै शङ्ख फुकिरहेका छन् । यसबाट बच्नको लागि र हाम्रो संस्कृतिमा दिनदिनै लाग्ने भुटका बजारदेखि सजग रहन आग्रह गर्ने उद्देश्यभित्र यो निबन्ध अटाएको छ ।

## ३. भाषाशैलीय विन्यास

लामा छोटा पाँच अनुच्छेदमा तयार पारिएको साँस्कृतिक निबन्धकार विष्णु प्रभातको **संस्कृति, जातीयता र बजार** निबन्धको भाषाशैलीय विन्यास मध्यमकोटीको देखिन्छ । अन्य निबन्धमाजस्तै यस निबन्धमा पनि शब्द प्रयोगमा दुई-तीन-चार अक्षरे शब्दहरूकै अधिक प्रयोग गरेर लेखिएको छ । यदाकदा ‘उत्तरआधुनिकता’, ‘जीविकोपार्जन’, ‘पुनरुत्थान’ आदि जस्ता लामा शब्दहरू पनि पाइन्छन् । वाक्य प्रयोगमा ‘जहाँ नाफा त्यहाँ बजार ।’ जस्तो चार शब्दको वाक्यदेखि लिएर तीस-बत्तीस

शब्दसम्मको वाक्य प्रयोग यस निबन्धमा पाइन्छ । कतै-कतै अनुप्रासयुक्त वाक्य पनि भेटिन्छ । जस्तैः 'लेखापढा आलेहरू भाले बनेर' ।

यस निबन्धमा पनि 'प्रशंसा', 'क्षेत्र', 'प्रबर्द्धन', 'भूमण्डलीकरण', 'कर्मकाण्ड', 'पुरातन' आदि जस्ता तत्सम् शब्दहरू, 'आफू', 'हाम्रो', 'त्यसरी', 'छाडा', 'भाले', 'सबै' आदि जस्ता तद्भव शब्दहरू अनि 'बजार', 'टेलिभिजन', 'रेडियो', 'सिनेमा', 'एन.जी.ओ.' आदि जस्ता आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । कतै कतै प्रश्न वाचक चिन्ह दिएर निबन्धमा सोच्न बाध्य पनि पारिएको देखिन्छ ।

ब्यासशैलीमा तयार पारिएको निबन्धको भाषाशैलीय विन्यास मध्यम नै मान्न सकिन्छ ।

## ४.३.१.१८ नेपाली संस्कृति विशेषता र बाह्य प्रभाव

## १. विषयबस्तु

'नेपाली संस्कृति र बाह्य प्रभाव' निबन्ध विभिन्न उपशीर्षकहरू जोडेर तयार पारिएको छ । ती उपशीर्षकहरूले पनि मूल शीर्षकलाई नै टेवा दिएका छन् । यस निबन्धमा प्राचीन नेपाली सभ्यताको लोकजीवनको जातीय, क्षेत्रीय, र राष्ट्रिय तहमा अन्तरप्रवाहित भएर हाम्रो संस्कृति सम्वृद्ध बनेको कुरा प्रष्ट पार्दै सत्ता संस्कृति र लोक संस्कृतिको दुबैधारालाई अविरल रूपमा चलाउँदै हाम्रो संस्कृति चलिरहेको कुरामा दृष्टि दिएका छन् । विभिन्न गुम्बा, विहार, चैत्य, मस्जिद, चर्च, मन्दिर, चिहान अनि फेरि बगैंचा, भवन, दरबार, सडक, पुल, धारा, कील्ला, गुठी र पर्खाल जस्ता कुराहरू हाम्रा संस्कृतिका निधि बनेका छन् भन्नेतिर पनि दृष्टि फिँजाएका छन् । विभिन्न ठाउँका मन्दिरहरू र विभिन्न समयका घुमन्ते पर्यटकहरूले उल्लेख गरेका संस्कृतिहरू प्राचीन समय देखि हामीमा विद्यमान भइरहेका छन् भन्ने मुख्य विषय वस्तु उठाइएको छ ।

निबन्धको विषयवस्तुलाई व्यापक पार्न नेपाली संस्कृतिका विशेषताहरू उपशीर्षकमा नेपालभित्रका विभिन्न जाति र आस्थाको सम्मिलन, धर्म निरपेक्षताको पृष्ठपोषण, लौकिकताको अनुशरण गर्न, ज्ञान प्रसारक हुनु जस्ता विशेषताहरू देखाई तिनै विशेषताका बारेमा व्याख्या गरिएको छ ।

'नेपाली संस्कृतिमा वैचारिक द्वन्द्व' उपशीर्षकमा विभिन्न जाति धर्महरूको वैचारिक द्वन्द्व देखाईको छ । हिन्दू सनातनी धर्मका विरुद्ध बुद्धवाद आएको, अगस्त्य ऋषिले वेदलाई जलाएको, माधववराज शास्त्रीले पशुपतिनाथलाई ढुङ्गाको मूर्ति भन्दा सजाय पाएको जस्ता घटनाहरू उल्लेख गर्दै निबन्धको विषयवस्तुमा व्यापकता दिने प्रयास गरिएको छ । 'नेपाली संस्कृतिमा वाह्य संस्कृतिको प्रभाव' उपशीर्षकभित्र नेपाली संस्कृतिलाई एसिया, युरोप, अफ्रिका, अमेरिका आदि संस्कृतिले केही न केही प्रभाव पारेको र ती प्रभावहरू सकारात्मक र नकारात्मक दुई तरिकाको उल्लेख गर्दै तिनीहरूलाई नै समग्र निबन्धको निचोड बनाइएको छ । अनि ती संस्कृतिहरूलाई अँगाल्दाका फाइदा बेफाइदाहरूको चर्चा पनि गरेर विषयवस्तु व्यापक बनाइएको छ ।

बाह्य संस्कृतिका प्रभावको रोकथामका लागि वैचारिक आन्दोलन सञ्चालन गर्नु पर्ने र त्यो आन्दोलन पनि दीर्घकालीन र राज्यद्वारा सञ्चालित हुनु पर्ने कुरातिर पनि निबन्धकारको ध्यान गएको छ ।

## २. उद्देश्य

'नेपाली संस्कृति विशेषता र वाह्य प्रभाव' निबन्धको प्रमुख उद्देश्य भनेको नेपाली संस्कृतिका विशेषताहरू देखाई तिनीहरूमा बाह्य संस्कृतिले कस्तो प्रभाव पारेको छ भन्ने देखाउनु रहेको छ । पूर्वीय र पश्चिमी दर्शन र पौराणिक ग्रन्थहरूबाट अनेकौं साँस्कृतिक विशेषताहरू खोजेर ती विशेषताहरूबाट नेपाली संस्कृतिको मूल विशेषता खुट्याउदै तिनीहरूमा दिन दिनै पश्चिमी संस्कृति हावी हुँदै गइरहेको छ । हाम्रो संस्कृतिको रक्षा गर्दै रुढि र अन्ध परम्परामा हुर्केको हाम्रो संस्कृतिलाई हामीले परिष्कृत र परिमार्जित गर्दै लग्नु पर्दछ भन्ने उद्देश्य भित्र यो निबन्ध अटाएको छ ।

## ३. भाषाशैलीय विन्यास

यस निबन्धको भाषा विशुद्ध गद्यमा परिष्कृत गरेर लेखिएको छ भने शैली वर्णनात्मक छ । तिनीहरूको तालमेल पनि उत्तिकै सुनियोजित तरिकाले तयार पारिएको छ ।

निबन्धमा संस्कृत भाषामा प्रचलित 'संस्कृति', 'वृहत्', 'अध्ययन', 'रीति', 'पुरातन', 'दृष्टि', आदिजस्ता तत्सम शब्दहरू छन् भने 'मानिस', 'नेपाली', 'साझा', 'ठाउँ', 'नयाँ', 'साथ', 'आफ्नो' आदि तद्भव शब्दहरू पनि छन् । त्यसै गरी 'बावजुद', 'रेडियो', 'सिनेमा', 'पप', 'रिमिक्स', 'एफ्.एम.' आदि जस्ता आगन्तुक शब्द प्रयोगले गर्दा नेपाली भाषामा प्रचलित तत्सम्, तद्भव र आगन्तुक तीन वटै स्रोतका भाषाहरूको प्रयोग पाइन्छ ।

अनुच्छेद योजनामा लामा छोटा छब्बीस अनुच्छेदहरू छन् । त्यसै गरी वाक्य प्रयोगमा प्रायः छोटा र मझ्यौला आयामका वाक्यहरूको अधिक प्रयोग पाइन्छ । भृकुटी, सीता, मञ्जुश्री आदि जस्ता ऐतिहासिक र पौराणिक बिम्बको प्रयोग पनि यस निबन्धमा पाइन्छ । समग्रमा निबन्धको भाषाशैलीय विन्यास उत्तम खालको छ ।

## ४.३.१.१९ साँस्कृतिक सम्मिलनका असल परम्पराहरू

## १. विषयवस्तु

**साँस्कृतिक सम्मिलनका असल परम्पराहरू** निबन्धको मुख्य विषयवस्तु सबै जाति, धर्म आदिको छुट्टा छुट्टै साँस्कृतिक परम्पराहरू छन् तिनीहरू सबैबाट असल परम्पराहरूको खोजी गर्नु रहेको छ । यस निबन्धमा असल सम्मिलनका प्रमुख बुँदाहरू उपशीर्षक बनाएर दिएका छन् । केही बाधा, ब्यबधान, द्वन्द्व, विरोध आएका भए पनि संस्कृतिका असल परम्पराहरू पनि थुप्रै निर्माण भइरहेका छन् ।

निबन्धकार प्रथम बुँदाअन्तर्गत सबै जातिहरूले लौकिक यथार्थविना कुनै मन्दिर, मस्जिद, चर्च निर्माण गरेका छैनन् र तिनीहरूको निर्माणकर्ता स्वयं मानिस हुन् भनेर

देखाइएको छ । त्यसै गरी दोस्रो बुँदाका रूपमा 'जातीय समता भाव' भनेर राखिएको छ । यसलाई प्रस्ट पार्नका लागि पूर्वीय मान्यतामा आएका थुप्रै किंवदन्तीहरूको चर्चा गरिएको छ । अनि थुप्रै पौराणिक पात्रहरूले अन्तर्जातीय विवाह गरेर त्यस्तो प्रथालाई प्रश्रय दिइएको छ । जात भात सबै छोडेर समाजमा एउटा नारी जाती र अर्को पुरुष जाति रहेको छ अनि ऊ मानिसमात्र भएर जन्मन्छ भन्ने कुरा "समाज, संस्कृति, शिक्षा र सम्प्रदायका हतियारले उसलाई जाति र धर्मका चिराहरूमा छुट्याउँछ"[छघ] भन्ने हरफले बुझाउँछ ।

त्यसैगरी लैङ्गिक समानताको पक्षपोषण भन्ने बुँदाभित्र प्राचीनकालमा नारीलाई प्रथम् महत्वका दृष्टिमा हेरिन्थ्यो । केटा केटीका संस्कारमा केही पनि फरक पाइँदैनथ्यो । पछि गएर लिङ्ग भेदले जरो गाड्यो र पुरुषले एकाधिकार जमाएर हैकमवादी सोच ल्यायो । यसका विरुद्धमा आवाजहरू उठ्न थाले र केही केहीमा समानता पाउन थालेको कुरालाई देखाइएको छ भने अर्को बुँदामा धार्मिक सुधारमा गरिएको आन्दोलनको जानकारी गराइएको छ ।

त्यसै गरेर यसै निबन्धको अन्तिम बुदामा शैक्षिक सुधार आन्दोलन राखिएको छ । यसमा सबैले समान शिक्षा पाउनु पर्ने माग गर्दै विभिन्न शैक्षिक आन्दोलनहरू गरिए, यसका लागि संसारभरका मानिसहरू लागेको जानकारी गराइएको छ । यसरी असल परम्पराहरू छुट्याउने क्रममा स्वाभाविक मात्रामा बढेको विकास, वैज्ञानिक उन्नति र शैक्षिक जागरणका अतिरिक्त प्रगतिशील वैचारिक आन्दोलन प्रमुख कारक तŏव रहेको कुरा गर्दै यतातिर दृष्टि दिन पनि सबैलाई आग्रह गरेर निबन्धका अन्त्य भएको छ ।

## २. उद्देश्य

**साँस्कृतिक सम्मिलनका असल परम्पराहरू** निबन्धको मूल उद्देश्य भनेको जति पनि साँस्कृतिक विशेषताहरू छन् तिनीहरूका साझा असल परम्परा प्रष्ट्याउनु रहेको छ । हुनता यसका लागि पूर्वीय पौराणिक पात्रहरूको उदाहरणलाई महत्वको साथ हेरिएको छ र त्यसैका आधारमा दृष्टिगत गरिएको छ । समाजले लौकिक यथार्थलाई मात्र प्रमुख सत्य मान्छ सबै भन्दा सुरुमा मानिस हुन्छ र अनिमात्र अरू हुन्छ । आफ्नो लागि आफैं नै सर्वश्रेष्ठ देखाइएको छ । त्यसैगरी अन्तरजातीय समानता अनि लैङ्गिक समानतामा पनि दृष्टि दिएका छन् भने धर्म र शिक्षालाई पनि सुधार्दै जानु पर्ने र त्यसको लागि सबै एक भई आन्दोलन गर्नु पर्ने तिर पनि निबन्धकारले दृष्टि दिनखोजेका छन् ।

## ३. भाषाशैलीय विन्यास

[५३] ----------,*साँस्कृतिक सम्मिलनका असल परम्पराहरू*, ऐजन, पृ. ७८ ।

**साँस्कृतिक सम्मिलनका असल परम्पराहरू** निबन्धको भाषाशैलीय विन्यास परिमार्जित छ । निबन्धलाई पठनयोग्य बनाउनका लागि 'पैसा कमाऊ मस्तीले खाऊ' 'पसिना बगाऊ सबलाई बचाऊ', 'सन्तानले डाँडा-काँडा ढाकुन्', अपुत्रस्य गतिर्नास्ति', 'सम्पत्तिमा दम्पतिको हक', 'यत्र पुज्यन्ते नार्यस्तु तत्र रमन्ते देवता' आदि जस्ता संस्कृत र नेपाली भाषाका लोकोक्तिहरूको प्रयोग गरिएको छ ।

विभिन्न उपशीर्षकहरू दिएर तयार पारिएको यस निबन्धमा लामा छोटा दश अनुच्छेदहरू छन् । वाक्यहरू छोटा र मझ्यौला आयामका नै छन् । चिन्ह प्रयोगमा पूर्ण विराम, अल्प विराम, अर्द्ध विराम, प्रश्नार्थक, उद्धरण, योजक आदि चिन्हहरूको तालमेल पाइन्छ । शब्द प्रयोगमा दुई-तीन अक्षरे शब्दहरूको बहुलता पाइन्छ भने नेपाली भाषामा प्रचलित संस्कृत स्रोतका 'मोक्ष', 'ज्ञान', 'शिष्टाचार', 'विशिष्ठता', 'सीप' आदि जस्ता शब्दहरू अनि 'हात्ती', 'हात', 'पसिना', 'डाँडा', 'आज' आदि जस्ता तद्भव शब्दहरू पाइन्छन् ।

पूर्वीय चिन्तन र दर्शनबाट अनेक उदाहरणहरू खोजेर तयार पारिएको निबन्धको भाषाशैलीय विन्यास सबै कुराको सन्तुलन मिलाएर परिमार्जित गरेर लेखिएको छ ।

## ४.३.१.२० जनवादी सँस्कृतिका सम्वन्धमा

### १. पृष्ठभूमि

हास्यव्यङ्ग्य र समालोचना फाँटमा उदाइसकेका विष्णुप्रभातले 'जनवादी संस्कृतिका सम्बन्धमा' रचना २०५५ साल वैशाख १२ गतेको राजसा संघको प्रथम राष्ट्रिय भेलामा अवधारणा पत्रको रूपमा प्रस्तुत गरेका थिए । यतिखेर यस लेखलाई त्यसको अपिलका रूपमा प्रकाशित गरेको र पछि सिक्किमबाट प्रकाशित **निर्माण** पत्रिकाको संस्कृति विशेषाङ्कमा लेखको रूपमा छापिएको थियो ।

### २. विषयवस्तु

'जनवादी संस्कृतिका सम्वन्धमा' रचनाको मुख्य विषयवस्तु जनवादी संस्कृतिको चिनारी प्रस्तुत गर्नुका साथै यस प्रति साँस्कृतिककर्मीको दायिǑव प्रकाश पार्नु रहेको देखिन्छ । यस रचनामा सहायक शीर्षकहरू पनि रहेका छन् । तिनीहरूले पनि यसैको मूल शीर्षकलाई प्रष्ट पार्दै गएका छन् । ती उपशीर्षकहरूमा संस्कृतिको राष्ट्रिय र अन्तर्राष्ट्रिय स्वरूप, नेपाली संस्कृति र यसका मूल विशेषता, संस्कृतिका विधाहरूको सामान्य सर्वेक्षण, साँस्कृतिक आन्दोलनः नेपाली परिप्रेक्षमा , संस्कृति र वर्ग सङ्घर्ष, सँस्कृतिकर्मीको दायिǑव पर्दछन् ।

पहिलो उपशीर्षकभित्र संस्कृतिको राष्ट्रिय र अन्तराष्ट्रिय स्वरूपका बारेमा प्रकाश पारिएको छ । संस्कृतिलाई चिनाउने क्रममा दर्शन, शिक्षा, न्याय, कला, सङ्गीत र साहित्य जस्ता विधाको मूल चुलीका रूपमा संस्कृतिलाई लिइएको छ । नेपाल छुट्टै

संस्कृति लिएर अगाडि बढेको भन्दै नेपालमा बहुजाति, बहुभाषी संस्कृति छ भनेर ध्यानाकर्षण गराएका छन् ।

यसै लेखको तेस्रो उपशीर्षकमा संस्कृतिका विधाहरूको सर्वेक्षण गरिएको छ । विभिन्न समय-समयमा हुने गरेका झगडा आदिले हाम्रो संस्कृतिलाई दिन दिनै प्रभावित पार्दै गरेको कुरा स्पष्टसँग भनिएको छ भने चौथो उपशीर्षकमा नेपालको परिप्रेक्षमा साँस्कृतिक आन्दोलन कस्तो हुनु पर्दछ । आवश्यक छ कि छैन भन्दै नेपालमा भएका आन्दोलनहरूको जानकारी दिइएको छ ।

त्यसैगरी पाँचौ उपशीर्षकभित्र केही संस्कृतिका र केही वर्ग सङ्घर्षका कुराहरू गरिएको छ । कतै-कतै व्यङ्ग्य र आक्रोस पनि पोखिएको छ । जस्तै :"मुखमा शान्ति मैदानमा छेप्यास्त्र लिंदै हिँडेका मानवघातीहरूले जनकल्याणका विचारहरूमा थुप्रै विसङ्गती घुसाएका छन् ।"[५४] त्यस्तै यसै रचनाको अन्तिम उपशीर्षकमा संस्कृतिककर्मीहरूको काम र कर्तव्यका बारेमा जानकारी दिइएको छ । परम्परावादी सोच र मान्यतालाई तीलाञ्जलीदिँदै अगाडि बढ्नु पर्ने कुरा पनि उठाइएको छ ।

यसरी 'जनवादी संस्कृतिका सम्बन्धमा' रचना सम्पूर्ण जनवादी शक्तिहरू एक भई आफ्नो काम कर्तव्यबाट कतिपनि विचलित नभई अगाडि बढनु पर्दछ भन्ने विषयवस्तुको सेरोफेरोमा घुमेको छ ।

## ३. उद्देश्य

**जनवादी संस्कृतिका सम्बन्धमा** निबन्धको मूल उद्देश्य नेपाली सभ्यतामा नयाँ संस्कृतिको चिनारी दिँदै त्यस प्रति संस्कृतिकर्मीको दायिǑवको बारेमा जानकारी दिनु रहेको छ । यसमा आएका विभिन्न उपशीर्षकहरूले पनि जनवादी संस्कृतिकै बारेमा जानकारी दिइएको पाइन्छ । हामी माझ परम्परावादी संस्कृतिहरू छन् तिनीहरूलाई परिष्कार र परिमार्जन गर्दै जानु पर्दछ । 'धामी', 'झाक्री', 'मन्त्र' आदिलाई नवीन र वैज्ञानिक विश्लेषण गर्दै लगिनु पर्दछ । सम्पूर्ण साँस्कृतिक कर्मीहरूले नयाँ संस्कृतिको विकासका लागि नीति कार्यक्रम, देशव्यापी साँस्कृतिक अभियान चलाउने, टेलीचित्रहरू निर्माण गर्दै घुम्ती प्रदर्शनको योजना बनाउन सक्नु पर्दछ । यसका लागि संस्कृति सम्बन्धी आस्थावान व्यक्तिहरूलाई एक ढीका भएर लाग्न आह्वान समेत गरिएको छ ।

## ४. भाषाशैलीय विन्यास

कार्यपत्रको रूपमा तयार पारिएको यस रचनाको भाषा सरल र सामान्य छ भने प्रसादशैलीमा लेखिएको छ । भाषा र शैलीको तालमेल पनि मिलाइएको छ । वाक्यहरू छोटा र मझ्यौला आयामका छन् । नेपाली भाषामा प्रचलित तीनै थरि स्रोतका भाषाहरूको प्रयोग पाइन्छ । त्यसमध्ये पनि तत्सम शब्दहरूको बहुल प्रयोग छ जस्तै : 'निर्माण', 'दर्शन', 'मूल', 'संस्कृति', 'राष्ट्रिय', 'तीब्र', 'भूमि', 'भाषा' आदि । त्यसै गरेर तद्भव शब्दहरूमा 'फूल', 'साथ', 'अघि', 'एउटै', 'आजको' आदि जस्ता शब्दहरू परेका छन् अनि आगन्तुक शब्दमा 'मैदान', 'इन्कार्ने', 'आन्दोलन', 'पुँजीवादी', 'स्टेशन',

---

[५४] ——————,*hgjfbL ;F:s[ltsf ;DaGwdf*,P]hg, k[= $% .

'रेडियो' आदि छन् । यी तीनै थरि स्रोतका भाषाहरूले गर्दा निबन्ध दुर्बोध्य भने बनेको छैन । यी र यस्ता शब्दहरू नेपाली जनजिब्रोले सहजै पचाइ सकेको हुँदा सरल नै लाग्छन् ।

## ४.३.१.२१ साँस्कृतिक आन्दोलनको वर्तमान आवश्यकता

### १. विषयवस्तु

**साँस्कृतिक आन्दोलनको वर्तमान आवश्यकता** निबन्धको मुख्य विषयवस्तु जनवादी संस्कृति व्यापक जनताको बीचबाट सिर्जना हुने श्रमजीवी जनताको संस्कृति हो भनेर देखाउनु रहेको छ । यस निबन्धलाई अन्य छ उपशीर्षकहरूबाट अगाडि बढाइएको छ । ती उपशीर्षकहरूमा 'प्रगतिवाद र राष्ट्रिय जनवादी संस्कृति, मार्क्सवादी साँस्कृतिक प्रणाली, व्यक्तित्ववाद अवसरवादकै अभिव्यक्ति हो, हाम्रो उद्देश्य र कार्यक्रम सुस्पष्ट छ, सांस्कृतिक साम्राज्यवादको विरोध गरौं, संगठनात्मक कार्यशैली अपनाऔं' पर्दछन् । यी छ वटै उपशीर्षकहरू मुख्य विषयवस्तुसँग सम्वन्धित छन् र मुख्य विषयवस्तुलाई नै प्रस्ट पार्न अगाडि ल्याइएका हुन् ।

'प्रगतिवाद र राष्ट्रिय जनवादी संस्कृति' उपशीर्षकभित्र समाजवादी समाजको निर्माण गर्न अपनाउनु पर्ने प्रमुख कुराहरूको चर्चा गरिएको छ । त्यसका लागि "रुचिका आधारमा ज्ञानको संयोजन, जनहितका आधारमा विज्ञानको प्रयोजन र जीवनका आधारमा प्रगतिको पक्षपोषण गर्दै, हाम्रो संस्कृति समाज र सभ्यता हिड्नेछ र यही निष्ठामा हामीहरू क्रियाशील छौं"[छछ] भनेर निबन्धकारले जनवादी संस्कृतिको वकालत एवम् आन्दोलन गर्नु पर्ने धारणा व्यक्त गरेका छन् । जनवादका बारेमा अझ प्रकाश पार्दै सम्पूर्ण जनताको हितका लागि जनताले चाहेको जनवाद उपयुक्त हुने कुराको जानकारी पनि गराउँदछन् ।

त्यस्तै यसै निबन्धभित्रको दोस्रो उपशीर्षकमा 'मार्क्सवादी साँस्कृतिक प्रणाली' अलि क्रान्तिकारी स्वभावको र यसले नित्य नवीनताको पक्षपोषण गर्ने जानकारी निबन्धकार गराउँदछन् । यो सर्वसाधारण जनताको बौद्धिक सम्पत्ति भएकाले यसले समाजमा भएका कुसंस्कृतिहरूको विरोध गर्दछ र लोक जीवनमा प्रचलित सामाजिक मान्यताहरूको वैज्ञानिक विश्लेषण गर्दै जातीय समानता, लैङ्गिक समानतामा मात्र जोड नदिई अन्तरजातीय एकतासँगै मजदुर किसान, महिला, केटाकेटी, अशक्त वृद्धवृद्धा आदिको हितमा अगाडि बढ्ने जानकारी दिइएको छ ।

तेस्रो उपशीर्षक 'व्यक्तित्ववाद अवसरवादकै अभिव्यक्ति हो' मा व्यक्तिवादले बुर्जुवा संस्कृतिको संरक्षण गर्दछ, समग्र साँस्कृतिक आन्दोलनको हितमा भन्दा व्यक्तित्व बनाएर फाइदा लिन सिकाउँछ भन्ने विषयवस्तु उठाएका छन् । त्यसै गरी चौथो उपशीर्षक 'हाम्रो उद्देश्य र कार्यक्रम सुस्पष्ट छ' मा भने जनवादी संस्कृतिकर्मीहरूका उद्देश्य र कार्यक्रमहरू प्रस्तुत गरिएको छ । हामीले साँस्कृतिक साङ्गठनिक रूपमा संस्कृतिको रक्षा गर्न भर मग्दुर प्रयासरत हुनु पर्दछ भनेका छन् ।

---

[५५] ——————,*;fF:s[lts cfGbf]ngsf] jt{dfg cfjZostf,* P]hg, k[= %) .

त्यस्तै पाँचौ उपशीर्षक 'साँस्कृतिक साम्रज्यवादको विरोध गरौं' भित्र भारतीय संस्कृतिका नाममा वा युरोपेली संस्कृतिका नाममा ल्याइएको भोगवादी संस्कृतिद्वारा विश्व साम्राज्यवादलाई टेवा पुगेकोले त्यसबाट बच्न आग्रह गरिएको छ । त्यसैगरी छैठौँ उपशीर्षक 'संगठनात्मक कार्यशैली अपनाऔँ' भित्र ठोस कार्य योजना बनाएर आगामी कार्यभारका रूपमा साहित्य सङ्गीत र सिनेमाको क्षेत्रमा समेत वाम एकता प्रवर्द्धन गरियोस् र नेपाली जनवादी संस्कृतिलाई अन्तराष्ट्रिय तहमा पुऱ्याउने राष्ट्रिय प्रयत्नलाई मूर्त पार्दै लैजाऊँ भन्ने विषयवस्तु उठाइएको छ ।

यस निबन्धको सम्पूर्ण उपशीर्षकहरूको मुख्य विषयवस्तु भनेको संस्कृतिको टेवा गरेमा मात्र हाम्रो संस्कृति अगाडि बढ्न सक्छ भन्ने रहेको छ । त्यसका लागि हामीले हाम्रो आवाज बुलन्द रूपमा उठाउनु पर्दछ यो नै आजको आवश्यकता हो भन्ने कुरालाई प्रष्ट पारिएको छ ।

### २. उद्देश्य

**साँस्कृतिक आन्दोलनको वर्तमान आवश्यकता** निबन्धमा हाम्रा सँस्कृतिहरू परम्परावादी, व्यक्तिवादी हुंदै गइरहेको छ त्यसलाई उजागर गर्नका लागि सम्पूर्ण संस्कृतिकर्मी एक जुट भएर लाग्नु पर्दछ भन्ने मूल उद्देश्यभित्र यो रचना तयार भएको छ । जनवादी सँस्कृति पुजीपतिको विरोधमा उत्रेको र यसले सबै क्षेत्र, वर्ग, जाति आदिका पक्षमा आवाज उठाउने छ । यसका लागि सबै साँस्कृतिक विचारवादी व्यक्तिहरू एकजुट भएर आवाज उठाउनु पर्नेछ । जनवादी साँस्कृतिक आन्दोलनले अवश्य सफलता पाउने छ । संस्कृति रक्षाका लागि सबैलाई जनवादी संस्कृतिमा आवद्ध भएर आन्दोलन गर्नुपर्ने आजको आवश्यकता हो भनेर त्यतातिर पनि निबन्धकारले दृष्टि फिँजाएका छन् ।

### ३. भाषाशैलीय विन्यास

**साँस्कृतिक आन्दोलनको वर्तमान आवश्यकता** निबन्धको भाषाशैलीय विन्यास परिष्कृत र परिमार्जित छ । यस निबन्धमा विभिन्न उपशीर्षकहरू तयार पारेर तिनै उपशीर्षकहरूमाथि व्याख्या विश्लेषण गरिएको छ । त्यसैले निबन्धको शैली व्याख्यात्मक छ ।

'स्रष्टा', 'योद्धा', 'व्यवहार', 'सृजना', 'नैतिक', आदिजस्ता तत्सम शब्दहरू निबन्धमा परेका छन् भने तद्भव शब्दहरू पनि निबन्धमा छन् जस्तै : 'हामी', 'आफ्नो', 'सारा', 'मात्र', 'अघि', 'प्रवास', आदि । त्यस्तै निबन्धमा आगन्तुक शब्दहरूको पनि कमि भने छैन । जस्तैः 'रेडियो', 'टिभि', 'इन्टरनेट', 'लडाकु', 'झुट', 'तर्जुमा' आदि ।

नेपाली भाषामा प्रचलित तीनैथरि स्रोतका भाषाहरू प्रयोग गरेर तयार पारिएको यस निबन्धमा विभिन्न उपशीर्षकहरूमा लामा छोटा १२ अनुच्छेदहरू छन् । वाक्य छोटा र मझ्यौला आयामका छन् ।

## ४.३.१.२२ साँस्कृतिक आन्दोलनका चुनौतिहरू

## १. विषयवस्तु

**साँस्कृतिक आन्दोलनका चुनौतीहरू** निबन्धमा हिन्दू , बौद्ध, इसाई, मुसाई, शाक्त, किराँत र शिखसँगै भर्खर-भर्खर फैलिँदै गएका अन्य सम्प्रदायहरूका आन्दोलनका चुनौतिहरू नै प्रमुख विषयवस्तु बनाइएको छ । यसमा चुनौतीहरू खडा गरिएका सातवटा बुँदाहरू बनाइएका छन्  र तिनै बुँदाहरूको व्याख्या नै यस निबन्धभित्र अटाएका विषयवस्तु हुन् ।

सांस्कृतिक आन्दोलनको प्रमुख चुनौती भनेको 'दर्शन र धर्मलाई अलग्याउनु पर्ने' रहेको छ । जीवन र जगत्प्रतिको गहनतम दृष्टि निर्माणमा दर्शन प्रमुख रहने र अज्ञानताका आधारमा खडा गरिएको धर्मले भ्रमको स्वर्ग निर्माण गर्न सफल भएको छ । त्यसैले यिनीहरूलाई अलग्याउनु पर्नेतिर निबन्धकारले ध्यान खिचेका छन् । निजी विश्वास र सामाजिक संस्कारलाई पनि छुट्याउनु पर्दछ भन्ने आफ्नो धारणा पनि निबन्धकारले व्यक्त गरेका छन् । त्यसैगरी जाति, वर्ण, लिङ्ग र धर्मको भेद नगरीकन सबैलाई समान प्रवर्द्धन गर्ने चुनौती एकातिर रहेको छ भने अर्कोतिर शिक्षालाई वैज्ञानिक बनाउनु पर्ने चुनौती पनि रहेको देखाइएको छ । त्यसैगरी निबन्धभित्र साहित्य सङ्गीत र कलालाई राष्ट्रिय स्वरूप प्रदान गरिँदै लगिनु पर्दछ भनेर दृष्टि दिँदै सामाजिक परिवर्तनको पनि अपेक्षा गरिएको छ ।

निबन्धमा निबन्धकारले निबन्धको विषयक्षेत्र व्यापक बनाउन पूर्वीय र पाश्चात्य सभ्यतामा हुर्किएका विकृति, विसङ्गति आदिलाई केलाउने प्रयास गरेका छन् भने पूर्वीय मान्यता प्रति बढी उत्तरदायी बनेका पनि देखिन्छन् । यस निबन्धमा अनेकौं संस्कारहरूको समाज अपाच्य कुराहरूलाई सुधार्नु पर्ने कुरामा समेत दृष्टिगत गरिएको छ ।

## २. उद्देश्य

**साँस्कृतिक आन्दोलनका चुनौतिहरू** निबन्धको मूल उद्देश्य विद्यमान संस्कृतिमा अनेकौं बेमेलहरू देखिएका छन्, ती बेमेलहरूलाई हटाउनका लागि बाधा अड्चनहरू पनि उत्तिकै छन् भनेर ती चुनौतिहरूलाई देखाउनु रहेको छ । त्यसका साथसाथै समाजमा रहेका अन्तरजातीय कुराहरू उठाइएका छन् । निजी विश्वास र सामाजिक संसार अनि दर्शन र धर्मलाई पनि छुट्याउने तार्किक चिन्तन देखाइएको छ । त्यसैगरी आजको विeवमा हामीमा विद्यमान असफल बनाउने चुनौती अझ स्पष्टसंग देखाई उद्देश्यलाई प्रस्ट पारिएको छ ।

## ३. भाषाशैलीय विन्यास

संस्कृति सम्बन्धी अनेक चुनौतीहरू खडा छन् ती चुनौतीहरूको सामना गर्नका लागि कठीन आन्दोलन गर्नु पर्ने छ भनेर तयार पारिएको यस निबन्धको

भाषाशैलीय विन्यास मध्यम खालको छ । निबन्धको भाषा गद्यमा छ भने शैली व्याख्यात्मक छ ।

तत्सम् शब्दको बहुल प्रयोग गरेर आफ्ना निबन्ध तयार पार्ने प्रभातले यस निबन्धम पनि ‘दर्शन’, ‘धर्म’, ‘नृत्य’, ‘अभिनय’, ‘मूर्ति’, ‘स्थापत्य’ आदिजस्ता बहुल तत्सम शब्दको प्रयोग गरेका छन् । त्यसैगरी निबन्धमा ‘गाउँ’, ‘खुला’, ‘गाई’, ‘काम’, ‘कोही’ आदिजस्ता तद्भव शब्द र ‘फूट’, ‘घुसपैठ’, ‘आन्दोलन’, ‘बजार’ आदिजस्ता आगन्तुक शब्दको पनि प्रयोग गरेका छन् ।

निबन्धलाई व्याख्यात्मक बनाउनका लागि पहिला सातवटा बुँदा बनाएका छन् र पछि तिनै बुँदाहरूमा छलफल गरेका छन् । त्यसैले निबन्धमा अन्य उपशीर्षक पनि आएका छन् । सरल भाषामा लेखिएको यो निबन्धको भाषाशैलीय विन्यास  उत्तम नै छ ।

# पाँचौँ परिच्छेद

# उपसंहार

पहिलो परिच्छेद अन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोधप्रयोजन, विषय परिचय, समस्याकथन शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महǑव, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा सम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेद अन्तर्गत विष्णु प्रभातको सामान्य जीवनी र व्यक्तित्वको चर्चा गरिएको छ । वि.सं. २००९ वैशाख १० गते विहान मदन पोखरा–१, पाल्पामा

जन्मिएका प्रभातको बाल्यकाल अभाव, पीडा र छट्पटीमा बितेको प्रसङ्गका साथै औपचारिक शिक्षा २०१८ सालमा गाउँकै बालकृष्ण प्रा.वि. बाट सुरू भएको कुरा उठाइएको छ । त्यसपछि २००४ सालतिर प्राथमिक शिक्षकको दुईवर्षे तालिम लिनुका साथै २०२८ सालमा प्रवेशिका परीक्षा नेपाली शिक्षा परिषद्बाट उत्तीर्ण गरेका थिए । २०३२-२०३६ सम्म बुटवल बहुमुखी क्याम्पसमा आई.एड्.को लागि अध्ययन गरेका अनि त्रिचन्द्रबाट दर्शनशास्त्रमा बी.ए.(२०५१),सानोठिमी क्याम्पसबाट इतिहासमा बी.एड् र पछि विश्वविद्यालय क्याम्पस कीर्तिपुरबाट नेपालीमा एम्.ए. गरेर पीएच.डी. शोधार्थी रहेका छन् ।

आर्थिक अवस्था कमजोर भएका कारण शिक्षा आर्जनका क्रममा विभिन्न बाधा अड्चन पनि आएका थिए । यिनको विवाह २०३१ मा पाल्पा सर्देवा निवासी लक्ष्मीदेवी नेपालसँग भएको हो । खेतीपातीले छ आठ महिनामात्र पुग्ने भएकाले केटाकेटी अवस्थादेखि नै गोठालो जीवन यापन गरेको हुँदा यिनको आर्थिक अवस्था अत्यन्त जर्जर रहेको देखिन्छ र पछि विभिन्न संघ संस्थामा आवद्ध भई जागिर खाएकाले केही मजवुत बनेको देखिन्छ ।

**म जगत हेर्दै थिएँ** कविताबाट साहित्यमा होमिएका विष्णु प्रभात समालोचना, व्यङ्ग्य निबन्ध, राजनीति, दर्शन, समाजशास्त्र, अनुसन्धान मूलक कृतिहरू प्रकाशित गरेका छन् । साहित्यका यिनै विविध विधाहरूमा क्रियाशील विष्णु प्रभातले सफलता भने निबन्ध र समालोचनामा पाएका छन् । विभिन्न पुस्तक लेखन तथा सम्पादन गरेका विष्णु प्रभातले ब्रेख्त, लेनिन आदिका रचनाहरूको पनि अनुवाद गरेका छन् । विभिन्न संघ संस्थामा रहेर काम गरेका यिनी राजनीतिका क्षेत्रमा पनि होमिएका देखिन्छन् । २०३६ सालको पञ्चायती निरङ्कुशताको आन्दोलनमा बुटवलबाट नेतृत्वदायी भूमिका बहन गरेका विष्णु प्रभात पटक-पटक पक्राउ समेत परेका देखिन्छन् । विभिन्न सेमिनारमा सहभागिता जनाएका यिनले केही पुरस्कारहरू पनि प्राप्त गरेका छन् ।

तेस्रो परिच्छेदमा विष्णु प्रभातका साँस्कृतिक निबन्धहरूको वर्गीकरण गरिएको छ । निबन्धहरू वर्गीकरण गर्दा यिनका निबन्धहरूलाई मुख्य रूपमा अन्तराष्ट्रिय सँस्कृति र राष्ट्रिय सँस्कृति गरेर दुई प्रकारमा वर्गीकरण गरिएको छ भने राष्ट्रिय सँस्कृतितर्फ फेरि धार्मिक सँस्कृति, जातीय सँस्कृति, लैङ्गिक सँस्कृति, समाजिक सँस्कृति, जनवादी सँस्कृति, वैचारिक सँस्कृति, यौनकला सँस्कृति, सिने सँस्कृति भनेर वर्गीकरण गरिएको छ । यी सँस्कृतिभित्र पर्ने यिनका निबन्धहरूको नाम समेत तोकिएर एउटा तालिका पनि बनाइएको छ ।

चौथो परिच्छेदमा यिनका साँस्कृतिक निबन्ध सङ्ग्रह **संस्कृतिमा विकल्पवाद** भाग-१ (२०५२) र **समाज, संस्कृति र नैतिकता** (२०५७) कृतिहरूभित्रका निबन्धहरूको अध्ययन गरिएको छ । सामान्य रूपमा कृति परिचय पनि दिइएको छ भने निबन्धलाई अध्ययन गर्ने क्रममा विषयवस्तु, उद्देश्य र भाषाशैलीय विन्यासलाई माध्यम बनाइएको छ । प्रत्येक निबन्धको छुट्टा-छुट्टै रूपमा अध्ययन गरिएको छ । यसरी अध्ययन गर्ने क्रममा विषयवस्तुभित्र आएका सम्पूर्ण पक्षहरूलाई उद्घाटित गर्दै उद्देश्यका रूपमा

निबन्धले के तर्फ इङ्गित गरेर देखाउन खोजेको छ भन्ने तर्फ पनि ध्यान दिइएको छ । ठाउँ ठाउँमा प्रष्ट पार्नका लागि निबन्धभित्रका हरफहरू पनि उठाइएका छन् जसको पादटिप्पणी पनि दिइएको छ । त्यसैगरी भाषाशैलीय विन्यासभित्र शब्द प्रयोगलाई विशेष ध्यान दिइएको छ । वाक्य संरचना, अक्षर संरचना, अनुच्छेद योजनालाई पनि ध्यान दिइएको छ । नेपाली भाषाका तत्सम, तद्भव र आगन्तुक तीनै थरि स्रोतका शब्दहरू पाइएकाले ती स्रोतहरूको उदाहरण पनि दिइएका छन् ।

पाचौँ परिच्छेदअन्तर्गत यस शोधपत्रको सार प्रस्तुत गरिएको छ । समग्रमा भन्नुपर्दा नेपाली साहित्यका क्षेत्रमा लेखन र विभिन्न संस्थागत प्रशासनिक जिम्मेदारी बहन गरी जीवन बिताउँदै आएका विष्णु प्रभात नेपाली साहित्यका एक महǒवपूर्ण स्रष्टा तथा द्रष्टा हुन् । विभिन्न क्षेत्रमा देखिएका प्रतिभाले विष्णु प्रभात नेपाली साहित्यका एक सफल साहित्यकारका साथै कुशल प्रशासकका रूपमा सधैँ चिनिदै आएका छन् । भाषा साहित्यका अतिरिक्त शैक्षिक, अनुवादक, सम्पादक, प्रज्ञिक तथा सामाजिक क्षेत्रमा देखापरेको उनको प्रतिभा व्यङ्ग्यवादी र थोरै हास्यप्रधान हुनुका साथै सँस्कृतिप्रति जागरूक बनाउने बौद्धिक खालका छन् । समालोचनाका क्षेत्रमा समेत हास्यव्यङ्ग्यात्मक तरिकाले लेख्न खप्पिस देखिन्छन् । यिनका साँस्कृतिक निबन्धहरूको अध्ययनले यिनी एक सफल सँस्कृतिकर्मीका रूपमा स्थापित छन् । यिनको अथक परिश्रम, निरन्तर साधना र समर्पणकारी भूमिकाद्वारा विष्णु प्रभातले नेपाली साहित्यमा ठूलो योगदान दिएका छन् । अभ्म विशेष गरेर हास्यव्यङग्य निबन्ध र साँस्कृतिक निबन्धका क्षेत्रमा यिनको ठूलो प्राप्ति रहेको देखिन्छ । फुटकर रूपमा समालोचना, कविता, सम्पादन, अनुवादकका रूपमा पनि यिनको योगदान स्मरणीय रहेको छ ।

# सन्दर्भग्रन्थसूची

## १. पुस्तक सूची


अधिकारी, रविलाल, **प्रगतिवादी नेपाली समालोचना**, पोखरा : लेकाली प्रकाशन, २०६५ ।

ढकाल, घनश्याम (सम्पा.), **यथार्थवादी नेपाली समालोचना,** पोखरा : गण्डकी साहित्य सङ्गम, २०६२ ।

प्रभात, विष्णु, **संस्कृतिमा विकल्पवाद,** काठमाडौँः कल्पवृक्ष प्रकाशन, २०५२ ।

----------, **एघारौं अवतार**, (हास्यव्यङ्ग्य समीक्षा संग्रह) काठमाडौं : सिस्नुपानी नेपाल, २०६० ।

----------, **समाज, संस्कति र नैतिकता,** काठमाडौं : कल्पवृक्ष प्रकाशन, २०६७ ।

प्रधान, प्रमोद,**नेपाली निबन्धको इतिहास,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

लुइँटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

----------, **कविताको संरचनात्मक विश्लेषण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

----------,र गौतम, देवीप्रसाद, **नेपाली निबन्ध,** काठमाडौं : नवीन प्रकाशन, २०५७ ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय,** काठमाडौं : रत्न पुस्तक भण्डार, २०५७ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** दो.सं., काठमाडौं : अक्सफोर्ड प्रकाशन, २०६३ ।

-----------, लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि,** काठमाडौं : साझा प्रकाशन, २०५८ ।

सुवेदी, राजेन्द्र, **स्नातकोत्तर नेपाली निबन्ध भाग- ३,** ते.सं., काठमाडौं : साझा प्रकाशन, २०५६ ।

----------, **स्रष्टा-सृष्टिः द्रष्टा- दृष्टि,** ते.सं., काठमाडौँः साझा प्रकाशन, २०५८ ।

----------, **आधुनिक नेपाली निबन्ध र अन्य विधा,** काठमाडौं : साझा प्रकाशन, २०६७ ।

## २. शोधपत्र सूची

अर्याल, सपना, **विष्णु प्रभातका हास्यव्यङ्ग्य निबन्धहरूको अध्ययन**, अप्रकाशित शोधपत्र, स्नातकोत्तर, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०६७ ।

दहाल, योगेन्द्रमणि, **नेपाली हास्यव्यङ्ग्य निबन्ध (२०४६) पछि**, अप्रकाशित शोधपत्र, स्नातकोत्तर, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर, २०६५ ।

निरौला, सुनिता, **विष्णु प्रभातको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित शोधपत्र, स्नातकोत्तर, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौं, २०५८ ।

## ३. पत्रपत्रिका सूची

एटम, नेत्र, **मिर्मिरे** (३६ वर्ष, ११ अङ्क, २७० पूर्णाङ्क, २०६७ ), पृ. ११३–१२६ ।

सुवेदी, देवीप्रसाद, **युगसम्बाद साप्ताहिक** (२७/२०५३), पृ.८ ।

पौडेल, हेमनाथ, **जनसंस्कृति अङ्क-२,** (२०५३), पृ. २३ ।

पौडेल, रामहरि, **छलफल,** (वर्ष १, अङ्क ५०, असोज २०, २०४८), पृ.३ ।